

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com



वर्ष ३२ अंक १२९ काठमाडौं | १२ असार २०८१ बुधबार आषाढ कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११४४ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, June 26, 2024 | पृष्ठ १० | १० रुपैयाँ

# तिलगंगा आँखा अस्पताललाई विश्वविद्यालय बनाउन विधेयक

आँखासम्बन्धी उच्च शिक्षा अध्ययन, अध्यापन, अनुसन्धान, उपचार सामग्री उत्पादन र प्रविधि विकास गर्न विश्वविद्यालय स्थापनाका लागि विधेयक संसद्मा दर्ता

९ थरी लेन्स ४० भन्दा बढी मुलुकमा निर्यात गरिरहेको तिलगंगा आँखा अस्पताललाई विश्वविद्यालय बनाइदिन संस्थापक डा. सन्दुक रुइतले सरकारलाई आग्रह गर्दै आएका थिए



फाइल तस्बिर : कान्तिपुर

**सुदीप कैनी** (काठमाडौं)

आँखाको उपचारमा देशमा मात्रै नभई विश्वमै प्रख्यात तिलगंगा आँखा अस्पताल अब विश्वविद्यालयका रूपमा सञ्चालन हुने भएको छ । बोर्ड अफ ट्रस्टी मोडलमा स्थापना हुने विश्वविद्यालयले नेपालमै आँखाको स्वास्थ्यसम्बन्धी उच्च शिक्षा अध्ययन, अध्यापन, अनुसन्धान गर्ने गरी तिलगंगा नेत्र विश्वविद्यालय विधेयक संसद्मा दर्ता भएको छ ।

सोमबार संसद्मा दर्ता भएको विधेयकअनुसार विशेषज्ञ सेवासहितको उपचारमा पहुँच विस्तार गरी आँखा उपचारसम्बन्धी सामग्री उत्पादन र प्रविधि विकासमा योगदान पुर्‍याउनेछ । डा. सन्दुक रुइतलगायत संलग्न 'नेपाल आँखा कार्यक्रम र अन्धोपन निवारण समाज' को सम्पत्ति तथा भौतिक संरचना उक्त विश्वविद्यालयको हुने प्रस्ताव विधेयकमा छ । यी संस्थाको ३१ जिल्लामा रहेको सम्पत्ति र भौतिक संरचना विश्वविद्यालयको हुने व्यवस्था गरिएको छ ।

विधेयकले काठमाडौंको तिलगंगा अस्पताल र नेपाल आँखा कार्यक्रमबाट सम्बन्धनमा सञ्चालित डिप्लोमादेखि मास्टर तहसम्मको आँखा स्वास्थ्य शिक्षालाई विश्वविद्यालयमा स्तरोन्नति गर्नेछ । **बाँकी पृष्ठ ९**



हामीले ३० वर्षमा आर्जन गरेको सबै ज्ञान, सीप, प्रविधि र जम्मा गरेको स्रोत सरकारलाई सुम्पिन लागेका छौं, यो विश्वविद्यालय सरकारका लागि नमुना बन्ने निश्चित छ

**डा. सन्दुक रुइत**
संस्थापक, तिलगंगा आँखा अस्पताल



अध्ययनसँगै उत्पादन केन्द्र रहने गरी स्थापना हुन लागेको यो विश्वविद्यालय नौलो प्रयोग हो, साँच्चै विदेशी विद्यार्थी समेत आकर्षित गर्न सक्ने विश्वविद्यालय बन्ने मेरो विश्वास छ

**सुमना श्रेष्ठ**
शिक्षामन्त्री

# 'न चुकुल लगाएर कोठामा बस्छु, न त वनवास जान्छु'

पदीय जिम्मेवारीमा रहने कुरालाई क्लोज पनि गरेको छैन, राष्ट्रको आवश्यकतालाई ओपन नै राखेको छु

**कान्तिपुर संवाददाता** (काठमाडौं)

राष्ट्रपति पदमा ७ वर्ष आसीन भएर शीतल निवासबाट फर्केकी विद्यादेवी भण्डारीले सक्रिय राजनीतिबाट अलग हुनै पर्छ भन्ने मान्यता नरहेको बताएकी छन् । कान्तिपुरसँगको विस्तृत अन्तर्वार्तामा उनले भनेकी छन्, 'म न ढोकामा चुकुल लगाएर कोठामा बस्छु, न वनवास जान्छु भनेकी छु ।'

देशको प्रथम नागरिक भइसकेको व्यक्ति राजनीतिक दलमा फर्किनु र पार्टीको सदस्यतासमेत लिनु कति जायज हो भन्ने प्रश्नमा भण्डारीले स्पष्ट सन्देश दिएकी छन्- 'सदस्य हुँदा र नहुँदाको अवस्थामा पक्षधरता हुने र नहुने भन्ने हुँदैन । मलाई चाहिँ हृदयको कुरा गर्नुपर्छ र विवेक प्रयोग गर्नुपर्छ भन्ने लाग्छ । कोही मान्छे सदस्य नभए पनि पक्षधरता बेस्सरी अपनाएका हुन्छन् । कोही मान्छे सदस्य भए पनि विवेक प्रयोग गरिरहेका हुन्छन् । हामी अन्धविश्वासमा बस्नु हुँदैन, त्यसबाट मुक्त हुनुपर्छ,' उनको भनाइ छ ।

पार्टीको सदस्यताका लागि आफूले निवेदन नदिएको र पार्टीले पनि नवीकरणको प्रमाण नदिएको भए पनि त्यो आफैंमा ठूलो विषय नभएको उनको भनाइ छ । 'औपचारिक रूपमा सदस्यता लिने/नलिने भन्ने एउटा कागजी कुरा भयो । म त कम्युनिस्ट पार्टीको सदस्य त उहिल्यै भइसकेको हो । विवाह हुनुभन्दा अघि नै मैले सदस्यता लिएर मदन भण्डारीबाट शपथ खाएको हुँ, संयोगवश उहाँसँग नै मेरो विवाह भयो । त्यसपछि सदस्यता निरन्तर रहँदै आयो र राष्ट्रपति भएपछि त्यो स्थगित भएको हो ।'



मैले आफ्नो विवेकअनुसार राजनीतिक भूमिका पूरा गर्दा कसको निकट भएर काम गर्ने त ?

**विद्यादेवी भण्डारी**
पूर्वराष्ट्रपति

**विस्तृत अन्तर्वार्ता बिहीबार**

पार्टीको सदस्यताले आफ्नो राजनीतिक भूमिका, चेत र सक्रियतालाई सीमित गर्न नसक्ने उनको टिप्पणी छ । 'मैले आफ्नो विवेकअनुसार राजनीतिक भूमिका पूरा गर्दा कसको निकट भएर काम गर्ने त ? कांग्रेसको निकट भएर काम गर्न खोजें भने पनि उहाँहरूले त निमन्त्रणै नगर्नुहोला । मैले राजनीतिक चेतना जहाँ पूरा गरें, जसले मलाई विभिन्न भूमिकामा जिम्मेवारी दियो, त्यही विचारसँग नजिक हुने नै स्वाभाविक होला,' उनको भनाइ छ ।

सांसद, मन्त्री, पार्टीको उपाध्यक्ष र राष्ट्रपति भइसकेको व्यक्तित्व फेरि राजनीतिमा फर्किएर मुलुकमा थप के योगदान गर्न बाँकी छ भन्ने प्रश्नमा पूर्वराष्ट्रपति भण्डारीले जवाफ दिइन्, 'राष्ट्रपति भनेको संवैधानिक हिसाबले सर्वोच्च पद हो । त्यो ठाउँमा बसेर मैले जिम्मेवारी निर्वाह गरिसकेकाले अरू केही पदमा रहेर काम गर्नैपर्छ भन्ने त मेरो दिमागमा छैन । तर गर्नुपर्ने एजेन्डा त बाँकी छन् । अहिले कति कुरा राष्ट्रिय एजेन्डा छन् । कति अन्तर्राष्ट्रिय एजेन्डा छन् । त्यसमा काम गर्नुपर्छ,' उनले भनिन् । **बाँकी पृष्ठ ९**

**कान्तिपुर जनमत**

**नतिजा**

काठमाडौं महानगरका मेयर बालेन्द्र शाहमाथि नगरसभामै भएको आलोचना र विरोधलाई कसरी लिनुभएको छ ?

| | |
|---|---|
| शाहको स्वेच्छाचारिता रोक्ने प्रयास | १६.५१% |
| स्वतन्त्र मेयरमाथि दलीय घेराबन्दी | ६६.९७% |
| नेतृत्वमाथि समर्थन वा आलोचना स्वाभाविक नै हो | १४.९९% |
| केही भन्न चाहन्नँ | १.५३% |

**आजको प्रश्न**

चार दर्जन बढी पालिकाले असार १० भित्र बजेट ल्याउन नसक्नुको मुख्य कारण के होला ?

आफ्नो राय राख्न जानुस् www.ekantipur.com वा Download गर्नुस् Kantipur App

तपाईंको आवाज, भविष्यको आधार

Google play | App Store

**युरो २०२४ बिशेष पृष्ठ १०**

BYD | UEFA EURO 2024 GERMANY
UEFA EURO 2024™ Official Partner

**मोदीको अन्तर्राष्ट्रिय महत्त्वाकांक्षामा राष्ट्रिय लगाम**

पृष्ठ २




# एक गाग्री पानीका लागि ३ घण्टा उकालीओराली

खोलाबाट सोलार लिफ्टमार्फत ७ वर्षअघि निर्माण गरिएको खानेपानी आयोजना गत कात्तिक १७ को भूकम्पले क्षतिग्रस्त भएपछि जोगिनेटाका १ सय ५० घरधुरीलाई खानेपानीको सास्ती

**महेश केसी** (रुकुम पश्चिम)

एक गाग्री पानी ल्याउनका लागि हरेक दिन तीन घण्टा नछुट्याई धरै छैन, चौरजहारी नगरपालिका-११ जोगिनेटाकी सुनिता ओलीलाई । जोगिनेटा खोलाबाट सोलार लिफ्टमार्फत ७ वर्षअघि निर्माण गरिएको खानेपानी आयोजना गत कात्तिक १७ को भूकम्पले क्षतिग्रस्त भएपछि जोगिनेटाका १५० घरधुरीलाई खानेपानीको सास्ती पर्दै आएको छ ।

खानेपानीको संकटले उनीहरूको दैनिकी मात्रै प्रभावित भएको छैन, सरसफाइ र वस्तुभाउको दानापानीका लागि पनि पानीको चरम अभाव छ । सुनिता भन्छिन्, 'धारामा पानी आउन छाडेपछि घण्टौं हिँडेर खोलाबाटै बोकेर पानी ल्याइरहेका छौं ।'

गाउँदेखि झन्डै दुई किमि ओरालो झरेर मुहानबाट पानी लिएर ठाडो उकालो उक्लनुपर्ने बाध्यता छ । पानीका लागि ओरालीउकाली गर्दा बिहानको ३-४ घण्टासम्म खेर जाने गरेको स्थानीय गुनासो गर्छन् । स्थानीयको दुःख यत्तिमै मात्र सीमित छैन । स्थानीय सपना बुढाथोकी सुनाउँछिन्, 'साँघुरो मुहानमा गाउँभरिका मान्छे पानीका लागि एउटै समयमा पुग्दा गाग्री भर्ने पालो पाउनै घण्टौं लाग्छ । एक खेप पानी ल्याउनै ३ घण्टा लाग्छ ।'

पानी ल्याउनकै लागि घण्टौं खर्चिनुपर्ने बाध्यताले स्थानीयलाई घरव्यवहारको काममा समय दिन पनि हम्मेहम्मे पर्न थालेको छ । स्थानीय मेघराम खत्रीले पानी ल्याउनकै लागि एकाबिहानै उठेर मुहानतिर कुद्नुपर्ने बाध्यता परेको सुनाए । **बाँकी पृष्ठ ९**



तस्बिर : महेश केसी/कान्तिपुर

**करिब २ किमि टाढाबाट खानेपानी लिएर फर्किरहेका जोगिनेटाका महिलाहरू ।**

(भिडियो हेर्न स्क्यान गर्नुहोस्)

परिक्रमा

# मोदीको अन्तर्राष्ट्रिय महत्त्वाकांक्षामा राष्ट्रिय लगाम

**प्रधानमन्त्री नरेन्द्र मोदीले भारतलाई 'विश्वगुरु' बनाउने महत्त्वाकांक्षा पहिलो कार्यकालदेखि नै वितरण गरेका थिए, त्यसतर्फ अभ्यास गर्न उनलाई पछिल्लो चुनावी परिणामले कमजोर बनाइदिएको छ**



**राजेश मिश्र** (नयाँदिल्ली)

केही वर्षयता भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अन्तर्राष्ट्रिय मञ्चहरूमा पूर्ण आत्मविश्वासका साथ भारतलाई 'विश्वगुरु' र आफू 'वैश्विक नेता' बन्ने आकांक्षा देखाउँदै आएका छन् । तर उनको तेस्रो कार्यकालमा ती आकांक्षा पूरा गर्न चुनौतीहरू थपिएका छन् । दोस्रो कार्यकालमा मोदी नेतृत्वको सरकारका मन्त्रीहरू, उनको दल भारतीय जनता पार्टी (भाजपा) र समर्थकहरूले भारतलाई 'विश्वगुरु' र मोदीलाई 'वैश्विक नेता' को दर्जा दिन थालिसकेका थिए । भारतले जी-२० को अध्यक्षता पाउनु र त्यसको आयोजना गर्नुलाई त्यहीअनुसार प्रचार पनि गरियो ।

त्यति मात्रै होइन, रुस र युक्रेनबीचको युद्ध केही समयलाई मोदीको आग्रहमा रोकिएको प्रचारसमेत गरियो । चुनावका बेला त्यस विषयको व्यापक विज्ञापनहरू बजाएर मोदीलाई वैश्विक नेताहरूका पनि नेताका रूपमा चित्रित गरिएको थियो । विदेशमन्त्री एस जयशंकरले पश्चिमा देशहरूलाई उनीहरूकै मञ्चबाट रूखो र कडा शब्दमा जवाफ दिएर भारतको आत्मविश्वास बढेको सन्देश दिन सफल भइरहेका थिए । २०१४ को पहिलो कार्यकालमा देशभित्र लोकप्रिय बनेका मोदी २०१९ पछि देशबाहिर पनि लोकप्रिय बनेका र अन्तर्राष्ट्रिय मुद्दाहरूमा भारतको धारणा पर्खन थालिएको विषयलाई जोडतोडका साथ ब्रान्डिङ गरिएको थियो । जसका कारण मोदीमा वैश्विक राजनेता बन्ने लालसा पलाएको थियो । त्यस दिशामा उनका विदेश नीतिहरू पनि केन्द्रित गरिएको थियो । तर, हालैको चुनावपछि आन्तरिक राजनीतिमै कमजोर बन्न पुगेका उनका अगाडि वैश्विक जगत्मा कायम चुनौतीहरू पनि बाधक बन्ने देखिन्छ ।

तेस्रो कार्यकाल सुरु गरेका मोदीको लोकप्रियतामा देशभित्र निकै ह्रास आएको चुनाव परिणामले प्रमाणित गरेको छ । लगातार दुई पटक सुविधाजनक बहुमत ल्याएर प्रधानमन्त्री भएका मोदी यसपटक सहयोगी घटक दलको समर्थनमा प्रधानमन्त्री बनेका छन् । अर्कोतिर, विपक्षी दलको संसद्मा बलियो उपस्थिति छ । आन्तरिक राजनीतिको अंक गणितमा अघिल्ला कार्यकालभन्दा कमजोर बनेकाले वैश्विक मञ्चमा पनि मोदीलाई त्यसको असर खेप्नुपर्ने हुन सक्छ । आफू बलियो प्रधानमन्त्री भएका बेला अन्तर्राष्ट्रिय जगत् तथा छिमेकमा कायम भूराजनीतिक चुनौतीहरूलाई सुल्झाउन नसकेकाले आगामी दिन झन असहज हुन सक्ने विश्लेषकको भनाइ छ ।

चुनावले भारतभित्रको राजनीतिमा केही परिवर्तन आएको छ । मोदी केही कमजोर भएका छन् । तर, भूराजनीतिक परिस्थिति तथा समस्याहरू ज्युँकात्युँ रहेकाले तेस्रो कार्यकालमा त्यसको सामना गर्दै वैश्विक मञ्चमा बलिया नेताका रूपमा उपस्थित कठिन देखिन्छ । सन् २०२० यता चीनसँग बढेको तनाव यथास्थितिमा छ । सैन्य र राजीतिक स्तरमा भएका दर्जनौं वार्ताहरूले सार्थक परिणाम दिन सकेको छैन । अर्कोतिर, भारतको परम्परागत मित्र रुसको निकटता र निर्भरता चीनसँग बढेको छ । अमेरिका तथा युरोपलगायतका पश्चिमा मुलुकहरूले भारतमाथि विभिन्न खालको दबाब बढाउँदै जानु मोदी सरकारका अगाडि चुनौती देखिएको छ । खालिस्तान मुद्दामा क्यनाडासँग पनि भारतको सम्बन्ध बिग्रेको छ ।

त्यस्तै, रुस-युक्रेन वा इजरायल-गाजा युद्धले पार्दै आएको विभिन्न खाले प्रभावको सामना पनि गर्नुपर्नेछ । युद्धले बढाउँदै लगेको महँगी नियन्त्रण गर्न कठिन छ । आतंकवादी चुनौतीको सामना पनि पहिल्यैदेखि आएको विषय छँदै छ । त्यसबाहेक आफ्ना छिमेकी देशहरूलाई सन्तुष्ट राख्न नसक्नु तथा छिमेकमा चीनको प्रभाव बढ्दै जानु पनि अर्को ठूलो चुनौती छ । गतवर्षको अन्त्यमा माल्दिभ्समा सत्ता सम्हालेका मोहम्मद मुइज्जुले भारतलाई कडा शब्दमा हस्तक्षेप नबढाउन चेताए । त्यति मात्रै होइन, माल्दिभ्सले आफ्नो देशमा रहेका ८८ जना भारतीय सैनिकलाई फिर्ता बोलाउन मोदी सरकारलाई बाध्य बनाइदियो । त्यसले छिमेकीहरूले अब भारतको मात्रै सुनेर बस्ने स्थिति नरहेको प्रमाणित गरिदिएको छ । त्यसमाथि, अर्को पाकिस्तानसँग जन्मजात दुश्मनी छँदै छ । त्यसबाहेकका छिमेकीहरू पनि आफ्ना मुद्दामा भारतसँग मुखरित हुन थालेका छन् । नेपालले पनि सिमा विवाद सुल्झाउन र १९५० को सन्धि पुनरावलोकनको विषयलाई लिएर भारतमाथि दबाब बढाउँदै लगेको छ ।

अफगानिस्तान, म्यान्मारको आन्तरिक कलह तथा श्रीलंकाको आर्थिक संकटको स्थितिले पनि समस्याग्रस्त छिमेकलाई लिएर अगाडि बढ्न भारतलाई चुनौती छ । बंगलादेशमा विपक्षीले बहिष्कार गरेको चुनावलाई भारतले समर्थन गरेर शेख हसिनासँगको सम्बन्धलाई राम्रो राख्दै आएको छ । तर, बंगलादेशको लोकतान्त्रिक प्रक्रियालाई लिएर अमेरिका सन्तुष्ट छैन । अमेरिकाको सहयोगबिना सन्तुलनमा राख्न बंगलादेशले चीनसँग पनि सम्बन्ध राखेको छ । चीनको बेल्ट एन्ड रोड कार्यक्रमअन्तर्गत त्यहाँ दर्जनौं परियोजनामा काम भइरहेको छ । बंगालको खाडीको मुहानमा भएकाले चीनका लागि बंगलादेश भू राजनीतिक दृष्टिकोणले अति महत्त्वपूर्ण छ । अर्को महिना चीनको औपचारिक भ्रमण थाल्नुअघि हसिनाले शुक्रबार भारतको राजकीय भ्रमण गरेकी छन् । उनले दुई सातामा दोस्रो पटक भारत भ्रमण गरेकी हुन् । जुन ९ मा प्रधानमन्त्री मोदीको शपथग्रहण समारोहमा आएकी उनी जुन २१ मा दुईदिने यात्रामा भारत आइपुगिन् । मोदीको तेस्रो कार्यकालको शपथग्रहण समारोहपछि उनी पहिलो विदेशी पाहुनाका रूपमा भारत उत्रेकी हुन् ।

अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक तथा चर्चित थिंकटचांक अब्जर्बर रिसर्च फाउन्डेसन (ओआरएफ) का उपाध्यक्ष हर्ष बी पन्त चीनसँग कायम तनावमा सकारात्मक बदलाव नआउनु तथा उसले भारतको छिमेकमा प्रभाव बढाउँदै लैजानुलाई भूराजनीतिक मामिलामा मोदी सरकारका लागि पहिलो र ठूलो चुनौती ठान्छन् । 'चीनसँगको तनावको बदलावमा कुनै संकेत देखिएको छैन । धेरैपटक वार्ताहरू भइसकेका छन्,' कान्तिपुरसँगको कुराकानीमा उनले भने, 'भारतको हरेक छिमेकी देशमा चीनले आफ्नो प्रभाव विस्तार गर्दै लगेको छ । चीनसँग त्यसका लागि धेरै स्रोतसाधन छ । त्यही बराबरीको स्रोत भारतसँग छैन । छिमेकमा चीनकै बराबरीमा सहयोग लिएर आउन भारतका लागि मुस्किल छ ।'

भारतलाई छिमेकमा चीनको भन्दा भिन्न 'पिपल टु पिपल' सम्बन्ध र अलग-अलग देश भए पनि पारिवारिक माहोल, नेता-नेताबीचको व्यक्तिगत सम्बन्धजस्ता विशेष सुविधा भने प्राप्त रहेको पन्तले बताए ।

भारतले लिएको 'पहिला छिमेकी' नीतिलाई बोलेर मात्रै होइन, व्यवहारमै प्रगतिशील तरिकाले कार्यान्वयनमा उतार्न सके त्यसको लाभ भारतले पाउन सक्ने उनको ठम्माइ छ । धेरै वर्षदेखि पूरा हुन नसेका परियोजना तथा विवादित विषयलाई सल्टाएर भारतले आफ्नो पहिलो प्राथमिकतामा छिमेकी रहेको सन्देश दिन सक्नुपर्ने उनको सुझाव छ ।

प्रधानमन्त्रीले आफ्नो क्याबिनेटमा महत्त्वपूर्ण सबै मन्त्रालयको जिम्मेवारी अघिल्लै मन्त्रीलाई दिएका छन् । विदेश मन्त्री एस जयशंकरलाई पनि दोहोरिएका छन् । त्यस्तै, शपथ ग्रहण समारोहमा पाकिस्तानबाहेकका छिमेकी देशका पाहुनालाई बोलाएर छिमेकीलाई महत्त्व दिएको सन्देशसमेत दिन खोजेका छन् । 'मोदीजीको एक डेढ साताको प्रारम्भ हेर्दा उनले प्रस्ट रूपले पुरानै विदेश नीतिलाई बढाउने संकेत दिएका छन्,' प्रा. पन्तले भने, 'केही वर्षयता मोदीजीले छिमेकी देशलाई आफ्नो तर्फ राख्ने कोसिस रहेको देखिन्छ । त्यसलाई यस कार्यकालमा पनि निरन्तरता दिने देखिन्छ । तर, मुख्य कुरा त्यसको व्यावहारिक कार्यान्वयन हो ।'

चीनसँगको तनाव र पाकिस्तानलाई छाडेर हेर्ने हो भने पछिल्लो समय भारतले अन्य छिमेकीहरूसँगको सम्बन्धलाई विशेष प्राथमिकता दिन खोजिरहेको संकेत देखिएको उनले उल्लेख गरे । श्रीलंकाको आर्थिक संकटमा भारतले गरेको सहयोग, अफगानिस्तानसँग कूटनीतिक सम्बन्ध नजोडिए पनि मानवतालाई देखाएर खाद्यान्न तथा औषधिको सहयोगलाई निरन्तरता दिनु, बंगलादेशसँगको द्विपक्षीय सम्बन्ध कसिलो बनाउँदै लग्नु र नेपालसँग ऊर्जा व्यापार वा कनेक्टिभिटीलगायात विषयलाई प्राथमिकता दिएर अगाडि बढ्नुजस्ता पक्षलाई विदेश मामिलाका विज्ञहरूले छिमेकीसँगको सम्बन्धलाई मोदी सरकारले प्राथमिकतामा राखेको दृष्टिकोणबाट बुझ्नुपर्ने बताउँछन् ।

विदश मामिलाका जानकार 'अन्डरस्ट्यान्डिङ द चाइना बोर्डर' पुस्तकका लेखक मनोज जोशी माल्दिभ्सबाट बिनासर्त सेना फिर्ता बोलाउनुलाई पनि भारतको रबैयामा आएको परिवर्तनका रूपमा हेर्नुपर्ने बताउँछन् । हरेक विषयमा आफ्नै कुरा चल्नुपर्ने आफूले भनेकै छिमेकीले मान्न पर्ने पुरोनो सोचमा भारतमा केही परिवर्तन आएको उनको बुझाइ छ । 'माल्दिभ्समा मुइज्जुको सत्तारोहणपछि बिग्रँदै गएको सम्बन्धलाई भारतले शान्तिपूर्ण ढंगले ह्यान्डल गर्नु पनि त्यसको उदाहरण हो,' कान्तिपुरसँग जोशीले भने, 'मुइज्जुको भारतप्रतिको रूखो व्यवहार र सम्बन्धमा खटासका बाबजुद पनि भारतले मित्रवत् व्यवहारकायम राख्नु र मोदीको शपथग्रहण समारोहमा उनलाई बोलाउनुले छिमेकीप्रति नयाँदिल्लीले लिँदै आएको नीतिमा बदलावको रूपमा हेर्न सकिन्छ ।'

नेपालले संविधान जारी गदैगर्दा आफ्नो कुरा नसुनेको भनेर मधेसी दललाई देखाएर कडा प्रतिक्रिया स्वरूप भारत नाकाबन्दीमै उत्रिएको थियो । भूपरिवेष्टित देश नेपालले ६ महिनाभन्दा बढी भारतको नाकाबन्दी सहनुपर्‍यो । त्यसले पनि आफूलाई नोक्सान पुर्‍याएको अनुभवबाट पछिल्लो समयमा भारतले छिमेक मामिलामा बढी सोचविचार पुर्‍याएर काम गर्ने नीति लिएको देखिन थालेको जोशीको बुझाइ छ ।

छिमेकीका मुद्दा र असन्तुष्टि शान्तिपूर्ण ढंगबाटै सुल्झाउने रणनीति नै भारतका लागि सार्थक हुने उनी बताउँछन् । छिमेकीलाई साथमा लिएर मात्रै भारतले वैश्विक हितलाई पूरा गर्न सक्ने र वैश्विक शक्ति बन्न सक्ने उनको सुझाव छ ।

भारतलाई विश्वको तेस्रो आर्थिक शक्ति बनाउने मतदातालाई देखाएको सपना सार्थक पार्न पनि मोदी सरकारले सन्तुलित र विनम्र विदेश नीति अपनाउनुपर्ने विज्ञहरू बताउँछन् । अहिले नै कतिवटा युद्धमा विश्व ध्रुवीकृत छ । अमेरिकामा ट्रम्पले जितेको खण्डमा युद्धहरू अझ थपिन सक्ने आँकलन छ । भारतले लिएको तेस्रो आर्थिक शक्ति राष्ट्र बन्ने लक्ष्यमा युद्धको परिस्थिति बाधक बन्ने ओआरएफका उपाध्यक्ष प्रा. पन्त बताउँछन् । 'विदेश मामिलामा सोचिन्छ एउटा कुरा, हुन पुग्छ अर्कै । रुस-युक्रेन युद्ध वा इजरायल-गाजा युद्धले वैश्विक आर्थिक क्षेत्रलाई नोक्सान पुर्‍याएको छ । भोलि थप के होला भन्न सकिन्न,' उनले भने, 'त्यस्ता धेरै चुनौतीको सामना गर्न भारत तयार रहनुपर्छ । रुस र चीनबीचको बढ्दै गएको घनिष्ठ सम्बन्धले पनि भारतलाई प्रभाव पार्न सक्छ ।'

अमेरिकासँगको सम्बन्धलाई विकसित गर्दै लगेको भारतले पुराना परम्परागत सुरक्षा निर्भरताका कारण रुससँग टाडिएको छैन । तर, युक्रेन युद्ध अझ लम्बिए रूससँगको सम्बन्ध तोड्न भारतमाथि अमेरिकी तथा पश्चिमा दबाब अझै बढ्ने देखिन्छ । त्यस्तै, घनिष्ठ सम्बन्धका कारण भोलिका दिनमा रूसको नीतिमा चिनियाँ प्रभाव बढेमा भारत रुससँगको सम्बन्धबारे पुनर्विचार गर्न सक्ने स्थितिमा पुग्न सक्ने प्रा. पन्तको विश्लेषण छ । 'रुसको निर्भरता कति हदसम्म चीनमाथि बढ्छ र रुसले लिने नीतिमा चिनियाँ प्रभाव कति हदसम्म बढ्छ । त्यसले भूराजनीतिक समीकरणमा प्रभाव पार्नेछ,' उनले भने 'भारत यतिबेला रुस र चीनबीचको सम्बन्धलाई नजिकबाट अब्जर्व गरिरहेको देखिन्छ ।'

छिमेकसँगको सम्बन्धमा सुधार, चीनको प्रभाव र विस्तार न्यूनीकरण, अमेरिकासहित पश्चिमा देशहरूसँगको सम्बन्धमा सन्तुलन तथा रूससँगको परम्परागत मित्रता जोगाइराख्न मोदी आफ्नो तेस्रो कार्यकालमा कति सफल हुन्छन् त्यसले नै उनको वैश्विक मञ्चको यात्रालाई तय गर्दै लानेछ । वैश्विक मञ्चमा विभिन्न चुनौतीको सामना गर्दै भारत अगाडि बढ्दै गर्दा छिमेकीसँगको प्राथमिकतालाई कमजोर आँक्न वा भुल्न नहुने विदेश मामिलाका जानकार जोशी बताउँछन् । पाकिस्तान र चीनबाहेकका छिमेकीसँग कायम विवादित मुद्दालाई प्राथमिकताका साथ सुल्झाएको खण्डमा वैश्विक मञ्चमा भारतलाई लिएर ठूलो सकारात्मक सन्देश जाने उनले बताए ।


मोदीको तेस्रो कार्यकालमा पनि 'पहिला छिमेक' नीति अझ क्रियाशीलताका साथ कार्यान्वयनमा ल्याइने विदेश मन्त्रालयले जनाएको छ । गतसाता नियमित पत्रकार सम्मेलनमा कान्तिपुरको जिज्ञासामा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले 'नेबरहुड फर्स्ट' नीति भारतका लागि धेरै महत्त्वपूर्ण रहेको बताए । उनले प्रधानमन्त्रीको शपथग्रहण समारोहमै त्यो प्रदर्शित भएको बताएका छन् । शपथग्रहण समारोहमा छिमेकी देशका नेताहरूको उपस्थितिले नै भारतले नेपालसहित आफ्ना सबै छिमेकीहरूलाई भारतले कति महत्त्व दिन्छ त्यो देखाएको छ,' उनले भने 'नेपालसँग भारतको विशेष सम्बन्ध छ । र, आगामी दिनमा यो थप मजबुत हुँदै जानेछ ।' विदेशमन्त्रीको पुनः जिम्मेवारी लिएपछि विदेशमन्त्री एस. जयशंकरले पहिलो विदेश यात्रा श्रीलंकाको गर्नु र बंगलादेशका प्रधानमन्त्री पहिलो पाहुना बन्नुले पनि भारतले छिमेकीलाई दिएको महत्त्व दर्सिएको उनले बताए ।





रुसको निर्भरता कति हदसम्म चीनमाथि बढ्छ र रुसले लिने नीतिमा चिनियाँ प्रभाव कति बढ्दै जान्छ । त्यसले भूराजनीतिक समीकरणमा प्रभाव पार्नेछ ।

● **प्राध्यापक हर्ष बी पन्त**
उपाध्यक्ष,
अब्जर्बर रिसर्च फाउन्डेसन



छिमेकीलाई साथमा लिएर मात्रै भारतले आफ्नो वैश्विक हितलाई पूरा गर्न सक्ने र वैश्विक शक्ति बन्न सक्छ ।

● **मनोज जोशी**
विदेश मामिलाका जानकार
तथा लेखक


वर्गीकृत डिस्प्ले

बैंक सोरुम सटरको लागि भाडामा
खुशीबु १७ लिंकरोड २० मिटर बाटोमा फलसिलिङ टायल पार्कीङ सहित भएको उपयुक्त ठाँउ खाली छ ।
फोन : ९८५१०५९७८५ ९८४१३७३४१७

WANTED
Staff wanted at reputed restaurant in Baluwatar.
Cook - 2
( Thakali/Chinese )
(2 to 3 years experience)
Helper - 2
(1 to 2 years experience)
Bartender (Male) - 1
(2 to 3 years experience)
Waiter/Waitress - 3
(1 to 2 years experience & good english)
Contact No.:
01-5342656 / 9861253119

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा

गाडि बिक्रिमा


जग्गा बिक्रिमा
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# नजिर स्थापित गर्दै कोशी सरकारविरुद्धको रिट खारेज

## सरकार गठनसम्बन्धी संविधानको अन्तिम धाराअन्तर्गत बनेको सरकार असफल भए वैकल्पिक सरकार बन्न सक्ने

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

सर्वोच्च अदालतले सरकार गठनसम्बन्धी संविधानको अन्तिम धाराअन्तर्गत बनेको सरकार कुनै कारणले असफल भएमा वैकल्पिक सरकार बन्न सक्ने आदेश दिएको छ । कोशी प्रदेश सरकार गठनविरुद्ध निवर्तमान मुख्यमन्त्री केदार कार्कीले दायर गरेको रिट मंगलबार खारेज गर्दै सर्वोच्चले यस्तो आदेश दिएको हो ।

कार्कीले त्यस्तो धाराअन्तर्गत बनेको सरकार पुनर्गठन हुन नसक्ने र फेरि सोही धाराअन्तर्गत अर्को सरकार बन्न नसक्ने जिकिर गर्दै रिट दायर गरेका थिए । तर, न्यायाधीशहरू कुमार रेग्मी, नहकुल सुवेदी र अजीज मुसलमानको इजलासले सरकार गठनसम्बन्धी संविधानको अन्तिम धारा १६८ (५) बमोजिम बनेको मुख्यमन्त्रीले पनि अरुसरह नै विश्वासको मत लिनुपर्ने र विश्वासको मत प्राप्त नगरेमा वा नलिएमा सोही धाराअन्तर्गत वैकल्पिक सरकार बन्न सक्ने नजिर स्थापित गरेको छ ।

सर्वोच्चका सूचना अधिकारी गोविन्द घिमिरेले केही दिनभित्र आदेशको पूर्णपाठ तयार हुने बताए । 'संविधानको धारा १६८ को ५ बमोजिम गठित सरकारलाई समर्थन गर्ने दल वा व्यक्तिले दिएको समर्थन फिर्ता लिएको अवस्थामा संविधानको धारा १८८ को २ बमोजिम ३० दिनभित्र विश्वासको मत लिनुपर्नेमा तत्कालीन मुख्यमन्त्रीले विश्वासको मत नलिएको र यस्तो अवस्थामा प्रदेश प्रमुखले नयाँ सरकार गठनको आह्वान गरी, नयाँ सरकार गठन भई सो सरकारले विश्वासको मतसमेत लिएको देखिन आएकाले रिट खारेज हुने भनी फैसला भएको छ,' आदेशको सार उल्लेख गर्दै घिमिरेले भने ।

सरकार गठनसम्बन्धी संवैधानिक व्यवस्था संघ र प्रदेशमा एउटै भएकाले कोशी सरकार गठनको विषयमा सर्वोच्चले गरेको आदेशको प्रभाव सबैतिर पर्ने संविधानविद्हरू बताउँछन् । संविधानविद् टीकाराम भट्टराईले सर्वोच्चको यो नजिरले संघ र सातवटै प्रदेश सरकार गठनमा अदालतको व्याख्या आकर्षित हुने बताए । 'संसदीय व्यवस्थामा जहिले पनि मुख्यमन्त्रीले संसद्को बहुमत प्राप्त गरिरहेको प्रमाणित गर्नुपर्छ । संसद्को बहुमत सिद्ध गर्न नसक्ने मुख्यमन्त्रीलाई अन्य कुनै पनि संवैधानिक धाराले सहयोग गर्न सक्दैन भन्ने नजिर सर्वोच्चले स्थापित गरेको छ,' उनले भने ।



> संसद्को बहुमत सिद्ध गर्न नसक्ने मुख्यमन्त्रीलाई अन्य कुनै पनि संवैधानिक धाराले सहयोग गर्न सक्दैन भन्ने नजिर सर्वोच्चले स्थापित गरेको छ
>
> ● **टीकाराम भट्टराई**
> संविधानविद्



> पाँचै वर्षसम्म जसरी पनि सरकार चलाउनुपर्छ भनेपछि विगतमा जस्तै सांसदहरूको खरिदबिक्री गर्ने विकृत बाटोमा राजनीतिक दलहरू प्रवेश गर्न सक्ने खतरा बढेको छ
>
> ● **चन्द्रकान्त ज्ञवाली**
> संविधानविद्

अर्का संविधानविद् चन्द्रकान्त ज्ञवाली भने सर्वोच्चको यो व्याख्याले जसरी पनि सरकार बनाइराख्नुपर्छ भन्ने संसदीय सर्वोच्चताको मान्यतालाई जोड दिएको र यसले सांसद खरिदबिक्रीलाई प्रश्रय दिने खतरा बढेको बताउँछन् । 'हाम्रो संविधानले संवैधानिक सर्वोच्चता भन्छ । तर, आजको सर्वोच्चले संसदीय सर्वोच्चतालाई मान्यता दिएको छ । जस्तो भए पनि, जे भए पनि सरकार जन्माउनुपर्छ, विघटन प्रधान होइन भन्ने नजिर स्थापित गरेको छ,' उनले भने, 'पाँचै वर्षसम्म जसरी भए पनि सरकार चलाउनुपर्छ भनेपछि संसद्मा सरकार निर्माणमा विगतमै जस्तै सांसदहरूको खरिदबिक्री गर्ने विकृत बाटोमा राजनीतिक दलहरू प्रवेश गर्न सक्ने खतरा बढेको छ ।'

गत फागुन २१ मा केन्द्रीय सत्ता गठबन्धनमा फेरबदलसँगै तत्कालीन मुख्यमन्त्री कार्कीले बहुमत गुमाएका थिए । कार्की नेतृत्वको सरकारबाट एमाले र माओवादीले समर्थन फिर्ता लिँदा पनि उनले ३० दिनभित्र विश्वासको मत लिएका थिएनन् । दुवै दलले दर्ता गरेको कार्कीविरुद्धको संकल्प प्रस्ताव प्रदेशसभाले पारित गरेपछि त्यसकै सहारामा प्रदेश प्रमुख परशुराम खापुङले नयाँ मुख्यमन्त्री नियुक्ति गरेका थिए । एमालेका ३९ र माओवादीका १३ गरी ५२ सांसदको समर्थन प्राप्त एमाले संसदीय दलका नेता हिक्मत कार्की वैशाख १७ मा मुख्यमन्त्री भएका थिए ।

निवर्तमान कार्कीको रिटमा सर्वोच्चले पूर्ण सुनुवाइबाट पाँचवटा संवैधानिक प्रश्नमाथि व्याख्या आवश्यक रहेको यसअघिकै उत्प्रेषणको आदेशमा उल्लेख गरेको थियो । सर्वोच्चले 'संविधानको धारा १६८ (५) बमोजिम नियुक्त भएको मुख्यमन्त्रीले समर्थन गर्ने दल तथा सदस्यहरूले समर्थन फिर्ता लिएको जानकारी गराएपछि धारा १८८ (२) बमोजिम विश्वासको मत लिनुपर्ने हो वा होइन, धारा १६८ (५) बमोजिम नियुक्त भएको मुख्यमन्त्रीको पद धारा १६९ (१) (राजीनामा दिएमा, अविश्वासको प्रस्ताव पारित भएमा, प्रदेशसभाको सदस्य नरहेमा र मृत्यु भएमा) को अवस्था भन्दा बाहेक अन्य तरिकाबाट रिक्त हुन सक्छ वा सक्दैन ?' भन्नेमा व्याख्या गर्नुपर्ने जनाएको थियो ।

यस्तै, धारा १८८ (४) मा उल्लेखित स्पष्टीकरणको सुविधा प्राप्त गर्न सक्छ वा सक्दैन ? कोशी प्रदेश प्रमुखको मिति २०८१ वैशाख २६ को विज्ञप्तिको संवैधानिक आधार तथा उक्त विज्ञप्तिभित्र उल्लेखित संकल्प प्रस्तावको संवैधानिक र कानुनी वैधता के कसो हो ? प्रदेश सरकार गठन र विघटनमा प्रदेश प्रमुख तथा प्रदेशसभाको क्षेत्राधिकारको परिधि र सीमा के कसो हो ? भन्नेमा संवैधानिक व्याख्या गर्नुपर्ने सर्वोच्चले औंल्याएको थियो ।

सर्वोच्चले औंल्याएका पाँचवटै प्रश्नलाई रिट खारेज गर्ने एउटै आदेशले सम्बोधन गर्ने संविधानविद् भट्टराई बताउँछन् । मुख्यमन्त्रीले बहुमत गुमाइसकेपछि विश्वासको मत पनि नलिने र राजीनामा पनि नदिएको अवस्थामा स्वतः नयाँ सरकार गठन गर्नका लागि प्रदेश सरकार प्रमुखलाई अधिकार छ भन्ने कुरा सर्वोच्चले स्थापित गरेको भट्टराईले बताए ।

कोशी प्रदेश सरकार गठनको विषयमा सर्वोच्चले गरेको आदेश संघको हकमा भने नजिर नहुने संविधानविद् ज्ञवाली दाबी गर्छन् । 'कोशीमा यस्तो पनि भएको थियो भनेर सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ र संघमा पनि यस्तै राजनीतिक परिस्थिति भएमा सर्वोच्चले संवैधानिक सर्वोच्चतालाई स्वीकार गर्ने गरी नयाँ व्याख्या पनि गर्न सक्छ,' उनले भने, 'प्रदेशमा पनि यो नजिरले नयाँ प्रभाव पार्ने अवस्था सिर्जना गरेको छ ।'

# 'राजदूत सिफारिसमा कमजोरी भए सच्याइन्छ'

काठमाडौं (कास)- प्रधानमन्त्री पुष्पकमल दाहालले राजदूत सिफारिसमा कमजोरी भए सच्याइने बताएका छन् । मंगलबार प्रतिनिधिसभा बैठकमा आगामी आर्थिक वर्षको बजेटसम्बन्धी प्रश्नको जवाफ दिने क्रममा उनले कमीकमजोरी रहेको भए राजदूत नियुक्ति सिफारिस सच्याइने बताएका हुन् ।

'राजदूत नियुक्तिको सन्दर्भमा कुनै पार्टी विशेषको कुरा नभईकन पार्टीले प्रस्तुत गर्दा मेरिटका आधारमा योग्य मान्छे प्रस्तुत गर्नुपर्‍यो । ताकि त्यसले देशको प्रतिष्ठाका लागि र अन्य काममा पनि राम्रो योगदान गर्न सकोस् भनिएको थियो,' दाहालले भने, 'मैले त्यतिखेर कांग्रेस सभापतिलाई भनेको थिएँ, तपाईंले योग्य मान्छे दिनुभयो । मैले पनि योग्य मान्छे दिनुपर्‍यो, मेरिटका आधारमा दिनुपर्‍यो भनेको हुँ ।'

अहिले पनि मेरिटकै आधारमा राजदूत नियुक्ति होस् भन्ने आफूले चाहेको उनले बताए । 'कतिको म्यानपावर छ भन्ने जो प्रश्न उठेको छ, यस प्रश्नका सन्दर्भमा म सम्बन्धितहरूसँग छलफल गरेर यदि त्यहाँ केही कमी रहेछ भने सच्याइन्छ । यो विश्वास दिलाउन चाहन्छु,' उनले भने । प्रधानमन्त्री दाहालले विगतमा



> राजदूत नियुक्तिको सन्दर्भमा कुनै पार्टी विशेषको कुरा नभईकन मेरिटका आधारमा योग्य मान्छे प्रस्तुत गर्नुपर्‍यो

राजनीतिक समीकरण परिवर्तन भएपछि साता दिनभित्रै राजदूतलाई फिर्ता बोलाउने प्रचलन भए पनि आफूले राजदूतहरूलाई तीन महिना काम गर्न दिएको बताए ।

सरकारले गत शुक्रबार ८ देशका लागि राजदूत सिफारिस गरेको थियो । राजदूत सिफारिस गरिएका ८ मध्ये एमालेबाट ५, जसपाका दुई र माओवादीका एक जना छन् ।

सरकारले भारतका लागि पूर्वमुख्यसचिव लोकदर्शन रेग्मी, अमेरिकाका लागि पूर्वसचिव चन्द्र घिमिरे, दक्षिण कोरियाका लागि मानवअधिकारवादी सुशील प्याकुरेल, डेनमार्कका लागि सुम्निमा तुलाधर, मलेसियाका लागि नेत्रप्रसाद तिमिल्सिना, बेलायतका लागि बिजन पन्त, साउदी अरबका लागि अबुसुफ्यान खान मुसलमान र स्पेनका लागि पुष्पराज राजकर्णिकारलाई राजदूतमा सिफारिस गरेको थियो । दक्षिण कोरियाका लागि सिफारिस भएका प्याकुरेलले भने राजदूत पद अस्वीकार गरेका छन् ।

मुसलमान र राजकर्णिकार जसपाबाट तथा पन्त माओवादीबाट सिफारिस भएका हुन् । अन्य ५ जना एमालेको कोटाबाट राजदूतमा सिफारिस भएका छन् । हाल ११ मुलुकमा राजदूत खाली भएकोमा अझै इजरायल, कतार र पोर्चुलमा राजदूत सिफारिस गर्न बाँकी छ । दक्षिण कोरियामा पनि नयाँ सिफारिस गर्नुपर्ने भएको छ । राजनीतिक भागबण्डाअनुसार दुई राजदूतको कोटामा रास्वपाले सरकारलाई नाम दिन बाँकी छ ।

# 'परराष्ट्रमन्त्री स्तरीय नयाँ संयुक्त आयोग आवश्यक'


काठमाडौं (कास)- नेपाल र चीनले दुई मुलुकबीच परराष्ट्र मन्त्रीस्तरीय नयाँ संयुक्त आयोग आवश्यक रहेकामा जोड दिएका छन् । काठमाडौंमा मंगलबार सम्पन्न परराष्ट्र सचिवस्तरीय नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको १६ औं बैठकमा परराष्ट्रमन्त्री तहकै नयाँ संयन्त्र आवश्यक रहेको दुवै पक्षले औंल्याएका हुन् ।

'दुवै पक्षले विद्यमान द्विपक्षीय संयन्त्रलाई थप सक्रिय बनाउन र परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगलगायत नयाँ संयन्त्र स्थापना गर्नुपर्नेमा जोड दिएका छन्,' बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ । नेपाल र भारतबीच परराष्ट्रमन्त्री तहमै संयुक्त आयोग भए पनि चीनसँग भने हालसम्म सचिव तहमै सीमित छ ।

बैठकमा नेपालका तर्फबाट परराष्ट्र सचिव सेवा लम्सालले प्रतिनिधिमण्डलको नेतृत्व गरेकी थिइन् । मन्त्रालयका सहसचिव तथा पूर्वी एसिया महाशाखाका प्रमुख कृष्णप्रसाद ढकालसहित अन्य वरिष्ठ अधिकारी पनि सहभागी थिए । चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व उपविदेशमन्त्री सुन वेइतोङले गरेका थिए । बैठकमा नेपालका लागि चिनियाँ राजदूत छन सोङ पनि सहभागी थिए ।

बैठकमा द्विपक्षीय सम्बन्धको समग्र पक्षको समीक्षा गर्नुका साथै विगतका सम्झौता र समझदारीपत्रको कार्यान्वयनमा भएको प्रगति र विगतका निर्णयहरूको मूल्यांकन गरिएको परराष्ट्र मन्त्रालयले जनाएको छ । 'आपसी सहमति भएका क्षेत्रमा थप सहयोग प्रवर्द्धन गर्नुका साथै पारस्परिक लाभका लागि आर्थिक अवसरको प्राप्तिमा काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ,' विज्ञप्तिमा भनिएको छ ।

दुवै पक्षले सन् २०२५ मा नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वार्षिकोत्सव विशेष कार्यक्रम र गतिविधिका साथ मनाउने निर्णय पनि गरेका छन् । उपमन्त्री सुनले बुधबार राष्ट्रपति रामचन्द्र पौडेल र उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग शिष्टाचार भेट गर्नेछन् ।






सम्पादकीय

# पालिकाको प्राथमिकता अब बजेट कार्यान्वयन

संघ र प्रदेश सरकारले अनुदान एवं राजस्व बाँडफाँट रकममा कटौती गरेका कारण यसपालि धेरै स्थानीय तहले आकार घटाएर आगामी आर्थिक वर्षको बजेट ल्याएका छन् । महानगरपालिकातर्फ भने वीरगन्जबाहेक सबैले चालु आर्थिक वर्षको भन्दा ठूलो बजेट सार्वजनिक गरेका छन् । पालिकाहरूले पूर्वाधार विकास, रोजगारी सिर्जनासँगै कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रलाई बजेटमा प्राथमिकता दिएका छन् । उनीहरूले अधिकांश पुरानै कार्यक्रमलाई निरन्तरता दिँदै बजेट विनियोजन गरेका छन् भने केही नयाँ कार्यक्रम पनि ल्याइएका छन् । खर्च पद्धतिमा व्यापक सुधार नल्याएसम्म पालिकाहरूलाई बजेटको लक्ष्य हासिल गर्न भने चुनौतीपूर्ण नै छ ।

स्थानीय सरकार सञ्चालन ऐन र अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐनले स्थानीय सरकारका लागि असार १० भित्रै बजेट ल्याउनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । त्यहीअनुसार अधिकांश स्थानीय तहले असार १० मै बजेट ल्याएका छन् । कुनै-कुनै पालिकाले अघिल्लो दिन र भोलिपल्ट पनि बजेट सार्वजनिक गरेका छन् । केही पालिकाले त आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम नै ल्याउन बाँकी छ । बजेट असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा छ । बजेट ल्याउन नसक्ने पालिका मधेश प्रदेशमा मात्र २२ वटा छन् । तीमध्ये अधिकांशमा प्रमुख र उपप्रमुखबीचको विवादले समयमै बजेट आउन नसकेको हो । यस्तो समस्या विगतबाटै देखिँदै आएको छ । जनसरोकारका विषय सम्बोधन गर्दै पालिकाको समृद्धिमा लाग्ने प्रतिबद्धताका साथ निर्वाचित भएका पदाधिकारीहरूले यसरी आपसी मनमुटावमा अल्झिएर बजेट नै प्रभावित पार्नु लज्जास्पद छ । पालिकाले बजेट बेलैमा नल्याउँदा कार्यसम्पादन मूल्यांकनमा असर पर्ने र अनुदान कटौती हुने अवस्था आउँछ । त्यसैले बाँकी पालिकाले अविलम्ब बजेट ल्याउनुपर्छ ।

बजेटका लागि पालिकाहरूको आम्दानीको मुख्य स्रोत संघ र प्रदेश सरकारबाट आउने विभिन्न अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त रकम हो । काठमाडौं महानगरपालिका भने आन्तरिक स्रोतमा बलियो छ । आगामी आर्थिक वर्षका लागि २५ अर्ब ७० करोड ६३ लाख २५ हजार रुपैयाँको बजेट ल्याएको काठमाडौं महानगरले आन्तरिक स्रोतबाटै १९ अर्ब १५ करोड ६६ लाख व्यवस्थापन गर्ने लक्ष्य राखेको छ । सात अर्ब ४६ करोड ८३ लाख ९२ हजार रुपैयाँको बजेट ल्याएको ललितपुर महानगरले आन्तरिक स्रोतबाट तीन अर्ब ५५ करोड ९६ लाख रुपैयाँ जुट्ने अनुमान गरेको छ । अरू धेरै पालिका आन्तरिक स्रोतमा कमजोर छन् । स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) मा छ । यो व्यवस्था धेरै पालिकाले पालना गर्न सकेको देखिँदैन । अनुदान र राजस्व बाँडफाँटमा कटौती हुनासाथ पालिकाको बजेटमै असर पर्ने भएकाले आन्तरिक स्रोत मजबुत बनाउँदै वित्तीय निर्भरता घटाउनेतर्फ ध्यान दिन जरुरी छ । त्यसका लागि उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि, करको दायरा बढाउने जस्ता उपाय पालिकाहरूले अपनाउन सक्छन् ।

आर्थिक वर्ष सुरु हुनुअघि नै बजेट ल्याएर पारित पनि गरिसक्ने संवैधानिक र कानुनी व्यवस्था गर्नुको मुख्य उद्देश्य बेलैमा कार्यान्वयनमा जाओस् र लक्ष्य हासिल हुन सकोस् भन्ने हो । तर अधिकांश पालिकाको बजेट खर्च सन्तोषजनक देखिँदैन । महालेखा परीक्षकको हालसालै प्रकाशित ६१ औं प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहले चालुतर्फ ५१.८३ प्रतिशत र पुँजीगत (विकास) तर्फ २९.५५ प्रतिशत मात्र खर्च गरेका थिए । कार्यान्वयन प्रक्रिया नै ढिलो सुरु हुने र आर्थिक वर्ष सकिने बेला हतारिएर खर्च गर्ने संघ सरकारको प्रवृत्ति प्रदेश सरकारमा जस्तै स्थानीय सरकारमा पनि सरेको छ । त्यसैले पालिकाहरूले बजेट खर्च पद्धतिमा व्यापक सुधार गर्न जरुरी छ । बजेट निर्माणमै त्रुटि भइरहेको हो भने समीक्षा गरेर सुधार ल्याउनुपर्छ, अति महत्त्वाकांक्षा राखेर नभई यथार्थमा आधारित बजेट ल्याउने गर्नुपर्छ । पालिकाहरूले वित्तीय सुशासनमा पनि ध्यान दिन जरुरी देखिन्छ । स्थानीय तहको संरचना खडा भएको छोटो समयमै अर्थात् आर्थिक वर्ष २०७९/८० सम्ममै पालिकाहरूको कुल बेरुजु दुई खर्ब हाराहारी पुगिसकेको महालेखा परीक्षक कार्यालयको तथ्यांक छ । पालिकाहरूले कानुनबमोजिम रीत पुऱ्याएर मात्र खर्च गर्न र पुरानो बेरुजु फछ्र्योट गर्न पनि ध्यान दिनुपर्छ । कतिपय पालिकामा नियमित आन्तरिक लेखा परीक्षणसमेत नगर्ने बेथिति देखिएको छ । पालिकाहरूले यस्तो हेलचेक्र्याइँ दोहोऱ्याउनु हुँदैन ।

पालिकाहरूको बजेट कार्यान्वयनमा संघ र प्रदेश सरकारको सहयोग पनि उत्तिकै महत्त्वपूर्ण छ । उनीहरूले अनुदान र राजस्व बाँडफाँटको रकम बेलैमा पालिकाहरूलाई निकासा गरिदिनुपर्छ । पालिकामा प्रशासनिक संयन्त्रको नेतृत्व गर्ने प्रमुख प्रशासकीय अधिकृत संघ सरकारले खटाउने गरेको छ । अहिले पनि करिब दुई सय पालिका प्रमुख प्रशासकीय अधिकृत नभएर निमित्तका भरमा छन् । संघले प्रमुख प्रशासकीय अधिकृतलाई जुनसुकै बेला सरुवा गरिदिँदा बजेट कार्यान्वयनमा असर पर्ने अर्को समस्या छ । पालिकाको कार्यसम्पादनमा असर पार्ने यस्तो खालको गतिविधि संघ सरकारले बन्द गर्नुपर्छ ।

# राजनीतिकर्मीहरूको निरुपाय मनोदशा



शब्द साक्षी

सीके लाल



सन् १९६० को दशकतिर प्रकाशित इन्द्रबहादुर राईको 'आज रमिता छ' उपन्यासले दार्जिलिङका गोर्खालीको परिस्थिति र मनस्थितिलाई चित्रित गरेको छ । साहित्यले कुनै स्थान एवं कालखण्ड विशेषको सभ्यता, संस्कृति, अस्मिता तथा आकांक्षालाई बुझ्न मद्दत गर्छ । स्थापित सामाजिक मूल्य एवं मान्यतालाई रूपान्तरित गर्न सघाउने कृतिको पनि आ-आफ्नै परिवेश हुन्छ । कालजयी कृतिहरूको सान्दर्भिकतालाई भने स्थानिकता वा कालखण्डमा सीमित गर्न सकिँदैन । मानवीय भोक, तिर्खा र वासनालाई स्थान वा समयभित्र बाँधेर बुझ्न सम्भव छैन । शक्तिको जथाभाबी प्रयोगले दर्शाउने दम्भ, अत्याचार एवं अन्याय, त्यसले जन्माउने अतृप्ति, असन्तोष एवं आक्रोश पनि विश्वव्यापी र सर्वकालिक मानवीय प्रवृत्ति हुन् । त्यसैले भनिएको होला– कुनै कुराबारे सत्यतथ्य 'थाहा' पाउन सम्बन्धित विषयको ज्ञानगुणका पुस्तक पढे पुग्छ । तर मानवीय प्रवृत्तिको 'थाहा' भेट्टाउन भने कला र साहित्यको शरणमा नपुगी सुखै छैन । राईको 'आज' अभिव्यक्ति शब्दकोशले अर्थ्याउने वर्तमान समय मात्र होइन । अहिलेको भूगोल सँगसँगै त्यसको इतिहास पनि जोडिएर आउँछ । कालक्रममा हिजोका लागि आज भोलि थियो । भोलिका लागि आज फेरि हिजो ठहरिने निश्चित छ । काल मापनको चक्रीय मान्यतामा भने भूतकाल पुनः भविष्य भएर दोहोरिन्छ । उपन्यासकार राईको छनोटमा परेको 'रमिता' शब्दले शेक्सपियरको 'अल द वर्ल्ड इज ए स्टेज' कविताको मर्मलाई समात्ने प्रयत्न गरेको छ ।

भ्रष्टाचारको व्यापकताबारे एकछिन बहस नगरी हिजोआज सामाजिक भेटघाट टुंगिँदैन । जन्मिँदै 'उच्च' र 'नीच' ठहऱ्याइने जातपात कायम रहेको समाजमा भ्रष्ट आचरणको परिधि ठम्याउन कठिन छ । राजा पृथ्वीनारायणले 'घुष लिन्या र दिन्या' कर्मलाई अपराध ठहऱ्याएको सत्य हो, तर उनले नै आफ्नो दिव्य उपदेशमार्फत भारदारी व्यवस्था तथा आफन्तवादलाई संस्थागत गर्न चाहेका छन् । 'पाँडे, बस्न्यात, पंथ भैयाद' लाई आलोपालो गरी खान दिने निर्देश दिएर गएका छन् । सन् १८४६ को कोतपर्वपछि भैयादको सूची फेरिए पनि अल्पतान्त्रिक व्यवस्थामा आधारभूत परिवर्तन अद्यापि भएको छैन । हिजो जन्मिँदै जर्नेली पाउने राणा शासकको सेवा गरेर सम्पन्नता हासिल गरेका शाखासन्तान आज आएर कुनै पश्चाताप वा पापमोचनबिनै सक्षमतन्त्रको पैरवी गर्ने भएका छन् । एकलजातीय संरचनाका वंशज लाभग्राहीहरू आज आएर समावेशिताको विरोध गरिरहँदा पाखण्डी देखिनु स्वाभाविक हो । स्थान, परिस्थिति र समयअनुसार अपेक्षित कार्य निष्पादन नगरी नै मुख्यसचिव वैकुण्ठ अर्याल निजामती सेवाको सर्वोच्च पदमा पक्कै पुगेका थिएनन् होला । निलम्बनमा परेपछि भने उनको विगत खोतल्न थालिएको छ । यथार्थ के हो भने दोहनकारी संस्थाहरू (इक्स्ट्रेक्टिभ इन्स्टिट्युसन्स) कायम रहेको राज्य व्यवस्थामा भ्रष्टाचार सामान्य नियम हो भने कर्तव्यनिष्ठ एवं इमानदारी फगत अपवाद हो । त्यो कुरा नेपालमा हिजो पनि थियो, आज पनि छ र भोलि पनि नरहने कुनै संकेत अद्यापि देखा परेको छैन ।

राज्य असफलताका अर्थराजनीतिक कारणहरू केलाएका प्राध्यापक डारोन एसेमोग्लुका अनुसार सत्तालाई सानो समूहको नियन्त्रणमा केन्द्रित गरेका अल्पतन्त्रहरूमा नवप्रवर्तन एवं निवेश हतोत्साहित भएर आर्थिक विकास अवरुद्ध हुन्छ । राज्य नै सबै आर्थिक गतिविधिको स्रोत, विवादको मध्यस्थकर्ता, समाधानको निर्णायक एवं कार्यान्वयनको निष्पादक भएपछि कुनै पनि नियन्त्रण र सन्तुलनको व्यवस्थाले काम गर्दैन । अल्पतन्त्रलाई नियन्त्रण गर्ने समूह जति धेरै सानो र समरूप (होमजिनिअस) भयो, मिलेमतोमार्फत भागबन्डातन्त्र संस्थागत हुने जोखिम त्यति नै बढी हुन्छ । नृजातीय बहुसंख्यकवाद कायम रहेका देशमा वर्चस्वशाली समुदायले राज्यको स्रोत दोहन गर्ने कर्मलाई भ्रष्टाचार नभएर लाभको अवसरका रूपमा व्याख्या गर्ने गर्छ ।

भ्रष्टाचार व्यापकताको कर्मकाण्डी विरोध जस्तै राजनीतिक रूपले नियुक्त गरिएका राजदूतको अपर्झट खोसुवा एवं तिनका ठाउँमा सरकारमा सामेल रहेका दलबीच भागबन्डाका आधारमा गरिएको नियुक्ति प्रक्रिया एवं पात्रतासम्बन्धी प्रश्न पनि चिनी घुलाउन चमच हल्लाउँदा चियाको कपमा उत्पन्न हुने हुन्डरी जस्तो मात्रै हो । पहिलेकाहरू जे जस्ता थिए, त्यसभन्दा नवमनोनीत व्यक्तिहरू कुन अर्थमा असल वा खराब छन् भन्ने कुरा तर्कसंगत ढंगले व्याख्या गर्न कठिन छ । लुगा फेरे जस्तो राजनीतिक गठजोड बनाउने र तोड्ने खेलका उत्पाद कार्यकारी प्रमुख रहेको देशको कूटनीतिक छविका बारेमा पनि उत्तिसाह्रो चिन्तित हुन जरुरी छैन । वैदेशिक नियोगमा कार्यरत नेपालका कूटनीतिक प्रतिनिधिहरूको भूमिका उसै पनि त्यहाँ पुग्ने स्वदेशी शक्तिशाली व्यक्तिहरूको स्वागत, सत्कार एवं आतिथ्यमा सीमित हुन्छ । उपयुक्त जुत्ता लगाएर मात्रै औपचारिक कार्यक्रममा उपस्थित हुने पूर्वजानकारी परराष्ट्र मन्त्रालयले दिएकै हुन्छ । स्वाभाविक हो, केही चल्तापुर्जा व्यवसायी आफ्नो बायोडाटा चम्काउन राजदूत पदका लागि लालायित हुन्छन् । सबै कुरामा आर्थिक लेनदेन नै हुन्छ भन्ने छैन, तर विगतको बफादारीको पुरस्कार वा भविष्यमा पाउने सहयोगको अपेक्षा पनि चलखेल नै हो । भागबन्डाको पद बाँडफाँटमा मन्त्री परिषद्को निर्णयको लाहाछाप लगाउने जिम्मेवारी निर्वाह गरेका पत्रपर्ण प्रधानमन्त्री पुष्पकमल दाहालले विभिन्न देशका लागि सिफारिस गरेका राजदूतको नियुक्ति सच्याइने बताएका छन् । उनले प्रयोग गरेको 'सच्याइने' शब्दलाई हेराफेरीको अर्थमा बुझ्न सायद बढी उपयुक्त हुनेछ किनभने लाम लागेर उभिएका पदाकांक्षीबीच तात्त्विक भिन्नता रहेको कुरा पत्याउन कठिन छ ।

राज्य व्यवस्थाका सबै महत्त्वपूर्ण गतिविधिहरूको निर्क्योल सार्वजनिक छलफलपश्चात् विधायिकाले निर्णय लिएपछि मात्र कार्यान्वयनमा लगिने संसदीय परम्परालाई रद्दीको टोकरीमा मिल्काएर शीर्ष भनिएका राजनीतिकर्मीबीच कोठे बैठकमा तयार गरिएको १६ बुँदे षड्यन्त्रलाई सन् २०१५ मा तत्कालीन व्यवस्थापिकाले तीव्रपथद्वारा संविधानको हैसियत प्रदान गरिएको थियो । त्यस दस्ताबेजको जन्म नै वर्चस्वशालीबीच कायम भएको भागबन्डाबाट भएकाले विद्यमान संविधानलाई अक्षरशः स्वीकार गर्नेहरूले मिलेमतोको राजनीतिक संस्कृतिलाई सराप्न मिल्दैन । संसदीय व्यवस्थाको विरोधको जगमा नै आफ्नो राजनीतिक आजीविकाको महल खडा गरेका प्रधानमन्त्री दाहाललाई आजभोलि 'सदनको परम्परा, प्रचलन र गरिमा' सम्बन्धी चिन्ताले पिरोल्न थालेको छ । उनको बोल्ने दिन सदनमा रहेको न्यून उपस्थितिले उनी रुष्ट भएका थिए । तर उनको बोलीको कुनै वजन नै नहुने देखिएपछि स्वाभाविक हो लाभापेक्षीहरू सत्ताको लगाम अप्रत्यक्ष तवरले आफ्ना हातमा राख्ने राजनीतिकर्मीको निवासमा लाम लाग्न जान्छन् । सदनमा वर्चस्वशाली समुदायका व्यक्तिहरू दलीय भिन्नता बिर्सेर हाँसोठट्टा गर्छन् । दमित र बहिष्कृत समूहका प्रतिनिधिहरू भन्ने भागबन्डाका कोठेबैठकहरूमा प्रत्यक्ष प्रवेश नपाउने हुँदा कहिलेकाहीं ढोकामा कुरेर बक्सिस थाप्छन् भने यदाकदा आफ्ना गुनासा सदनबाट समाजलाई सुनाउन पनि पछि पर्दैनन् । यस पटक जुन १८, २०२४ का दिन प्रतिनिधिसभामा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले व्यक्त गरेको संयमित आक्रोशलाई मधेशी राजनीतिकर्मीहरूमा व्याप्त असहाय मनोदशाको अभिव्यक्तिका रूपमा पनि बुझ्न सकिन्छ । भ्रष्टाचार, आफन्तवाद एवं असंसदीय संस्कारको कोकोहलोमा भने उनको चित्कार मनसुनको मेघ गर्जनकाबीच चराहरूको आतंकित चिरबिर जसरी नै बिलाएर गएको देखिँदै छ ।

## अधीनस्थको निरीहता

लोसपा अध्यक्ष ठाकुरका प्रश्नहरूमा अन्तर्निहित व्यथा तथ्यपरक छैनन् भन्ने कुरा कसैले भन्न सक्दैनन् । सन् १९५० को दशकमा नेपाली कांग्रेसको मुक्ति सेनाका सहभागीहरूले सत्ता परिवर्तनपछि राजनीतिक पुरस्कार थाप्न पाएका थिए । माओवादीहरूको सशस्त्र अभियान केही महत्त्वाकांक्षी राजनीतिक उद्यमीहरूको नेतृत्वमा संसदीय व्यवस्थाको अन्तका लागि सञ्चालन गरिएको थियो । सेना समायोजनबाहिर रहेका तिनका लडाकु सत्य निरूपण तथा मेलमिलाप प्रक्रियाको यथार्थपरक निरूपणका लागि प्रतीक्षारत छन् । मधेश विद्रोहका अभियन्तालाई भने सामान्य अपराधी ठहऱ्याएर सजाय सुनाइएको छ । अध्यक्ष ठाकुरको निष्कर्षलाई भने सन् १९५० देखि मधेशका विभिन्न राजनीतिकर्मीले तेर्स्याउँदै गरेका तर्कहरूको पुनरावृत्तिका रूपमा अर्थ्याउन सकिन्छ– 'मधेश त अहिले पनि नेपाल राज्यको आन्तरिक उपनिवेश हो, उपनिवेशको आफ्नो बोली हुँदैन, भाषा हुँदैन, व्यक्तित्व हुँदैन, मास्टरको जो बोली हुन्छ, त्यही त्यहाँको जनताको बोली हुन्छ, उपनिवेशको बोली सुनिँदैन, हामी जता गए पनि जे भने पनि हाम्रो बोलीको महत्त्व हुँदैन ।' उत्तर दिइसकेपछि भने उनी प्रश्न गर्छन्– 'यहाँ पुराना पार्टीहरू जम्मै हतियार उठाएर नै आएका छन् । माओवादी जनयुद्ध गरेर नै आएको छ, तर बताउन सक्नुहुन्छ ? उनीहरू कसैको माथि मुद्दा छ ? अनि त मधेशीहरू माथि नै किन ?' उनले तुलसीकृत रामायणले इंगित गर्ने प्रश्नातीत शक्तिको महत्तालाई बिर्से जस्तो छ– 'समरथ कहुँ नहिं दोषु गोसाई । रबि पावक सुरसरि की नाई' । सूर्य, अग्नि एवं गंगा नदी समर्थ भएकाले दोषभागी हुन्नन् । शक्तिको ताप, राप र वेग समावेश सत्तालाई अधीनस्थ समुदायले जवाफदेही तुल्याउन सक्छ भन्ने भ्रम ठाकुरमा अद्यापि कायम रहनुलाई प्रजातान्त्रिक व्यवस्थाको करिष्मा नै मान्नुपर्छ ।

> वर्चस्वशाली समुदायका राजनीतिकर्मी त जे जस्ता छन् छँदै छन्, साहित्य एवं कलाकर्मीहरूले समेत समावेशी समाजका लागि अग्रसरता लिन सकेनन् भने देश यथास्थितिको नेलबाट मुक्त हुन सक्ने छैन ।

आन्तरिक भए पनि औपनिवेशिक सत्ता जस्तै अधीनस्थ समुदायको दासता पनि सहजै मेटिने प्रवृत्ति होइन । सन् १९५० र १९६० दशकतिर मधेशी अधिकारका अभियन्ता रघुनाथ ठाकुर र वेदानन्द झा हुँदै सन् १९८० को दशकमा दिनदहाडै अपहरण शैलीमा आफ्नै निवासबाट गिरफ्तार गरी बेपत्ता पारिएका लक्ष्मीनारायण झा एवं नेपाली कांग्रेसको समरूपताको संस्कृतिबाट मोहभंग भएपछि संघीयताको प्रवर्तक बन्न पुगेका गजेन्द्रनारायण सिंहसम्ममा राजनीति नै सबै रोगको रामवाण ओखती हो भन्ने मान्यता व्याप्त थियो । सामाजिक चेतनाबेगर मानसिक गुलामी हट्दैन र औपनिवेशिक सत्ताको स्वीकार्यता कायम रहेसम्म राजनीतिक रूपान्तरण सम्भव छैन भने गान्धीवादी मान्यतालाई प्रसारित गर्ने शक्ति सन् १९९० को दशकमा पनि उदाउन सकेको थिएन । समान मार्क्सवादी-लेनिनवादी पृष्ठभूमिले गर्दा जयकृष्ण गोइत एवं उपेन्द्र यादवको राजनीतिक प्रक्षेपपथमा समानता छ– दुवैमध्ये कोही पनि मधेशवादी राजनीतिको सम्भाव्य प्रयोगलाई स्वीकार गर्न तयार छैनन् । गोइत स्वतन्त्र तराईको मुद्दालाई आफूसँगै निर्वाणमा लैजान कटिबद्ध छन् । उपेन्द्रको अन्तिम लक्ष्य सत्तामा पर्याप्त भागीदारीमा सीमित हुँदै गएको देखिँदै छ । प्रकारान्तरले दुवैखाले राजनीतिले वर्चस्वशाली समुदायको नृजातीय राष्ट्रवादलाई बलियो बनाउँछ ।

प्रजातान्त्रिक राजनीतिको पृष्ठभूमिबाट आएका जयप्रकाश प्रसाद गुप्ता, विजयकुमार गच्छदार हुँदै महन्थ ठाकुरको व्यक्तित्वसमेत मधेश विद्रोहमा होमिएपछि औपनिवेशिक दासता अन्त भएर नेपालमा सम्मानजनक नागरिक राष्ट्रियताको मान्यता स्वीकार्य हुने आस पलाएको थियो । वर्चस्ववादीहरूको गणतन्त्रमा स्थायी अल्पसंख्यकको हविगत भने अधिनायकवादी व्यवस्थाभन्दा खासै फरक नहुने रहेछ भन्ने कुरा श्रीलंकामा तमिलहरूको अवस्थाले देखाइसकेको छ– युद्ध गरे मारिने र शान्ति खोजे हेपिने तिनको नियति नै हो । त्यसैले होला, अधीनस्थ समुदायका महत्त्वाकांक्षी व्यक्तिहरू सकभर वर्चस्वशाली नृजातीयताको मानार्थ सदस्य बन्न इच्छुक रहन्छन् । सामान्यजन भने क्रमिक रूपान्तरणको साटो चामत्कारिक उलटफेर ल्याउन सक्ने अवतारको खोजीमा लाग्छन् । केही वर्ष अगाडिसम्म मधेशतिर युवाहरू 'खै हाम्रो गान्धी, खै हाम्रो मण्डेला' भन्ने प्रश्न गर्थे । गान्धी, अम्बेडकर वा मण्डेलाजस्ता व्यक्तित्वको निर्माण रातारात भएको थिएन । चमत्कारको खोजीमा रहेका एकथरी मधेशी युवा– त्यसमा पनि खास गरेर देशभित्र अपमानित वा अवहेलित भएर विदेशिनुपरेका पेसाकर्मीहरू– अवसरको पहिचान गर्न पोख्त राजनीतिकर्मी सीके राउतलाई काँधमा बोक्न हतारिएका थिए । सत्तामा भागीदारीबाहेक सामाजिक रूपान्तरणको कार्यसूची भने उनीसँग पनि छैन ।

मधेशलाई आन्तरिक उपनिवेशको अवस्थाबाट मुक्त गरेर नेपाली राष्ट्रियताको सम्मानजनक अंग बनाउने अभियानका नयाँ अभियन्ता भने हिन्दुत्वको राजनीतिमा मधेश र पहाड एकताको सपना देख्न थालेका छन् । सायद एक किसिमको त्यस्तै प्रयोगको सम्भावना पहिल्याउन कांग्रेसभित्र बाँकी रहेका मधेशीमूलका एकमात्र वजनदार नेता विमलेन्द्र निधि शालिग्राम ढुंगो बोकेको ट्रकलाई पछ्याउँदै जनकपुरदेखि अयोध्यासम्म पुगेका थिए । नेपाल संसारको एकमात्र हिन्दु अधिराज्य रहँदा कायम हुन नसकेको राष्ट्रिय एकतालाई वर्चस्ववादीहरूको गणतन्त्रमा हिन्दुत्वको राजनीतिले बलियो पार्छ भन्ने विश्वासलाई राजनीतिक सरलताको पराकाष्ठाबाहेक अरू के नै भन्न सकिन्छ र !

## यथास्थितिवादको लौहपाश

मधेशी अस्मिताको प्रश्नलाई अलगाववाद, विखण्डनवाद वा वितण्डावाद भनेर होच्याउनेले के बिर्सिने गर्छन् भने कुनै बेला अधिकार माग्नेहरूलाई 'गाथगादी ताक्ने' भनेर फाँसीमा झुन्ड्याइन्थ्यो । प्रजातन्त्रका पक्षधरहरू 'अराष्ट्रिय तत्त्व' ठहऱ्याइएर जेलमा कोचिन्थे । सर्वहाराको अधिनायकवाद खोज्नेहरूलाई परम्परागत अधिनायकवादीले गोली ठोक्ने गर्थे । अहिलेसम्म नेपालका यथास्थितिवादीले देशको भूरणनीतिक अवस्थितिको अर्थराजनीतिक लाभ उठाउँदै आएका छन् । बेलायतको बाह्य औपनिवेशिक शक्तिले राणाहरूको आन्तरिक उपनिवेशवादलाई एक शताब्दीभन्दा बढीसम्म टेको दिएको हो । अमेरिकाको सम्भ्रान्त साम्राज्यवादका स्थानीय सामन्त भएर शाह राजाहरूले पनि झन्डै २४० वर्ष एकछत्र शासन गरेकै हुन् । संसदीय प्रयोगको आधा दशक, त्यसपछि झन्डै १५ वर्षको गञ्जागोल एवं केही वर्ष यताका वर्चस्वशालीहरूको गणतन्त्रले समयको गतिलाई समात्न सकेको देखिँदैन । मधेशी, जनजाति, मुसलमान वा अन्य अल्पसंख्यकलाई बेवास्ता गरेर नृजातीय बहुसंख्यकवादको राजनीति गर्दै जाने हो भने भारतका नरेन्द्र मोदीजस्ता विभाजक वा अमेरिकाका डोनाल्ड ट्रम्प जस्ता विध्वंसक व्यक्तित्वमा नेपालकै खड्गप्रसाद शर्मा ओलीजस्ता जनोत्तेजक मिसिएर विस्फोटक राजनीतिकर्मीको उदय हुन सक्दछ । मधेशी अस्मितासँग जोडिएका ठाकुरका अभिव्यक्तिहरू राष्ट्रिय एकताको भविष्यसँग जोडिएका छन् । वेदानन्द झादेखि सीके राउतसम्म मधेशका सबै सम्मानको राजनीति गर्नेहरू समर्पणवादी भएर निस्किए भन्दैमा मधेश प्रश्नको निरूपण भइसकेको निष्कर्षमा पुग्न हतारो हुनेछ ।

काठमाडौंबाट मधेशको डोरी समातेर नचाइरहेका राजनीतिकर्मीहरू सायद हुरीअघिको सन्नाटालाई ठम्याउन सकिरहेका छैनन् । मूलधार भनिने वर्चस्ववादी दलभित्रका दलित, जनजाति वा मुसलमान जस्तै मधेशी राजनीतिकर्मीहरू पनि सुस्तरी कि त गमलाको बोट जस्तो भुइँसँग विच्छेदित एवं निरन्तर हेरचाह चाहिने 'बोन्साई' भइसकेका छन् वा लाजवन्ती झार भएर तिरस्कृत छन् । लोभ र डर देखाएर कायम गरिएको एकता जति धेरै टिक्यो, उत्तिनै धेरै खति गर्छ । परस्पर सम्मानमा आधारित राष्ट्रिय ऐक्यबद्धता निर्माण गर्ने मूल जिम्मेवारी वर्चस्वशाली समुदायका अगुवाहरूको हो । वर्चस्वशाली समुदायका राजनीतिकर्मी त जे जस्ता छन् छँदै छन्, साहित्य एवं कलाकर्मीहरूले समेत समावेशी समाजका लागि अग्रसरता लिन सकेनन् भने देश यथास्थितिको नेलबाट मुक्त हुन सक्ने छैन । इन्द्रबहादुर राईका दार्जिलिङेहरूको कथा र व्यथाबाट मधेशवादीहरूले मात्र होइन, वर्चस्वशाली समुदायका राजनीतिकर्मीले पनि मनग्गे पाठ सिक्न सक्छन् । सर्वकालिक साहित्यको महत्त्व सबैतिर उत्तिक्कै हुन्छ ।

## सम्पादकलाई चिठी

### प्रशासन प्रमुख नै भ्रष्टाचारका नायक

'भ्रष्टाचारका फाइलले थिचिएका मुख्यसचिव अख्तियारको मुद्दापछि निलम्बित' शीर्षकको खबर राजनीतिक नेतृत्वको दुष्चक्रबाट आत्तिएर प्रशासकको आसमा बाँचेका सर्वसाधारणको समृद्धि सपना चकनाचुर भएको विषयसग सम्बन्धित छ । विशेषतः मुख्यसचिव वैकुण्ठ अर्यालको प्रशासकीय यात्राले सबैलाई स्तब्ध पारेको छ । सचिवबाट अवकाश पाउनु तीन दिनअघि एक्कासि मुख्यसचिव बनाइएका अर्याल भ्रष्टाचारका दर्जनौं मुद्दामा संलग्न भएको यथार्थ सार्वजनिक हुँदै जाँदा त्यसको भार सरकारले बोकिरहेको थियो । केही समयअघि मुलुकभर अनियमितता, भ्रष्टाचारमध्ये ५० प्रतिशत स्थानीय तहमा हुने गरेको विषय सार्वजनिक भएको यथार्थबीच समग्र प्रशासनको उच्च स्थानमा रहेको मुख्यसचिवसामु ठूला भ्रष्टाचारका काण्ड जोडिँदा मुलुक काँपेको छ ।

मुख्यसचिव अर्याल संलग्न ठूला कसुरहरूमा मदिराका बोतलमा टाँस्ने अन्तःशुल्क स्टिकरमा ३ गुणा बढी भुक्तानी, कानुनविपरीत टेरामक्स प्रविधिका उपकरण खरिदमा अर्बभन्दा बढी अनियमितता, नेपाल टेलिकमको पुरानो बिलिङ प्रणाली मर्मतमा भएका भ्रष्टाचार जघन्य अपराध ठहरिएका छन् । त्यस्तै सुनील पौडेललाई नेपाल टेलिकममा प्रबन्ध निर्देशक एवं विकल पौडेललाई सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकमा नियुक्त गर्न योग्यताको मापदण्ड नै संशोधन गरिएको यथार्थले मुख्यसचिव अपराधजन्य काममा कति लालायित रहेछन् भनी बुझ्न गाह्रो पर्दैन । उनको विकल पौडेलसँग सन्दिग्ध आर्थिक लेनदेन भएको, अख्तियारमा भौचरसहितका प्रमाण मौजुदा रहेकोलगायत सन्दर्भ अर्यालका चारित्रिक प्रमाणपत्रसरह बनेका छन् । तथापि अवकाश पाउन तीन दिन मात्र बाँकी रहँदा अर्याललाई किन मुख्यसचिव बनाइयो भन्ने विषयलाई भ्रष्टाचारसँग जोडेर हेर्ने हो भने नियुक्तिकर्ताका साथै ठूलो गिरोह अप्रत्यक्ष रूपले अपराधमा संलग्न रहेको भन्न सकिन्छ । स्वार्थपूर्तिका लागि स्वाभाविक प्रक्रिया र सर्वस्वीकार्य निर्णय नगरी अर्याललाई मुख्यसचिवमा नियुक्त गरिएको प्रस्ट हुन्छ । यस्तो हठात् र नाटकीय निर्णयलाई आत्मसात् गर्दै पद सम्हालेका अर्याललाई भ्रष्टाचारका प्रमुख पात्र नभनिरहन सकिँदैन । यसवाट एक वर्षअघिदेखि नक्कली भुटानी शरणार्थी, ललिता निवासको जग्गा प्रकरणदेखि अनगिन्ती अपराध केलाएको सरकारमाथि नयाँ चुनौती थपिएको छ । अहिले भ्रष्टाचारमा संलग्नमाथि हदैसम्मको कठोर कारबाही भएन भने अपराधको महामारीले मुलुक तहसनहस बन्ने निश्चित छ ।

– **भुवनेश्वर शर्मा**, *चन्द्रागिरि-२, काठमाडौं*

### फेरि चाहियो 'सम्पादन तथा प्रकाशन शैली पुस्तिका'

कुनै पनि भाषा आफ्नै प्रकारको वर्ण, व्याकरण र विशेषताका आधारमा परिचित हुन्छ । यसमा बिस्तारै शब्दसंख्या बढ्दै जानु, कतिपय शब्दको अर्थ परिवर्तन हुनु र अर्को भाषाको धेरथोर प्रभाव पर्नु स्वाभाविकै हो । कतिपय शब्दमा भइआएका गलत प्रयोग र वर्णविन्यासगत त्रुटिलाई विज्ञसमूहले औंल्याइदिएर सचेत गराउनु पनि अत्यावश्यक हुँदै हो । तर कसैको मनमा आएको लहडी विचारकै आधारमा वर्षौंदेखि चल्दै आएर सम्पदाका रूपमा स्थापित व्याकरणिक व्यवस्थालाई परिवर्तन गर्न मिल्दैन । यही नमिल्ने कुरा, नेपाली भाषा र व्याकरणका सन्दर्भमा हुँदै आएको पाइन्छ । यस क्रमको चरम रूप, २०६७ सालमा कक्षा ११ मा पढाइ हुने अनिवार्य नेपालीको पाठ्यपुस्तक 'सबैको नेपाली' मार्फत देखिएको थियो ।

२०६९ साउन १७ मा तत्कालीन शिक्षामन्त्री दीनानाथ शर्मासमक्ष 'सम्पादन तथा प्रकाशन शैली पुस्तिका' को वर्णविन्याससम्बन्धी टिप्पणी आदेश पेस गरिएको थियो, जसलाई शर्माले साउन २२ मा सदर गरेका थिए । त्यसविरुद्ध विभिन्न रिट परे । स्वागत नेपाल र टपेन्द्र कार्कीले 'सो





टिप्पणी आदेश नेपालको संविधानको धारा १३३ (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी पाऊँ' भनी २०७३ भदौ २४ मा दिएको रिटमा आठ वर्षपछि गत आइतवार निवेदकका पक्षमा फैसला आएको छ । विशेषतः 'सबैको नेपाली' पछि उत्पन्न भाषिक विवादलाई लिएर बलदेव शर्मा अधिकारीको संयोजकत्वमा 'नेपाली भाषा बचाउ अभियान २०७२' नै खडा गरिएको थियो । त्यसलाई हजारौं भाषाप्रेमी नेपालीले आफ्नो हैसियत र क्षमताअनुसार साथ दिएका थिए । ढिलै भए पनि सर्वोच्च अदालतले भाषिक व्यवस्थाको मर्म बुझेर फैसला गरिदिएकामा यतिखेर समस्त भाषाप्रेमी खुसी देखिएका छन् ।

तर दुःखलाग्दो कुरो के छ भने २०६७ यता शैक्षिक संस्था र शैक्षिक क्रियाकलापमार्फत अर्बौं खर्च गरेर नेपाली भाषाको वर्णविन्यास बिगार्ने काम गरियो । शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र र त्रिभुवन विश्वविद्यालयजस्ता जिम्मेवार निकायका मान्यतामा एकरूपता देखिएन । मानक मानिएको 'नेपाली बृहत् शब्दकोश' को संस्करण नै सम्पादन, फेरि सम्पादन र 'विस्थापन' का अवस्थामा पुग्यो । यसरी परिवर्तित वर्णविन्यास पढ्ने/पढाउने र सिक्ने/सिकाउने क्रममा गलत बुझाइ र गलत लेखाइ नै लत भइसकेको छ । यसरी नेपाली वर्णविन्यासको शुद्ध रूप के थियो भन्ने विषयमा एउटा पुस्तामा नै अनभिज्ञता रहेको छ ।

पहिला बनाउन गाह्रो भयो । बीचमा बिगार्न सजिलै भयो । अब फेरि बिग्रेकोलाई बनाउन गाह्रो छ । त्यसैले नेपाली भाषा र व्याकरणमा देखिएको पूर्ववत् वर्णविन्यासलाई सामान्य जानकारीसहित पुनःस्थापना गराउन सम्बन्धित निकायले यथाशीघ्र 'सम्पादन तथा प्रकाशन शैली पुस्तिका' जारी गरोस् ।

– **इन्द्रकुमार श्रेष्ठ**, *वागिश्वरी मावि, च्याह्मासिंह, भक्तपुर*

### सम्झौतावादी बनेका मोदी

कान्तिपुरमा असार ४ मा प्रकाशित गोपाल खनालको आलेख 'मोदी ३.० : शक्तिशालीबाट सम्झौतावादी' सटीक र यथार्थपरक छ । उनले आफ्नो लेखमा अग्निवीर योजना र मुस्लिम आरक्षणको कुरा पनि गरेको भए अझ राम्रो हुन्थ्यो । अग्निवीर योजना नेपालसँग पनि सम्बन्धित छ । हिजो आफ्नै पार्टीको बहुमतबाट शक्तिशाली सरकार चलाएका मोदी आज अन्य पार्टीको बैसाखीबाट सरकार चलाउनुपर्ने अवस्थामा छन् । यसले मोदीलाई हरेक सवालमा सम्झौतावादी बन्न बाध्य पारेको छ ।

अब उनलाई छिमेकी र अन्य मुलुकसँग अल्झिनुभन्दा आफ्नै देशको गठबन्धनमा रहेका पार्टीसँग तालमेल मिलाउनमै बढी समय खर्च गर्नुपर्ने हुन्छ । अहिलेको चुनावी नतिजाले मोदी पहिलेभन्दा निकै कमजोर बने पनि मुस्लिम समुदायलाई हेर्ने उनको नजरमा कुनै परिवर्तन आएको छैन । मोदी एकातिर 'सबका साथ सबका विकास' भन्छन् भने अर्कातिर मुसलमान समुदायका नेताहरूलाई भाजपाबाट सांसदको टिकट दिँदैनन् । आफ्नो पार्टीबाट एक जना पनि मुस्लिम मन्त्री बनाउँदैनन् । यस्तै दोहोरो चरित्र देखाउँदा आज मोदीको लोकप्रियता घटेको हो, सहयात्री दलसँग सम्झौता गर्नुपर्ने अवस्थामा उनी पुगेका हुन् ।

– **गोपाल देवकोटा**, *गोकर्णेश्वर, काठमाडौं*

# अधुरो र अपुरो कर्णाली



प्रस्थानबिन्दु

विचार शृंखला

कर्णाली संघीय सरकारको नजरमा त छैन नै, प्रदेश सरकार पनि उत्तिसारो बफादार छैन । कर्णालीका नाममा तयार भएका योजना र विनियोजित बजेट वास्तविक कर्णालीवासीले अनुभूति गर्न पाएका छैनन् ।



डिला संग्रौला

कर्णाली सभ्यता र इतिहासका दृष्टिले वैभवशाली छ । भाषा, सभ्यता र संस्कृतिका रूपमा यहाँका भूभाग ऐतिहासिक छन् । नेपाली भाषाको उद्‌गम स्थलका रूपमा जुम्लाको सिन्जा हाम्रो गौरव र पहिचान हो । प्राकृतिक सुन्दरता र सांस्कृतिक परम्पराको नमुना सिन्जामा नेपाली भाषाको ताम्रपत्र, स्वर्णपत्र, शिलालेख जस्ता प्राचीन र ऐतिहासिक सम्पदा देख्न पाइन्छ । नेपाली भाषा, सभ्यता, संस्कृति सिन्जाबाटै सुरु भएकाले कर्णालीलाई विश्वभरका नेपाली भाषीले आफ्नो उद्‌गम थलोकै रूपमा स्विकार्ने गर्छन् ।

कर्णालीका हरेक जिल्लामा सम्भावनाका प्रशस्त आधार छन् । मुगुको रारा कर्णालीको स्वर्गभूमि नै हो । आर्थिक, धार्मिक र सांस्कृतिक दृष्टिले उत्तर र दक्षिण व्यापारको ढोका कर्णालीमै छ । कर्णालीले मानसरोवर एवम् मध्यएसिया पुग्ने सिल्क रोडलाई प्रतिनिधित्व गर्छ । हिमाल, पहाड, नदी, तालतलैया, लेकाली घाँसे मैदान, वनजंगल, कृषि भूमिलगायत औषधिजन्य उत्पादनको सम्भावना कर्णालीमा छ । मानसरोवर मार्ग, रारा, फोक्सुन्डोलगायत सांस्कृतिक र प्राकृतिक भूमिहरूले कर्णालीको प्रतिनिधित्व गर्छन् ।

हालै पार्टीका साथीसँग एक साता कर्णाली घुमेर आउँदा मैले कर्णालीमा धेरै सम्भावना देखें । तर, कर्णाली संघीय सरकारको नजरमा पर्न सकेको छैन । प्रदेश सरकार पनि कर्णालीप्रति उत्तिसारो बफादार छैन । कर्णालीका नाममा तयार भएका योजना र विनियोजित बजेट वास्तविक कर्णालीवासीले अनुभूति गर्न पाएका छैनन् । केही वर्षअघि अवलोकन गरेर आउँदा र अहिलेको अवस्थामा थोरै भिन्नता त देखिन्छ तर गरिबीमा कमी आएको छैन । कर्णाली विकासका लागि सुरु भएको ठूला योजना अलपत्र अवस्थामा छन् । आर्थिक, सामाजिक सूचक दयनीय छन् । आर्थिक वर्षको बजेट सार्वजनिकपछि संघीय सदनमा मन्त्रालयगत बजेटबारेको छलफलमा सांसदहरूको आक्रोश सुन्दा लाग्थ्यो– कर्णालीका सडकमार्ग नागरिकको 'मृत्युमार्ग' बनिरहेका छन् ।

मन्त्री र सत्ताका पहुँचवालाले आफ्नो निर्वाचन क्षेत्रमा बजेट ओइराउने तर कर्णालीलाई उपेक्षा गर्ने परिपाटीको अन्त्य नभएकामा उनीहरू वर्तमान कम्युनिस्ट सत्ताप्रति रुष्ट छन् । कर्णालीमा मात्र एक दशकमा १८ सय २१ वटा सवारी दुर्घटनामा परेको तथ्यांक सार्वजनिक भइसक्दा सरकारका मन्त्रीहरू सुगम निर्वाचन क्षेत्रमा बजेट खन्याएर कर्णालीवासीको दुःख र आँसुमा रमाइरहेका छन् ।

आर्थिक वर्ष २०८१/८२ का लागि भौतिक पूर्वाधारमन्त्रीले धनुषामा मात्र ८ अर्ब ७७ करोड ४ लाख बजेट विनियोजन गरेको, एमाले अध्यक्ष केपी शर्मा ओलीको गृहजिल्लामा ६ अर्ब ७० करोड विनियोजन भएको र कर्णालीका १० जिल्लालाई ७ अर्ब ३६ करोड ४८ लाख छुट्याएर घोर अपमान गरेकामा चर्को विरोध भइरहेको छ । यसले संघीय सरकारको कर्णालीप्रति हेर्ने दृष्टिकोण झल्किन्छ । कर्णाली विकासमा पछाडि पर्नुको कारण सरकारको उपेक्षा हुँदै हो तर कर्णालीवासीमा जागरुकताको कमी र उत्तरदायित्वबाट पन्छिनु पनि अर्को कारण हो । दस वर्षअघिको जस्तो कर्णाली होइन अहिले । किनभने यहाँ शिक्षित युवाहरूको कमी छैन । युवा जागरण भए विकासबाट विभेद गर्न सरकारले हिम्मत गर्दैन । कर्णाली नबुझेकाहरूबाट नीति निर्माण हुनु, नीति निर्माणमा पहुँच नहुनु र स्थानीय आवश्यकताको धरातलमा नीति नबन्दा पनि समस्या झाँगिने गर्छन् । केन्द्रीकृत हुकुमी सरकारको प्रशासन, पुरातन विजित दृष्टिकोण र सेवाको भावनाभन्दा जागिरे मानसिकताले ग्रसित कर्मचारीतन्त्रका कारण कर्णालीमाथि अन्याय भएको स्पष्ट छ । कतिपयले कर्णालीलाई समस्याको खाल्डो बनाए तर सम्भावनाको सरोवर बनाएर काम गर्न सकेनन् । स्रोत, साधन र नीति बनाउने तहमा पिछडिएको क्षेत्रको प्रतिनिधित्वका दृष्टिले पनि हेर्नुपर्ने भएकाले विकेन्द्रीकृत भएको संरचनामा कर्णालीको प्रतिनिधित्वको पनि हिसाबकिताब राख्नुपर्ने देखिन्छ ।

केन्द्र सरकारबाट हेपिएको भनिएको कर्णाली प्रदेश सरकारबाट भएका काम र बजेट खर्चको अवस्था हेर्दा चित्त बुझाउन सकिँदैन । विशेषगरी पूर्वाधार निर्माणको अवस्था अधुरा र अपुरा छन् । केन्द्र र प्रदेश सरकारको बजेट कार्यान्वयन अवस्थामा केही भिन्नता छैन । योजना र सम्भावना अलपत्र छन् । भौगोलिक विकटता, यातायात, ऊर्जा र सडक पूर्वाधारको अभाव खेपिरहेको कर्णाली बजेट खर्च स्थिति निराशाजनक छ । बितेको ६ वर्षमा कर्णाली सरकारले १ खर्ब ६६ अर्ब ५५ करोड बराबरको बजेट ल्याइसकेको छ । तर, कार्यान्वयन ५७ प्रतिशतमात्रै छ । कर्णाली राजमार्गलाई दुई लेनको बनाउने योजना दशकौंदेखि ओझेलमा छ । भेरी करिडोर न्यून बजेट विनियोजनले सुस्ताएको छ । २५ वटा नगर र ५४ गाउँपालिकामध्ये अझै २३ स्थानीय तहमा सडक सञ्जालले जोडिएको छैन । रुकुमकोट र मुगु करानमा भेटिएको तामा खानी र भेरी नदी किनारमा सुन खानीको सम्भावना भए तापनि प्रभावकारी सर्वेक्षण तथा अनुसन्धान हुन सकेको छैन ।

जाजरकोट र रुकुमको सिमानामा प्रस्तावित अर्धजलाशययुक्त भेरी-१ जलविद्युत्, रुकुम पश्चिममा प्रस्तावित स्यार्पु जलविद्युत्, जाजरकोट नलगाड जलविद्युत्, एक हजार ९ सय २ मेगावाट क्षमताको मुगु कर्णाली जलाशययुक्त जलविद्युत्, फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत्, भेरी-बबई डाइभर्सन बहुद्देश्यीय, माथिल्लो कर्णाली जलविद्युत्, सुर्खेत र अछामको सिमानामा निर्माण हुने बेतन कर्णाली जलविद्युत्, सानीभेरी-३ जलविद्युत् जस्ता ठूला योजना अधुरै छन् । त्यस्तै एक सय ४७ भन्दा बढी प्रकारका बहुमूल्य जडीबुटी पाइने यहाँका औषधिजन्य जडीबुटीको प्रशोधन, अध्ययन तथा अनुसन्धान गरेर उत्पादित औषधिबाट बिरामीको उपचार गर्ने उद्देश्यले आयुर्वेद अस्पताल, स्वास्थ्य केन्द्र आफैंमा बिरामी जस्ता लाग्छन् । सरकारको नजर सुविधासम्पन्न सहरका ठूला अस्पतालमा केन्द्रित देखिन्छन् ।

औद्योगिक विकासमा पछाडि रहेको यहाँका जनताको गन्तव्य कि कालापहाड (भारत) कि खाडीमै केन्द्रित छ । रोजगारी सिर्जनामा सरकारका योजना सदियौंदेखि कागजमा सीमित छन् । स्याउ र ओखरमा आत्मनिर्भर हुँदै आएका कालीकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पामा उत्पादित स्याउ र ओखरको बजारीकरणमा समस्या छ । सडक सञ्जालको अभावमा डोकोमा बोकेर राजमार्गसम्म पुर्‍याएको स्याउ कौडीको भाउमा बेच्नुपर्ने बाध्यता छ । अन्य कृषि उपजहरूको उस्तै बेहाल छ । मार्सी चामलको बजार जति हुनुपर्ने त्यति भएको देखिँदैन । कृषि उपजका लागि कोलस्टोरको अभाव वर्षौंदेखि खड्किएको छ । गरिबी, भोकमरी, पछौटेपन, कुपोषण र लैंगिक विभेदबाट कर्णालीले अझै मुक्ति पाउन सकेको छैन । कर्णाली यात्राका क्रममा भेटिएका महिला र बालबालिकाको अनुहार १० वर्षअघिकै जस्तो मलिन र पीडादायी देखिन्छ । लोकतान्त्रिक गणतन्त्रको अब्बल व्यवस्था समावेशी, समान अधिकार र समानताका मुद्दाहरूको कार्यान्वयनमा कर्णाली धेरै नै पछाडि देखिन्छ । भौगोलिक विकटता, सामाजिक डर, जनचेतनाको अभावका कारण महिला तथा बालिका कानुनको पहुँचसम्म पुग्न सकेका छैनन् । आफन्त तथा परिवारबाट हुने बलात्कार तथा घरेलु हिंसाका घटना गुपचुप मिलाउने परिपाटीको अन्त्य नहुँदा प्रताडित भएर बाँच्नुपर्ने अवस्था देखिन्छ । बहुविवाह, बालविवाह तथा महिला र बालिकामाथि हुने अपराधका घटना घट्नुको साटो बढ्दो अवस्थामा छन् ।

**केन्द्रीकृत हुकुमी सरकारको प्रशासन, पुरातन विजित दृष्टिकोण र सेवाको भावनाभन्दा जागिरे मानसिकताले ग्रसित कर्मचारीतन्त्रका कारण कर्णालीमाथि अन्याय भएको स्पष्ट छ । कतिपयले कर्णालीलाई समस्याको खाल्डो बनाए तर सम्भावनाको सरोवर बनाएर काम गर्न सकेनन् ।**

**सधैं अधुरो र अपुरो अवस्थामा रहेको कर्णाली बहुदलीय व्यवस्था आइसकेपछि होस् या लोकतान्त्रिक जनआन्दोलनपछि स्थापित व्यवस्थाले सधैं उपेक्षित देखिन्छ । कर्णाली प्रदेश अब राज्यसत्ताको उपेक्षा, अपमान र अन्याय सहेर बस्न सक्दैन ।**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको संवैधानिक अभ्यासमा गएको एक दशक बितिसक्दा राजनीति र नीति निर्माण तहमा कर्णालीका महिलाको संख्या औंलाले गन्न सकिने अवस्थामा छ । गणतन्त्र आइसकेपछि कर्णालीबाट चार/पाँच जनाभन्दा बढीले मन्त्री बन्ने अवसर पाएका छैनन् । १२ वटा निर्वाचन क्षेत्र रहेको कर्णालीमा ०७९ को निर्वाचनमा प्रतिनिधिसभा सदस्यका लागि जम्मा दुई जनामात्र महिला उम्मेदवार प्रत्यक्षमा सहभागी थिए । यही तथ्यांकलाई आधार मान्ने हो भने कर्णालीका जिल्लाहरूमा महिलाहरूको अवस्था कस्तो छ भन्ने देखिन्छ ।

सधैं अधुरो र अपुरो अवस्थामा रहेको कर्णाली बहुदलीय व्यवस्था आइसकेपछि होस् या लोकतान्त्रिक जनआन्दोलनपछि स्थापित व्यवस्थाले सधैं उपेक्षित देखिन्छ । चार जना सहिदको बलिदानी र हजारौं जनताले संघर्ष गरेर स्थापना गरिएको कर्णाली प्रदेश अब राज्यसत्ताको उपेक्षा, अपमान र अन्याय सहेर बस्न सक्दैन । नेपाली कांग्रेसलगायतका ठूला दल कर्णालीका मुद्दामा गम्भीर नबनेसम्म अधुरो र अपुरो कर्णालीको व्यथा उस्तै रहने निश्चित छ ।

# नीति र नेता : केही असहमति

पार्टी इतिहासका अनेक कालखण्डमा मैले एक पटक सम्मान गरेका कुनै पनि नेतालाई अपमान गरेको छैन । त्यसो भएर मैले नीति एउटा, नेता अर्को बनाएको पनि छैन । त्यस्तो कहिल्यै हुन पनि सक्दैन । नेताबिनाको नीति र नीतिबिनाको नेता सम्भव पनि छैन ।



वामदेव गौतम

एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले मलाई नीति एउटाको नेता अर्कैको बनाउने व्यक्ति भनेर आरोप लगाउनुभएछ । यस्ता विषय एउटै पार्टीमा समावेश भएका बेला धेरै पटक हुन सक्छन् । मैले कुन नेताको नीतिमा कुन नेतालाई स्थापित गरें ? फेरि अहिलेको परिस्थितिमा चर्चामा ल्याएर भुसालले किन मूल्य बढाइदिन खोज्नुभएको हो बुझ्न सकेको छैन । जस्तो अवस्थामा पनि म सत्यको पक्षमा रहने भएकाले उहाँको आरोपलाई सहर्ष स्वीकार्छु । मैले पार्टीभित्र एक पटक होइन अनेक पटक यस्तो गरेको छु । यस्ता घटना सम्झँदै लेख्दै जाने विचार गरेर आज यस सम्बन्धमा कलम चलाएको छु ।

## घटना १

नेपाल कम्युनिस्ट पार्टीका महासचिव तुल्सीलाल अमात्य हुनुभएका बेला २०२२ सालमा पहिलो पटक म पार्टी सदस्य बनेको हुँ । पार्टी विभाजित भएपछि पुष्पलाल महासचिव हुनुभएको अवस्थामा २०३६ सालमा दोस्रो पटक पार्टी सदस्य बनें । त्यसबेला म पहिलो पटक भैरहवामा पार्टी सेलमा संगठित भएँ । त्यहींबाट पहिलो पटक मेरो भूमिगत जीवन सुरु भयो । पछि म रूपन्देहीको जिल्ला कमिटी सचिव पनि भएँ । बनारस निर्वासनमा रहनुभएका पुष्पलाललाई अनेक पटक भेट गरें र उहाँबाट ज्यादै प्रभावित भएँ । उहाँसँग केशरमणिले अन्तरपार्टी संघर्ष सञ्चालन गरेका बेला रूपन्देही, कपिलवस्तु, नवलपरासी र पाल्पाका पार्टी कमिटीले पुष्पलालको पक्ष लिएका थिए । केशरमणिका विरुद्ध अन्तरपार्टी संघर्ष सञ्चालन गर्ने म पहिलो जिल्ला कमिटी सचिव थिएँ । त्यो अन्तरपार्टी संघर्षले विपरीत अवस्था सिर्जना भयो । पुष्पलालले हामीलाई होइन केशरमणिलाई बचाउन लाग्नुभयो । त्यस्तो अवस्थामा हाम्रो पार्टी संघर्ष पुष्पलालसँग केन्द्रित गराएर पार्टी विभाजन गर्‍यौं र मुक्ति मोर्चा नाममा केन्द्रीय स्तरको संगठन खडा गर्‍यौं । त्यसबेलाको संघर्षमा म मात्र होइन जीवराज आश्रित, मोदनाथ प्रश्रित, मदन भण्डारी र युद्धप्रसाद मिश्र सामेल हुनुहुन्थ्यो । हाम्रो समूहको नेता आश्रित हुनुहुन्थ्यो । त्यसैबेला सीपी मैनालीको नेतृत्वमा नेकपा कोर्डिनेसन केन्द्रमार्फत नख्खु जेल फोरेपछि सबै कमरेडहरू बाहिर आउनुभयो । हामीले त्यो समूहसँग सम्पर्क गर्‍यौं ।

हाम्रो समूहले तुरुन्तै कोर्डिनेसन केन्द्रसँग वार्ता गर्ने निर्णय गर्‍यो र आश्रितको नेतृत्वमा म सदस्य रहेको वार्ता टोली बनाइयो । तुरुन्तै हामी भैरहवाबाट पोखरा हुँदै भूमिगत रहनुभएका सीपी मैनालीसँग वार्ता गर्न काठमाडौं पुग्यौं । वार्तामा एउटै पार्टी बनाउने लगभग टुंगोमा पुग्यौं । एउटै पार्टी निर्माण गरे पनि फरक विचार राख्न आश्रितले मलाई आदेश दिनुभयो । कोर्डिनेसन केन्द्रले चीनका अध्यक्ष नेपालका पनि अध्यक्ष, चारु मजुमदार लाइन नेपालको राजनीतिक लाइन र वर्ग शत्रु खतम लाइनलाई हामी मान्न सक्दैनौं भन्ने विषयलाई मैले प्रस्तुत गरें । सीपी मैनालीले पार्टी एकतापछि सबै समाधान गरिनेछ भनेर आश्वासन दिनुभयो । वार्ताबाट फर्केर आउनासाथ म रूपन्देहीको अमुवा गाउँमा पक्राउ परें । दुई वर्ष जेल बसें । त्यसैबीच मुक्ति मोर्चा र कोर्डिनेसन केन्द्रबीच २०३४ सालमा पार्टी एकता भयो । त्यसबेला पुष्पलालको नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टी मुख्य शक्ति मुक्ति मोर्चामा सामेल भइसकेको थियो । २०३५ सालमा कोर्डिनेसन केन्द्र नेकपा (माले) मा रूपान्तरण भयो । जेलभित्र र बाहिर सबै ठाउँमा हामी नेकपा (माले) मा संगठित भयौं । म पनि काठमाडौं सेन्ट्रल जेलमा पहिले कोर्डिनेसन केन्द्रको सदस्य र पछि नेकपा (माले) को सदस्य भएँ । पुष्पलालको संगठनमा विद्रोह गर्दा, मुक्ति मोर्चा निर्माण गर्दा र मुक्ति मोर्चाको कोर्डिनेसन केन्द्रसँग एकता गर्ने सन्दर्भमा मेरो भूमिका सधैं मुख्य र अगुवा थियो । त्यही पार्टी पछि नेकपा (मार्क्सवादी) सित २०४७ सालमा एकता गरेपछि नेकपा (एमाले) निर्माण भएको हो ।

## घटना २

२०३७ सालतिर नेकपा (माले) राष्ट्रव्यापी बन्यो । पार्टीभित्र विभिन्न विषयमा मतभिन्नता सुरु भए । त्यसमा महासचिव सीपी मैनालीको भूमिका विवादित हुन थाल्यो । त्यसैबेला महोत्तरीको चुरे पहाड नजिकतिर केन्द्रीय कमिटी बैठक बोलाइयो । आफ्नो रायसहितको कामको लिखित प्रतिवेदन मैले पेस गरें । तर केन्द्रीय अरू सबै कमरेडले कामको प्रगति प्रतिवेदन ल्याउनुभएन । मेरो प्रतिवेदनमाथि छलफल भयो र सर्वसम्मतिले पारित भयो । यस्तो पहिले भएको थिएन । बृहत् प्रतिवेदन महासचिवले नै प्रस्तुत गर्नुपर्थ्यो । तर उहाँले प्रतिवेदन दिनुभएन । आफू महासचिव पदमा नरहने विषयमा मात्र केही बोल्नुभयो । त्यत्तिकैमा अमृत बोहराले तिलस्मी रूपमा सीपी मैनालीले जेलमा रहनुभएका कमरेडहरू आरके मैनाली र मोदनाथ प्रश्रितलाई उल्लेख गर्दै पार्टीभित्र उत्पन्न यावत् विषयका सम्बन्धमा महासचिवले लेख्नुभएको पत्र पढेर सुनाउनुभयो । 'कुन तरिकाले हुन्छ, तपाईंहरू जेलबाहिर आउनुपर्‍यो नत्र पार्टी समाप्त हुने दिशामा गयो' भनेर लेखिएको थियो । पत्र पढेपछि त्यो दुस्मनको हातमा पर्नुअघि हाम्रो हातमा परेर मात्र पार्टी बच्न सक्ने स्थिति बन्यो नत्र हामी सबै जेलमा पुगेका हुने थियौं र राष्ट्रव्यापी रूपमा पार्टी तहसनहस हुने थियो भन्ने आरोप सीपी मैनालीलाई लगाइयो ।

उहाँमाथि जे जे आरोप लगाइयो, मनगढन्ते थिए । सीपी मैनालीले भन्नुभयो,, 'म महासचिवबाट स्वतः हट्न चाहिरहेको छु । तर किन मलाई झूटा आरोपमा कारबाही जस्तो गर्नुहुन्छ ?' त्यसपछि उहाँलाई कुनै आरोप नलगाई राजीनामा मागियो र स्वीकृत गरियो । त्यहीबेला मुकुन्द न्यौपानेले महासचिवका लागि झलनाथ खनालको नाम प्रस्ताव गर्नुभयो । सीपीसहित उपस्थित सबैले समर्थन गर्‍यौं र उहाँ महासचिव बन्नुभयो । त्यसैबेला मदन भण्डारीले भन्नुभयो, 'हामी कसैले लिखित प्रतिवेदन ल्याएका छैनौं, क.वामदेवले प्रस्तुत गर्नुभएको प्रतिवेदन परिमार्जन गरेर तदनुरूप अगाडि बढौं ।' पछि त्यही प्रतिवेदनमा आधारित भएर लेखिएको अपानी जारी भयो । झलनाथले पार्टीको नेतृत्व सम्हाल्नुभयो ।

## घटना ३

२०४४ फागुनतिर हुनुपर्छ । केही विशेष कामले पार्टी हेडक्वाटरमा गएको थिएँ । त्यसबेला झलनाथ महासचिव हुनुभएको थियो । पार्टी हेडक्वाटर जुन क्षेत्रमा कायम गरिन्छ, त्यहाँका इन्चार्जले सबै जिम्मेवारी निर्वाह गर्नुपर्ने चलन थियो । कडा भूमिगत अवस्थामा रहनुपर्दा केन्द्रीय कार्यालय सम्बन्धित बनाएर पार्टीले अरू कसैलाई पनि थप जिम्मेवारी प्रदान गर्ने चलन थियो । तर त्यसबेला उहाँ बाहिर जानुभएको जानकारी पाएँ । राजधानी उपत्यकाको इन्चार्जमा माधव नेपाल हुनुहुन्थ्यो । मैले उहाँलाई सम्पर्क गरें । महासचिव बाहिर जानुभएकाले एउटा सेल्टरमा बस्न भन्नुभयो । भोलिपल्ट बिहानै माधव म बसेको सेल्टरमा आउनुभयो र विस्मयकारी भावभंगीमासहित भन्नुभयो, 'लौ बर्बाद भयो । महासचिव त पक्राउ पर्नुभएछ । अहिले जेलमै त लगिसकेको छैन, एउटा होटलमा राखेको छ ।' प्रतिवाद गर्दै भनें, 'पक्राउ गरेर होटलमा लगेर राखेको यो सूचना भरपर्दो छैन ।' माधवले भन्नुभयो, 'महासचिव आफैं सुवास नेम्वाङको पुतलीसडकस्थित ल फर्ममा आएर भन्नुभएको रहेछ, हिजो बिहान ।'

सुवासकहाँ पुगेपछि माधव र सुवाससित मैले भनें, 'यो मनोरोगका कारण हुन सक्छ, उहाँ पक्राउ पर्नुभएको छैन । मानिसमा कहिलेकाहीं यस्तो हुन सक्छ ।' त्यसबेला भीम रावल पनि त्यहीं हुनुहुन्थ्यो । सबैको अनुहार गम्भीर देखिन्थ्यो । मैले भीम रावललाई 'त्यही होटलमा जाऔं' भनें । तर, उहाँले 'महासचिवले नआउन भन्नुभएको' भन्नुभयो । माधव आफ्नो सेल्टरमा फर्कनुभयो । रावलले मलाई बाँसघारीतर्फ लैजानुभयो । अलिपर पुगेपछि इशाराले गल्ली र झलनाथ बस्नुभएको होटलतिर संकेत गर्नुभयो । म सिधै त्यही घरमा पुगें । यताउता हेर्दै नहेरी घरमा पसें । ढोका खुलै थियो । सिँढी चढेर पहिलो तलाको पश्चिमतिरको कोठामा पसें । महासचिव अत्तालिनुभयो । उहाँ नाइट सुटमा हुनुहुन्थ्यो । नजिकै चप्पल थियो । मैले हातमा बलियो गरी समातें, चप्पल लगाउन भनें । उहाँले त्यसै गर्नुभयो । उहाँलाई लिएर म सडकमा निस्कें । त्यहाँ कार, ट्याक्सी थिएनन् । तीनपांग्रेमा दुवै चढ्यौं । हामीलाई पछ्याउँदै सुरेन्द्र पाण्डे आउनुभयो । मैले इशारा गर्दै भनें, 'होटलको हिसाबकिताब मिलाउनुस्, हामी ललितपुर इन्जिनियरिङ क्याम्पसतिर जान्छौं ।' शुक्रराज सालिकनिर पुग्दा ट्याक्सी लिएर सुरेन्द्र आउनुभयो र हाम्रो टेम्पुको अगाडि रोक्नुभयो । हामी टेम्पो छाडेर सुरेन्द्रको ट्याक्सीमा चढ्यौं । उहाँकै अगुवाइमा ठमेल पुग्यौं र एउटा घरको माथिल्लो तलामा पुगेपछि मात्र सास फेर्‍यौं । त्यहाँ पुगेपछि झलनाथले भन्नुभयो, 'तपाईंहरूले बर्बाद गर्नुभयो । अब मसहित सबै पक्राउ पर्छौं । पार्टी तहसनहस हुन्छ ।' तर मैले भनें, 'जे गरियो गर्नैपर्ने गरेका छौं । तपाईंलाई मनोभ्रम भएको हो । ढुक्क भएर बस्नुस् ।'

काठमाडौंको इन्चार्ज त्यसबेला सुरेन्द्र पाण्डे हुनुहुन्थ्यो । मैले दुवैलाई राखेर त्यही भनें, 'कहिलेकाहीं मनोभ्रम भयो भने यस्तो हुन्छ । यो प्रतिक्रियावादीको योजना केही होइन, पक्राउ परेको पनि होइन, पार्टीलाई कुनै नोक्सान पनि भएको छैन ।'

## घटना-४ र अनेक सन्दर्भ

विभिन्न कामले हुन सक्छ मदन भण्डारी, जीवराज आश्रित, अमृत बोहरा, प्रदीप नेपाल उपत्यकामै हुनुहुन्थ्यो । माधव नेपाल उपत्यका इन्चार्ज हुनुभयो । त्यसै दिन राति मलाई कुनै कमरेडले एउटा सेल्टरमा लिएर जानुभयो । त्यहाँ महासचिव झलनाथ खनाल, पोलिटब्युरो सदस्यहरू, मदन, माधव, जीवराज, अमृत उपस्थित हुनुहुन्थ्यो । त्यो आकस्मिक पोलिटब्युरो बैठक रहेछ । प्रदीप नेपाल पनि त्यहाँ आइपुग्नुभयो ।

मैले अनुमान गरेको भन्दा बैठकको वातावरण अत्यन्त गम्भीर बनिरहेको थियो । छलफलको अवस्थालाई बुझ्दा बैठक महासचिवले नबोलाएर बहुमत पोलिटब्युरो सदस्यले बोलाउनुभएको रहेछ, महासचिवसँग सम्बन्धित घटनालाई लिएर । महासचिवले आफू पक्राउ भएको मनोभ्रम कसरी सिर्जना भयो त्यसबारे रिपोर्ट दिनुभयो । पार्टीको चौथो महाधिवेशन तराईको कुनै जिल्लामा गर्ने निर्णय भइसकेको थियो । तर कोशी-मेचीतिर बढी सुरक्षित हुन्छ कि भनेर त्यताको अवस्था बुझ्न झापा र मोरङ जानुभएको रहेछ । फर्कंदा सुदूरपश्चिमतिर जाने बसमा मोरङबाट नारायणगढसम्मको टिकट लिएर बस चढ्नुभएछ । उहाँ झ्यालतिरको सिटमा बस्नुभएछ, छेउमा 'पुलिस कट' कपाल काटेको एक व्यक्ति आएर बसिहालेछ । झलनाथले त्यो व्यक्तिलाई पुलिस ठान्नुभएछ र शंका गर्नुभएछ । नारायणगढ पुगेर गाडी परिवर्तन गर्नुपर्ने भएकाले उहाँ गाडीबाट ओर्लिएर टिकट काउन्टरतिर जानुभयो । शंका गरेको मानिस गाडीबाट ओर्लेर उहाँकै पछि लाइन लागेछ । उहाँले काठमाडौंको टिकट लिनुभयो, उसले पनि उस्तै टिकट लिएछ । सिट पनि सँगैको । काठमाडौं पुरानो बसपार्क पुगेपछि त्यो व्यक्तिले झलनाथलाई भनेछ, 'तपाईं होटलमै बस्ने होला नि हैन ?' पुरानो बसपार्कमा ग्राहक खोज्न होटलहरूले कामदार पठाउने चलन थियो । त्यो मान्छेले ओर्लनासाथ एउटा केटालाई बोलाएर सरलाई पनि लिएर जाऊ है भनेछ । अब झलनाथको मनमा पर्‍यो– म पक्राउ परें । सेल्टरतिर जाऊँ सेल्टरबारे खुल्छ । पार्टीको जिम्मेवार व्यक्तिकहाँ जाऊँ, पुलिस पनि सँगै जान्छ । पार्टी र अरूलाई जोगाउन पुलिसजस्तो व्यक्तिले भनेकै होटलमा जानु नै बुद्धिमानी हुने ठानेर बाँसघारी काठमाडौं प्लाजा पुग्नुभएको रहेछ । बैठकमा झलनाथले भन्नुभयो, 'अहिले मलाई स्पष्ट भयो । त्यो सबै भ्रम थियो । किन मलाई त्यस्तो भयो मैले नै थाहा पाएको छैन ।'

बैठकमा अरू कमरेडहरूले घटनाको विश्लेषण गर्दै निष्कर्ष दिन थाल्नुभयो । सबभन्दा पहिले मदन भण्डारीले भन्नुभयो, 'यो घटना कायरताको अन्तिम रूप हो । महासचिवले पार्टी जोगाउन त्यसो गरेको भने तापनि प्रकारान्तरले तपाईंले आत्मसमर्पण नै गर्नुभएको हो । यथार्थमा त्यो सत्य थिएन र त तपाईं पक्राउ पर्नुभएन । त्यसमा पनि पार्टीको महासचिव जस्तो व्यक्तिले आत्मसमर्पणको विचार बनाउनुभयो, यसलाई सानोतिनो घटना मान्न सकिन्न । तपाईं पार्टी नेतृत्वको जिम्मेवारी बहन गर्न लायक पनि हुनुहुन्न ।' उपस्थित कमरेडहरूले यही विचारलाई समर्थन गर्नुभयो । आश्रितले महासचिव पदबाट राजीनामा गर्नुपर्छ र मदन भण्डारीलाई महासचिव बनाउनुपर्छ भनेर प्रस्ताव गर्नुभयो । महासचिवले राजीनामा गर्नुपर्छ भन्ने प्रस्तावलाई मदन र मबाहेक अरू सबैले समर्थन गर्नुभयो । मैले त्यसबेला पनि झलनाथलाई धेरै सम्मान गर्दै उहाँबाट भएको गल्ती गम्भीर भए पनि मनोभ्रम मात्र हो भनेको थिएँ । त्यो बैठकले निकट भविष्यमा हुन गइरहेको चौथो महाधिवेशनबाट मदनलाई महासचिवको जिम्मेवारी दिने निर्णय गर्दै झलानाथको जिम्मेवारी यथावत् कायम गर्‍यो ।

चौथो महाधिवेशन सम्बन्धमा दस्तावेज क-कसले तयार गर्ने भन्नेमा पनि त्यही बैठकले निर्णय गर्‍यो । तदनुसार राजनीतिक प्रतिवेदन झलनाथले तयार गर्ने, संगठनात्मक प्रस्ताव मदनले, विधान माधवले तयार गर्ने जिम्मेवारी तय गरियो । महाधिवेशन सिरहाको एक बस्तीमा गर्ने निर्णय भयो र बैठक सम्पन्न भयो । त्यसै बैठकको निर्णयबमोजिम चौथो महाधिवेशन सम्पन्न पनि भयो । कम्युनिस्ट पार्टी व्यक्तिगत नेतृत्वमा चल्दैन । यसको विशेषता सामूहिक नेतृत्व र व्यक्तिगत उत्तरदायित्वको जिम्मेवारी निर्वाह गर्ने हुन्छ । पार्टीको संगठनात्मक सिद्धान्त नै बनेको छ सामूहिक नेतृत्व र व्यक्तिगत उत्तरदायित्व ।

पाँचौं महाधिवेशनमा मदनले प्रस्तुत गर्नुभएको जनताको बहुदलीय जनवाद अत्यधिक बहुमतबाट पारित भएको थियो । तर मनमोहन अधिकारी, सीपी मैनाली, सहाना प्रधान, झलनाथ खनालसहितका कमरेडहरूले जनताको बहुदलीय जनवादको विरोधमा परिमार्जित नौलो जनवाद नामकरण गरिएको बहुदलीय सहयोगको कार्यक्रमलाई समर्थन गर्नुभएको थियो । त्यो कार्यक्रम महाधिवेशनमा ठूलो मतभिन्नतासहित पराजित भएको थियो । तथापि पार्टीको अध्यक्ष मनमोहन अधिकारी हुनुभएको थियो र मदन भण्डारी महासचिव । महाधिवेशनपछिको बैठकबाट सहाना प्रधान, सीपी मैनाली, जीवराज आश्रित, माधव नेपाल, ईश्वर पोखरेल र म स्थायी कमिटी सदस्य भएका थियौं । पाँचौं महाधिवेशनमा झलनाथ जनताको बहुदलीय जनवादको सशक्त विरोधमा हुनुहुन्थ्यो तर पार्टीको आठौं महाधिवेशनमा उहाँले जनताको बहुदलीय जनवादलाई मार्क्सवाद लेनिनवादको समकक्ष मार्गदर्शक सिद्धान्त भनेर राजनीतिक दस्तावेज नै प्रस्तुत गर्नुभयो । त्यही महाधिवेशनदेखि नै नेकपा (एमाले) कार्यकारी अध्यक्षसहितको बहुपदीय प्रणालीमा प्रवेश गरेको हो । त्यसबेला पनि मैले समर्थन नगरेको भए झलनाथ पार्टी अध्यक्ष निर्वाचित हुन सक्नुहुने थिएन । संसदीय दलको निर्वाचनमा मैले समर्थन गर्ने अवस्था देखापरेन, दलको नेतामा पराजित हुनुभयो । त्यसबेला केपी ओलीलाई मैले समर्थन गरें, उहाँ दलको नेता निर्वाचित हुनुभयो । ओली अहिले एमालेका अध्यक्ष तथा पार्टीमा सर्वमान्य नेता हुनुहुन्छ । पार्टी इतिहासका अनेक कालखण्डमा मैले एक पटक सम्मान गरेका कुनै पनि नेतालाई अपमान गरेको छैन । त्यसो भएर यो वामदेवले नीति एउटा नेता अर्को बनाएको पनि छैन । त्यस्तो हुन पनि सक्दैन । नेताबिनाको नीति र नीतिबिनाको नेता सम्भव पनि छैन ।

नेपालका अरू राजनीतिक पार्टीहरूको अवस्था एमालेको जस्तो छैन । निरंकुश राजतन्त्रको अन्त्य र बहुदलीय प्रजातन्त्रको विजयपछि पार्टी एकीकरण भयो । नयाँ राजनीतिक अवस्था र सोभियत संघको पतन र त्यहाँ पुँजीवादको पुनःस्थापनापछि मदन भण्डारीका विचार जनताको बहुदलीय जनवादका नाममा राष्ट्रव्यापी रूपमा स्थापित भए । पाँचौं महाधिवेशनले मार्क्सवाद र लेनिनवादका साथै जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित गर्‍यो । नेपालको राष्ट्रिय राजनीतिको मञ्चमा एमाले उच्चस्तरमा स्थापित भयो । चारैतिरै संसारबाट कम्युनिस्ट आन्दोलन समाप्त भयो भन्ने प्रचार भइरहेका बेला नेपालमा कम्युनिस्ट आन्दोलन अत्यन्त लोकप्रिय भएर देखापर्‍यो । पार्टीको पाँचौं महाधिवेशनमा जनताको बहुदलीय जनवादका विपक्षमा विभिन्न विचार प्रस्तुत भए पनि तिनले खासै स्थान राख्न सकेनन् । महाधिवेशनपछि लगभग सबैजसो नेताहरूले जनताको बहुदलीय जनवादलाई समर्थन गर्न लाग्नुभयो । यद्यपि पार्टीभित्र यदाकता विरोध देखिन्थ्यो । त्यसबेलाको अवस्थामा एमाले आज छैन । जनताको बहुदलीय जनवादले तत्कालीन समयमा जसरी विचार प्रवाहलाई अगाडि बढाइरहेको थियो, जनतामा आशा र विश्वासको लहर थियो, त्यो पनि पाउन सकिएको छैन । पहिलेको एमालेबाट अहिले विभिन्न समूह विकसित भएका छन् । जनताको बहुदलीय जनवादको नाममा जुन उत्साह देखिन्थ्यो, त्यो आज पाउन सकिन्न ।



तस्बिर : एपी

**अमेरिकाको लस एन्जलसस्थित रिजेन्सी भिलेज थिएटरमा 'होराइजन : यान अमेरिकन सागा' को प्रिमियरमा अभिनेत्री एला हन्ट । केभिन कोस्टनर निर्देशित फिल्म आगामी शुक्रबारदेखि प्रदर्शनमा आउँदै छ ।**

### सन् २०१४ मा आजकै दिन

## खेलाडीलाई टोकेपछि स्वारेजमाथि प्रतिबन्ध

सन् २०१४ मा आजकै दिन (जुन २६) मा उरुग्वेका खेलाडी लुइस स्वारेजलाई फुटबल विश्वकपका बाँकी खेल खेल्न रोक लगाइएको थियो । इटलीका खेलाडीलाई टोकेपछि उनलाई ९ खेलको प्रतिबन्ध लगाइएको थियो ।

२०१४ को विश्वकप फुटबलका दौरान इटालीसँग भएको खेलमा उनले विपक्षी खेलाडी जोर्जियो किएलिनीको काँधमा टोकेका थिए । जसका कारण विश्व फुटबल महासंघ फिफाले स्वारेजलाई चार महिनासम्म फुटबलसँग सम्बन्धित कुनै पनि गतिविधिमा संलग्न हुनसमेत प्रतिबन्ध लगाएको थियो ।


इटालीका खेलाडी किएलिनीले स्वारेजले आफूलाई देब्रे काँधमा टोकेको बताएका थिए । तर स्वारेजले भने ती खेलाडी आफूसँग आएर ठोकिएको प्रतिक्रिया दिएका थिए । घटनापछि मेक्सिकोका रेफ्रीले कुनै कारबाही भने गरेका थिएनन् । तर पछि फिफाले अनुशासनको कारबाही गरेको थियो ।

उक्त कारबाही विश्वकप प्रतियोगिताको इतिहासमा सबैभन्दा कठोर सजाय भएको बताइएको थियो । त्यसअघि १९९४ मा इटलीका माउरो टासोट्टीलाई विपक्षी खेलाडी लुइस इन्रीकेलाई कुहिनोले हिर्काएको आरोपमा आठ खेल खेल्न प्रतिबन्ध लगाइएको थियो ।

# लेकको 'पाहुना घर'

**पाँचथरकी २४ वर्षीया तृष्णा राईले फिदिम नगरपालिका-२ बतासेमा मौलिक घर निर्माण गरेर होमस्टे सञ्चालन गरेकी छन् । ढिँडो, सिस्नु, फापरको रोटी, कोदोको हलुवा, तोङ्बा र सुकुटी, स्थानीय कुखुराको मासु, आल्चा र खुर्पानीको वाइन तृष्णाको 'पाहुना घर' का विशेषता हुन् ।**



**लक्ष्मी गौतम** (पाँचथर)

व्यवहार बुझ्न थालेपछि फिदिम-२ की तृष्णा राईलाई लाग्थ्यो, 'अग्लो अनि एकान्त स्थलमा अलिकति जमिन र सानो घर होस् । सहरबजारको भीड, कोलाहल र प्रदूषणभन्दा टाढा रहने त्यो स्थानलाई आफ्नै संसार बनाएर रमाउन सकूँ ।'

२०७८ सालमा पाँचथर बहुमुखी क्याम्पसबाट स्नातक तहको अध्ययन पूरा गरेपछि श्रीमान् र बुबाआमाले उनलाई स्नातकोत्तर गर्न काठमाडौं जान सुझाए । कीर्तिपुरमा डेरा लिएर त्रिभुवन विश्वविद्यालयमा भर्ना भइन् । तीन महिना कक्षा पनि लिइन् । तर काठमाडौंको भीडभाड र प्रदूषणमा लामो समय टिक्नु आफ्ना लागि सगरमाथा आरोहण गर्नुभन्दा पनि कठिन भएको बताउँछिन् उनी ।

'कलेजमा साथीभाइ भेट्दा त रमाइलो नै हुन्थ्यो,' उनले उतिबेलाका दिन सम्झिन्, 'छुटेपछि कोठा फर्केपछि सधैं दिग्दार लाग्ने । बाहिर निस्कँदा भीड र होहल्ला । त्यसकारण चार महिना नबित्दै घर फर्किएँ ।'

काठमाडौंबाट फर्किएपछि पढ्दै केही गर्नुपर्छ भन्ने सोच आयो । कोरियामा रहेका श्रीमान् र माइतीका बुबाआमासँग सल्लाह गरेर फिदिम नगरपालिका-२ बतासेमा एक रोपनी जग्गा किनिन् । त्यो जग्गामा उनले होमस्टे चलाउने सोचिन्, तर अलि फरक शैलीमा ।

घर कस्तो बनाउने ? के कस्ता सामग्री प्रयोग गर्ने अनि व्यवसायलाई कसरी फरकपन दिने ? श्रीमान्सँग सल्लाह हुन थाल्यो । 'उहाँले रड, सिमेन्ट र सिसा प्रयोग गरेर बिल्डिङ बनाउने प्रस्ताव गर्नुभयो । तर मैले मानिनँ,' उनले भनिन्, 'मैले रैथाने सामग्री प्रयोग गरेर पितापुर्खाका पालाको झल्को दिने किसिमको मौलिक घर बनाउनुपर्ने बताएँ ।' त्यसका लागि संस्कृति झल्काउने सामग्री राख्ने, वरिपरि फूल रोप्ने र आउने पर्यटक तथा ग्राहकलाई रैथाने बालीबाट तयार पारिएका परिकार खुवाउने योजनाबारे बताइन् उनले । 'आफू पनि त्यस्तै खाएर रमाउने भन्दै जिद्दी गरेपछि श्रीमान् सहमत हुनुभयो र त्यसपछि तयार भयो मौलिक र कलात्मक शैलीको घर,' २४ वर्षीया तृष्णाले भनिन् ।

तृष्णाको आफ्नै डिजाइनमा बनाइएको 'पाहुना घर' निकै आकर्षक छ । ढुंगामाटोको गारो, खरको छानो, काठ कुँदेर बुट्टा निकालिएको बार्दली, छेउछेउमा राखिएका लालटिन, बार्दलीमाथि झुत्ता बनाएर झुन्ड्याइएका काली मकैका घोगा, चटक्क मिलेका बेडरुम, आँगनको भित्तामा संग्रहालय । संग्रहालयमा राखिएका डोको, डालो, नाम्लो, थुन्से, फुर्लङ, चिन्डो र चौंठोसहितका किरात सभ्यतामा आधारित परम्परागत सामग्री र अगाडिपट्टि चराको गुँड । यत्तिको कलात्मक संरचनालाई उनले पाहुना घर नामकरण गरेकी छन् । आजकल यही घरमा आउने आन्तरिक र बाह्य पर्यटकको स्वागत गर्न व्यस्त रहन्छिन् तृष्णा ।

शान्त र शालीन स्वभावकी उनी पाहुना घरमा आउने जोकोहीलाई हाते पत्तीबाट निर्मित रातो चिया निःशुल्क चखाउँछिन् । नास्तामा ढिँडो, सिस्नु, कोदो र फापरको रोटी, कोदोको हलुवा खुवाउँछिन् । खानामा सिजनअनुसारका रैथाने सागसब्जी रुचाउनेलाई कोदोको तोङ्बा र सुकुटी, स्थानीय कुखुराको मासु, मद्यपान गर्नेलाई कोदोबाटै बनेको तीनपाने रक्सी, आल्चा र खुर्पानीको वाइन आदि तृष्णाको पाहुना घरका विशेषता हुन् ।

चाहना गर्नेलाई किरात राई जातिका सांस्कृतिक पोसाकमा फोटो खिचाउने सुविधा पनि दिएकी छन् । झट्ट पुग्दा सुन्दर र आकर्षक लाग्ने पाहुना घरको बाहिरी आवरण र भित्रको सद्भाव जति आत्मीय छ । यो स्थान रमिता हेर्नका लागि उत्तिकै काइदाको पनि । ११ किलोमिटर तल फिदिम बजार नजिकै रमिते भ्युटावर, अलि माथि सर्पेडाँडा र लब्रेकुटी अनि ताप्लेजुङ र तेह्रथुमलगायत स्थान सजिलै देख्न सकिने ।

त्यही भएर पनि आजकल तृष्णाको पाहुना घरमा आन्तरिक र बाह्य पर्यटकको प्रायः भीड लाग्छ । फिदिम बजारको उखरमाउलो गर्मी छल्दै पृष्ठभूमिमा देखिने पर्यावरणसँग फोटो भिडियो कैद गर्न दैनिक १५/२० जना मान्छे त पुग्छन् नै । साँझ रैथाने बालीका परिकारको स्वाद चाख्दै बास बस्नेहरूको संख्या पनि उत्तिकै बाक्लो हुन्छ । उनको पाहुना घरमा पाँचथर, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, झापा, मोरङ, सुनसरीकालगायतका जिल्लाबाट आन्तरिकसँगै विदेशी पर्यटक पनि फाट्टफुट्ट देखिन्छन् ।



पाँचथरको बतासे डाँडा होमस्टे क्षेत्र हो । यहाँ २०७७ सालदेखि लालीखर्क बतासे सामुदायिक होमस्टे दर्ता भएर सञ्चालनमा थियो । तृष्णाले खरिद गरेको जग्गा बतासे होमस्टे क्षेत्रमा पर्छ । तृष्णाले पाहुना घरलाई लालीखर्क बतासे सामुदायिक होमस्टेमै दर्ता गरेकी छन् । दैनिक १५ देखि २० जनालाई खाना खुवाउन र रात बसाउन सकिने पाहुना घरमा भने उनी आफैं खट्छिन् । काममा सघाउनका लागि एकजना सहयोगी भने राखेकी छन् तृष्णाले ।

'यहाँ जो आइपुग्नुहुन्छ, सबैजना सन्तुष्ट भएर नै फर्किनुहुन्छ,' उनी भन्छिन्, 'यसैमा खुसी छु । तृष्णा पाँचथर बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र संकायतर्फ स्नातकोत्तरकी विद्यार्थी पनि हुन् । तृष्णाका श्रीमान् मोहन मगर कोरिया बस्छन् । आमा बाल विकास केन्द्रकी शिक्षिका हुन् । आमालाई भने यत्तिका पढेलेखेकी छोरीले व्यवसाय नगरेर जागिर खाइदिए हुन्थ्यो भन्ने लाग्छ । 'स्नातकसम्म पढेर पनि पाहुना घर चलाएर बस्ने ? जागिर खानुपर्छ, भन्दै सुझाउनुहुन्छ,' तृष्णा भन्छिन्, 'जागिरभन्दा पनि जन्मथलोमै केही गरौं भनेर व्यवसाय सुरु गरेकी हुँ । गर्न खोजे गाउँबस्तीमै प्रशस्तै सम्भावना छन् । इमान्दारिता र लगनशीलताचाहिँ अवश्य चाहिन्छ ।'

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — आर्थिक पक्ष सुदृढ रहनेछ । किनमेल गर्दा कुनै कुरामा विशेष छुट पाइएला । आफन्त वा प्रियजनसँग कतै जम्काभेट हुन सक्छ ।

**वृष** — समय आफू अनुकूल बन्दै जाँदा काममा सहज हुनेछ । कार्यक्षमताको राम्रो प्रदर्शन हुँदै छ । तपाईंको योग्यताको चर्चा हुन सक्छ ।

**मिथुन** — जिम्मेवारीको काम गर्दा सजग हुनुपर्नेछ । प्रतिक्रिया जनाउनुअघि राम्ररी विचार गर्नुपर्ला । सामुन्नेको व्यक्तिको अवस्थामा ध्यान दिनुपर्ने बेला छ ।

**कर्कट** — कुनै कुराले अनाहकमा रिस उठ्न सक्छ । शान्त र धैर्यपूर्वक काम गर्नुपर्ने बेला छ । बोलीमा बिराम दिँदै उपयुक्त ठाउँमा मात्र बोल्नु उचित हुनेछ ।

**सिंह** — पुनर्ताजगीका निमित्त कतै विचरण गर्न मन लाग्नेछ । तपाईंको भावना बुझी तदनुरूप चल्न खोजिनेछ । तपाईंको इच्छाको मान राखिनेछ ।

**कन्या** — समयअनुसार आफूलाई प्रस्तुत गर्न खोजिनेछ । सकभर आफ्नै काममा रम्ने प्रयास हुनेछ । अरू कुनै काममा पनि आबद्ध हुनुपर्ला ।

**तुला** — कुनै कुराले सोचनीय बनाउन सक्छ । प्राथमिकतामा अडिग रहने प्रयत्न गरिनेछ । सामयिक महत्व ध्यान दिँदै काम सम्पन्न गर्न खोजिनेछ ।

**वृश्चिक** — कुनै कुराले अनाहकमा अलमल्याउला । विभिन्न कुराले मन दोधारमा पर्ला । समय र प्राथमिकताअनुसार कामको महत्वमा जोड दिनु उत्तम रहनेछ ।

**धनु** — पारिवारिक वातावरण सुखमय रहनेछ । इच्छाएका कामकुरामा समय दिन पाइनेछ । कुनै कुराले मनमा राहत मिल्ने देखिन्छ ।

**मकर** — तपाईंको तार्किक विचारको सम्मान हुनेछ । कुनै कामका निमित्त कतै व्यस्त भइएला । सकेसम्म समयमै कामलाई पूर्णता दिन खोजिनेछ ।

**कुम्भ** — समय आफू अनुकूल सहज बन्दै जानेछ । व्यक्तिगत काममा समय दिन पाइनेछ । तपाईंको इच्छा बुझी काम गर्ने प्रयत्न हुनेछ ।

**मीन** — कुनै कुराले यत्तिकै अलमल्याउन सक्छ । आफूले सोचेअनुरूप सबै कुरा नहुन सक्छ । कुनै कुनै कुरामा सम्झौता गर्नैपर्ने हुन्छ ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

काभ्रेमा सस्तो टुक्रा तथा ठुलो प्लट बिक्रीमा ९८५१०८५८९०

बुडानिलकण्ठ हातिगौडामा १५आनाजग्गा ५५लाखको अहिले आनाको ४७लाखमा उत्तरपूर्वी मोहडा १६फिटे बाटो, ९८४३८१०८०८

माहाराजगन्ज टिचिङ्ग हस्पीटल ५० फुटे बाटोमा ०–२–०–२मा बनेको कमरसियल घर मुल्य ३करोड ३० लाख ९८१३४६८७७२

स्वयम्भू रिङरोडबाट नजिकै आतेश्वर इंचगुमा प्लानिङ्गको ०-१०-०-० प्रतिआना तीसलाखको अहिले पच्चीसलाखमात्र 9851071975, 9851053891

भक्तपुर,राधेराधे कमेरोटार प्लानिङ्गमा ३१फिटमोहडा ०-५-१-३ भाटभटेनीनजीक १३फिटेबाटोमा आकर्षक जग्गाबिक्रीमा 9702292804

सामाखुसी सरकारीधारा नजिकै साढेतिन आनामाबनेको घरबिक्रीमा ९८४१३४७९१४

भैसेपाटीमा सस्तो जग्गा विक्रिमा ९८१०२५५३६३

गुह्येश्वरी प्लानिङ्गमा ०-४-२-०साढेचार आनाजग्गा बिक्रिमा ९८०२०३१५२४

बालाजुचोक नजिकै ४५ फुटे बाटोमा ०-३-१-० कमर्सियल जग्गा बिक्रीमा ९८२८००६३३१

## सम्पर्क

सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609

सबैभन्दा सस्तोमा Cashdeposit धितोफुकुवा 9823381411

विदेशजान बैंकब्यालेन्स USA, Canada, 9851070998

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

अतिसस्तोमा विदेशजान Cashdeposit धितोफुकुवा 9841979508

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा 9801045218

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

## विविध विक्रीमा

रिङ्गरोडको पर्यटन ट्रेनिङ्ग इन्स्टीच्युट ९८६२२१७५०८

## निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सेप्टिट्याङ्की सफाई गाडीमा १५००।- 9843768737

सेप्टीट्याङ्कीसफाई ठुलोगाडीमा मेसिनबाट 015251092, 9851024364

सस्तोमा ढलटवाइलेट जामखोल्ने 100% 9841000096

ढलट्वाइलेट मंगल जामखोल्ने सस्तोमा 9841168115

## भाडामा

Groundfloor-flat with-parking at-prime location hanumanchok anamnagar (Office-only) 9868731740, 015705051

गल्कोपाखा, ठमेलमा गोदाम, कारखाना लगायतको लागि उपयुक्त टहरा भाडामा Three Phase Line 5000 Sq.Ft. 9851078825

मध्यबानेश्वर कात्यानी चोकनजिक ५.५तल्ले पार्किङ, लिफ्टसहितको नयांघर अफिसकोलागि फ्ल्याट वा पुरै भवन भाडामा ९८२३८१९६८७

सानुठिमीको सटर भाडामा लिनुचाहनेले तुसम्पर्क ९८०८८७०१९५

## चाहियो

सेक्यूरिटी गार्ड तु.अर्जेन्ट १९०००-२३०००।- ९८२३००५३८४

कुक किचेन स्टाफ डेलिभरीस्टाफ ०१५९०९०३०

Salesboys, Salesgirls चाबहिल 17,500/- 9804106607, 9847300700

पसलमा कामगर्ने महिला स्टाफ 9851044706

Wanted pre school grade teacher MOHS, Sinamangal, 9851096208

मुस्ताङकोलागि all-rounder waiter, house keeping (बिवाहितजोडी भए हुने) तुचाहियो सम्पर्क 9841437371

कस्मेटिकमा इमान्दार महिला 15,000/- 9828894730

सेकुवापोल्ने १जना खानबस्न-१४,०००, वेटर-२जना ृ पास-१२०००।- ६महिनाको अनुभव, वानियांटार ९८६१३९३६५५

म:म: मेकर, डिस वासर 9766902921

Travel/Tours चलाउनसक्ने अनुभबि अलराउण्डर 20K 9806200025 Call only 12:00to4.00pm

होस्टलकोलागि महिला कुक चाहियो ९८४८०३७२६७ नयांबानेश्वर

WG कम्पनीलाई 22,500/- 9818045130, 9746425485

महिला रिसेप्सनिष्ट बालाजु माछापोखरी ९८४१४०४२१७

क्यान्टिनकोलागि कर्मचारी आवश्यकता कुक-४, डिसवासर-४, ९८५१३१५६०४

ससेज फ्याक्ट्रीकोलागि अनुभवी मार्केटिङ्ग स्टाफ तलब ३५,०००+ बोनस 9824711121

थापाथली घरमैबस्ने भान्से महिला, ९८०१०४१६५२

जावलाखेलमा कुक, वेटर चाहियो 9849669465

## मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

डलमंगााल टवाइलेट जामखोल्ने सेफटीटंयाकीसफाई 9808849489

## तालिम

हाउसवाइरीङ्ग, टेलिभीजन, मोबाइल, प्लम्बिङ्ग, 9851177341

## उपचार

जस्तोसुकै यौनकमजोरीका लागि हर्वलसप्लीमेन्ट ९८४९२९२०५०

३०/४० मिनेटसम्म सिघ्रस्खलन रोक्ने Germany Spry 9849051161

## बिहावारी

देशविदेशमा बस्ने उत्कृष्ठ भविष्य भएका नर्स, ईन्जिनियर कालागि उपयुक्त बरबधु चाहिएमा ९८४२९८११७८

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १३३.८४ |
| युरो | १४२.९५ |
| पाउन्ड स्टर्लिङ | १६८.७१ |
| अस्ट्रेलियन डलर | ८८.५४ |
| कतारी रियाल | ३६.५५ |

राष्ट्र बैंकको आधारमा

सुन रू. १,४२,३००

चाँदी रू. १,८१५

# बोर्ड अध्यक्षमा तीन जना सिफारिस गर्न नसके प्रक्रिया रद्द गर्न सुझाव

## परेका आवेदनमध्ये ३ जना सिफारिस गर्नुपर्ने व्यवस्था रहेकाले २ जना मात्र सिफारिस गर्न नमिल्ने महान्यायाधिवक्ताको कार्यालयको राय

**यज्ञ बञ्जाडे** (काठमाडौं)

नेपाल धितोपत्र बोर्ड (सेबोन) अध्यक्षका लागि कानुनअनुसार प्रक्रिया मिलाएर तीन जना सिफारिस गर्नुपर्ने र त्यसो हुन नसके रद्द गर्न सकिने राय महान्यायाधिवक्ताको कार्यालयले दिएको छ । परेका आवेदनमध्ये तीन जना सिफारिस गर्नुपर्ने व्यवस्था ऐनमै रहेकाले बोर्ड अध्यक्षमा दुई जना मात्र सिफारिस गर्न नमिल्ने कार्यालयको राय छ । यसअघि अध्यक्ष छनोट सिफारिस समितिले तीन वटा विकल्प दिएर कानुनी राय मागेको थियो । त्यसकै जवाफ दिँदै मंगलबार महान्यायाधिवक्ता कार्यालयले कि तीन जना पठाउने र त्यसो हुन नसके प्रक्रिया रद्द गर्न सुझाएको अर्थ मन्त्रालय स्रोतले जनाएको छ ।

'महान्यायाधिवक्ताको पत्रमा सिफारिस समितिले 'सर्ट लिस्ट' मा परेका पाँच जनामध्ये तीन जनालाई सिफारिस गर्ने वा सम्पूर्ण प्रक्रिया नै रद्द गरी नयाँ सुरु गर्ने भन्ने सम्बन्धमा सिफारिस समितिले नै निर्णय गर्न सक्ने राय दिएको छ,' स्रोतले भन्यो, 'तर पाँचमध्ये भनिए पनि कार्ययोजना प्रस्तुति र अन्तर्वार्तामै अनुपस्थितलाई कसरी सिफारिस गर्ने भन्ने अप्ठ्यारो छ ।'

धितोपत्र ऐनको व्यवस्थाअनुसार राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठको संयोजकत्वमा गठन भएको अध्यक्ष छनोट सिफारिस समितिले यही असार २ मा सर्ट लिस्टमा परेका पाँच जनालाई कार्ययोजना प्रस्तुति तथा अन्तर्वार्ताका लागि बोलाएको थियो । त्यस दिन जम्मा दुई जना सन्तोषनारायण श्रेष्ठ र मुक्तिनाथ श्रेष्ठ मात्र उपस्थित थिए । अनुपस्थित बाँकी तीन जना कृष्णबहादुर कार्की, नवराज अधिकारी र चिरञ्जीवी चापागाईंका लागि गत बुधबार (असार ५ मा) बोलाइएको थियो । त्यसपछि पनि बाँकी तीन जना प्रतिस्पर्धी कार्यपत्र प्रस्तुति तथा अन्तर्वार्तामा उपस्थित नभएपछि बोर्डको अध्यक्ष नियुक्ति प्रक्रिया झनै अन्योलमा परेको छ । यही कारण सिफारिस समितिले महान्यायाधिवक्ता कार्यालयसँग कानुनी राय मागेको थियो ।

धितोपत्र ऐन, २०६३ को दफा ७ को उपदफा ४ मा सिफारिस समितिले योग्यता पुगेका उम्मेदवारबाट कम्तीमा तीन जना व्यक्तिको नाम सिफारिस गर्नुपर्ने व्यवस्था छ । ऐनमा उम्मेदवारहरूको मूल्यांकन प्रक्रियाबारे स्पष्ट व्यवस्था नभए पनि सिफारिस समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने र सोहीबमोजिम तीन जना उम्मेदवार सिफारिस गर्नुपर्ने प्रावधान छ । 'समितिले नाम सिफारिस गर्दा यस ऐनबमोजिम योग्यता पुगेका कम्तीमा तीन जना व्यक्तिको नाम सिफारिस गर्नेछ,' धितोपत्र ऐनमा भनिएको छ, 'समितिले अध्यक्षको नाम सिफारिस गर्दा आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।'




ऐनको व्यवस्थाअनुसार सिफारिस समितिले कार्यविधि निर्माण पनि गरेको छ । 'नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी कार्यविधि, २०८०' नाम दिइएको उक्त कार्यविधिमा कार्ययोजना प्रस्तुति र अन्तर्वार्तामा ४८ अंक छुट्याइएको छ । व्यावसायिक कार्ययोजना र शैक्षिक योग्यतामा ५२ अंक छ । यसरी कुल अंकको झन्डै आधा हिस्सा छुट्याइएको कार्ययोजना प्रस्तुति र अन्तर्वार्तामै अनुपस्थित रहेका व्यक्तिलाई कसरी सिफारिस गर्ने भन्ने सम्बन्धमा समिति अन्योलमा परेको छ ।

'प्राप्त आवेदकहरूको शैक्षिक योग्यताबापतको प्राप्तांक तथा पेस भएको व्यावसायिक कार्ययोजनाबापतको प्राप्तांकको योगफल निर्धारण गरी उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारमध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारहरूको संक्षिप्त सूची तयार गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि छनोट गरिनेछ,' कार्यविधिमा भनिएको छ, 'व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि उपस्थित उम्मेदवारहरूको शैक्षिक योग्यताबापतको प्राप्तांक, पेस भएको व्यावसायिक कार्ययोजनाबापतको प्राप्तांक, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको औसत प्राप्तांक तथा अन्तर्वार्ताको औसत प्राप्तांकको योगफल निर्धारण गरी उच्चतम अंक प्राप्त गर्ने तीन जना उम्मेदवारहरूको नाम वर्णानुक्रमअनुसार सिफारिस गरिनेछ ।' यसरी ऐनमा स्पष्ट नभए पनि कार्यविधिमा कार्ययोजनाको प्रस्तुति र अन्तर्वार्तामा समावेश भएका मध्ये तीन जना सिफारिस गर्नुपर्ने स्पष्ट व्यवस्था रहेकाले अहिलेकै अवस्थामा प्रक्रिया अघि बढाउन समितिलाई अप्ठ्यारो परेको स्रोतले बताएको छ ।

अर्थतन्त्रको मुख्य सूचकका रूपमा मानिने पुँजी बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्ड पछिल्लो ६ महिनादेखि नेतृत्वविहीन छ । गत पुस २० मा निवर्तमान अध्यक्ष रमेशकुमार हमालको कार्यकाल सकिएपछि रिक्त भएको उक्त पदमा अहिलेसम्म पनि सरकारले अध्यक्ष नियुक्त गर्न सकेको छैन । अध्यक्ष नभएकै कारण गत पुसयता प्राथमिक निष्कासन (आईपीओ), थप निष्कासन प्रक्रिया (एफपीओ), ऋणपत्र, हकप्रदलगायत धितोपत्रको अनुमति प्रक्रिया रोकिएको छ ।

आखिर सरकारले ६ महिनासम्म पनि किन बोर्ड अध्यक्ष नियुक्त गर्न सकेन ? योग्य, अनुभवी उम्मेदवार नपाएर हो वा अरू कुनै कारण ? यो प्रश्नको उत्तरका लागि निजी क्षेत्रको लगानीमा ल्याउन लागिएको स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रियासम्म पुग्नैपर्छ । नयाँ स्टक एक्सचेन्जका लागि मुख्य व्यापारिक घरानाबीच ठूलो शीतयुद्ध चलिरहेको छ । व्यापारिक घरानाकै प्रभावमा परेर धितोपत्र बोर्डका पूर्वअध्यक्ष हमालले नीति परिवर्तन गरेर प्राइभेट लिमिटेड कम्पनीले पनि स्टक एक्सचेन्जमा लगानी गर्न पाउने व्यवस्था गरेका थिए । यही कारण व्यापारिक घराना जसरी भए पनि एक्सचेन्जको लाइसेन्स आफ्नो पोल्टामा पार्ने रस्साकसीमा छन् । यस प्रक्रियामा एमाले, कांग्रेस, माओवादीलगायत मुख्य दलका नेताको पनि मिलेमतो छ ।

नयाँ स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रियामा ठूलो आर्थिक चलखेल भएको र त्यसको हिस्सा मुख्य दलका नेतृत्वसम्म पनि पुगेकाले आफ्नो मान्छे नियुक्त गर्ने वातावरण नहुँदासम्म बोर्ड अध्यक्ष नियुक्त हुन नदिने रणनीतिमा उनीहरू छन् । यही कारण ६ महिनासम्म पनि अध्यक्ष नियुक्त गर्न नसकिएको हो । 'बोर्डको अध्यक्ष नियुक्तिको ढिलाइ गठबन्धन सरकारको आयुसँग पनि जोडिएको छ,' स्रोतले भन्यो, 'यसकारण सत्तापक्ष मुख्य दल एमाले र माओवादी आफ्नो अडानबाट पछि हटेका छैनन् । ती दलको द्वन्द्वबीच सिफारिस समिति पिल्सिएको छ ।'

स्रोतका अनुसार निश्चित व्यक्तिलाई अध्यक्ष बनाउन ठूला दलका नेतृत्वबाटै अर्थ मन्त्रालयलाई दबाब आएपछि बाँकी तीन जना कार्ययोजना प्रस्तुति र अन्तर्वार्तामा अनुपस्थित रहेका हुन् । 'जसरी भए पनि आफ्नो मान्छे अध्यक्ष बनाउने त्यो नभए प्रक्रिया नै अघि बढ्न नदिने ध्याउन्नमा सत्ताधारी दल रहेकाले अध्यक्ष नियुक्ति प्रक्रिया बन्धक बनेको छ,' स्रोतले भन्यो । **बाँकी पृष्ठ ८**

# इजरायलमा केयर गिभर पठाउने प्रक्रिया सुरु

## छानिएका कामदारलाई इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएका व्यक्तिको स्याहारको काम

**होम कार्की** (काठमाडौं)

दुई सय ६३ दिनदेखि प्यालेस्टिनी विद्रोही समूहसँग युद्ध गरिरहेको इजरायलमा थप ८ सय जना नेपाली केयर गिभर पठाउन वैदेशिक रोजगार विभागले मंगलबारबाट प्रक्रिया अगाडि बढाएको छ । नेपाल र इजरायलबीच भएको श्रम सम्झौताअनुसार सरकारी संयन्त्रमार्फत नै केयर गिभर छनोट गरी पठाउने प्रक्रिया अगाडि बढाइएको हो । यसमा ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष छन् ।

छानिएका नेपाली कामदारले इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएका व्यक्तिको स्याहारका लागि काम गर्नुपर्ने विभागले जनाएको छ । आठ सय जना छनोटका लागि विभागले २१ दिनभित्र आवेदन दिन गइसकेका विभागका इजरायल-जापान शाखाका निर्देशक गिरिराज ज्ञवालीले बताए । ४६ जना उड्ने प्रक्रियामा छन् । 'अहिलेसम्म जति जना सहायक कामदारका रूपमा गएका छन्, कसैको समस्या आएको छैन,' उनले भने ।

इजरायल र हमास लडाकुबीच युद्ध भए पनि इजरायलमा रहेका कामदार सुरक्षित छ । त्यसैले परराष्ट्र मन्त्रालयको सुझावका आधारमै कामदार पठाइएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले जनाए ।

गत अक्टोबर ७ मा हमास लडाकु समूहले गाजा क्षेत्रसँग जोडिएको इजरायलका विभिन्न ठाउँमा आक्रमण गरेपछि युद्ध सुरु भएको हो । आक्रमणमा लर्न एन्ड अर्न कार्यक्रमअन्तर्गत कृषिको काममा गएका मध्ये १० जना नेपाली




मंगलबार सूचना प्रकाशन गरेको छ । इजरायलले २०२२ को अगस्टदेखि दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारका रूपमा केयर गिभर लैजान थालेको हो । अहिलेसम्म १३ सय जना विद्यार्थीसहित १२ सय जना मारिएका थिए । कञ्चनपुरका विपिन जोशीसहित १ सय २० जना अझै हमास लडाकुको कब्जामा छन् । **बाँकी पृष्ठ ८**





## ६.९९ प्रतिशतमा हुन्डाई भेन्यु

काठमाडौं (कास)- हुन्डाई गाडीको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले आफ्नो भगिनी संस्था लक्ष्मी मोटर कर्पोरेसनबाट नेपालमा एसेम्बल गरिएको भेन्युको मूल्य सार्वजनिक गर्दै बिक्री सुरु गरेको छ। नेपालमै हुन्डाई भेन्युको व्यावसायिक उत्पादन गरिएकालाई हुन्डाई नेपाल : मेड फर योर जर्नी ग्राहकमुखी योजना ल्याएको छ। यस योजनामा हुन्डाई भेन्यु खरिद गर्दा ६.९९ प्रतिशत फाइनान्सिङको व्यवस्था, १० वर्षको निःशुल्क सर्भिसिङ र ३ वर्षको वारेन्टी रहने कम्पनीले जनाएको छ। लक्ष्मी मोटर कर्पोरेसन नेपालमा लक्ष्मी ग्रुपको लगानी तथा हुन्डाई मोटर कम्पनीसँगको प्राविधिक सहकार्यमा स्थापना भएको हो।

## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः २०८१/०३/१२ गते)**

तपसिल बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथाअन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नु हुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनु हुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैंले सकार गरि लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**धितो लिलाम बिक्री हुने मितिः** २०८१ साल श्रावण महिना १६ गते

**सम्बन्धित कार्यालय :** शाखा कार्यालय चावहिल **लिलाम हुने स्थान :** बागमती प्रदेश कार्यालय गौशाला, काठमाण्डौं।

**ग्राहकको विवरण**

**कम्पनीको नामः** सिरुवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. **अख्तियार प्राप्त संचालकको नाम :** श्री दिनेश पौड्याल **दर्ता भएको कार्यालयः** भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय **कम्पनीको दर्ता नं.:** १२२९ **दर्ता मितिः** २०४५/०६/१७ **पान नं.:** ३००५५०५४।

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सरल ठेक्का / जमानत दावी कर्जा/ ४६०५१९ | राजुभाई सैजु | काठमाण्डौं | गोठाटार | ०९ | २९५ | २५४.३५ ब. मि. | उक्त जग्गामा बनेको लिगलिगापात समेत |
| | रामशरण घिमिरे | काठमाण्डौं | जोरपाटी | ०७ | २३२ | ८६६.०८ ब. मि. | उक्त जग्गामा बनेको घर समेत |
| | निर्मला निरौला कोईराला | काठमाण्डौं | गोठाटार | ०८ | २६५ | ९५.३९ ब. मि. | उक्त जग्गामा बनेको घर समेत |
| | | | गोठाटार | ०८ | ३४८ | १५.९० ब. मि. | |
| | दिनेश पौडेल | काठमाण्डौं | गोठाटार | ०८ | १३१ | १२७.१० ब. मि. | उक्त जग्गामा बनेको घर समेत |
| | | मकवानपुर | ज्यामिरे | ४ | १९२२ | २३७.०२ ब. मि. | |
| | दिनेश पौडेल अनिल कुवर | मकवानपुर | ज्यामिरे | ४ | १९१८ | २४५.४८ ब. मि. | |
| | अनन्त सिंखडा | काठमाण्डौ | थली डाछी | ७ | १९५ | २६७०.८६ ब. मि. | |
| | बरुणा पौडेल | काठमाण्डौं | का.म.न.पा | ३५ | ४२२ | ११९.२५ ब. मि. | उक्त जग्गामा बनेको घर समेत |
| | सपना कोईराला अनिल कुवर | मकवानपुर | ज्यामिरे | ४ | १७७७ | ३८५.१९ ब. मि. | |
| | | | ज्यामिरे | ४ | १७७९ | १८२ ब. मि. | |
| | सपना कोईराला | मकवानपुर | ज्यामिरे | ४ | १७७६ | १९८.९३ . मि. | |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| श्री प्रसुन घिमिरे | गोकर्णेश्वर न.पा. - ०८ काठमाण्डौ | ७४३७ | काठमाडौ/२०५३/१०/१५/ जिल्ला प्रशासन कार्यालय काठमाण्डौं | रामशरण घिमिरे | तुल्सी प्रसाद घिमिरे |
| श्री दिनेश पौडेल | कागेश्वरी मनोहरा न.पा १३ काठमाण्डौ | ३२ | काठमाडौ/२०५४/०४/०९/जिल्ला प्रशासन कार्यालय काठमाण्डौं | त्रैलोक्य चन्द्र पौडेल | सोम प्रसाद पौडेल |
| श्री हरी प्रसाद सुबेदी | फेदिखोला गा.पा. वडा नं ०१ स्याङजा | ४२१४ | स्याङजा/२०४४/०२/१९/जिल्ला प्रशासन कार्यालय स्याङजा | उमापति सुबेदी | ब्रम्हापति सुबेदी |
| श्री सुरेन्द्र प्रसाद फुँयाल | कागेश्वरी मनहरा न.पा-६ काठमाण्डौं | २७८७४२/ १६०३१ | काठमाडौ/२०५६/१०/१७/जिल्ला प्रशासन कार्यालय काठमाण्डौं | कान्छा प्रसाद फुँयाल | ईश्वरी प्रसाद फुँयाल |
| श्री अनन्त सिंखडा | कागेश्वरी मनहरा न.पा-५ काठमाण्डौ | ४७७१/४०९ | काठमाडौ/२०५३/०७/२५/जिल्ला प्रशासन कार्यालय काठमाण्डौं | केदार प्रसाद सिंखडा | साधुराम सिंखडा |
| श्री सुवाश तामाङ | सैलुङ्गगा.पा.१ दोलखा | २२–०१–७०–००७८२ | दोलखा/२०७०/०२/३०/जिल्ला प्रशासन कार्यालय दोलखा | चन्द्र तामाङ | बालिसिंग तामाङ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| श्री राजुभाई सैजु | कागेश्वरी मनहरा न.पा १३ | ८९६ | भक्तपुर २०५४/०४/०९ जिल्ला प्रशासन कार्यालय भक्तपुर | हेरालाल | रत्नलाल |
| श्री राम शरण घिमिरे | गोकर्णेश्वर न.पा - ०८ | १३०३६ | काठमाडौ २०४१/११/२१ जिल्ला कार्यालय काठमाण्डौं | तुल्सी प्रसाद | धननाथ |
| श्री निर्मला निरौला कोईराला | कागेश्वरी मनहरा न.पा -१३ | ५२९६१९०७ | सर्लाही/२०३७/०६/०२/जिल्ला कार्यालय सर्लाही | पुरुषोत्तम कोईराला | पतिः सनत कुमार |
| श्री बरुणा पौडेल | का.म.न.पा ३२ काठमाण्डौं | १०२९ | काठमाडौ/२०५४/०३/२३/जिल्ला प्रशासन कार्यालय काठमाण्डौं | सोम प्रसाद | गिलोचन सुवेदी |
| श्री सपना कोईराला | कागेश्वरी मनहरा न.पा १३ | ३१७७ | सिराहा/२०५९/०६/२३/ जिल्ला प्रशासन कार्यालय सिराहा | सनत कुमार कोईराला | पुरुषोत्तम कोईराला |
| श्री अनिल कुवर | सिद्धेश्वर-०२ अछाम | ३८७७८ | अछाम/२०६२/०९/१९/ जिल्ला प्रशासन कार्यालय अछाम | राम बहादुर | दल बहादुर |
| श्री अनन्त सिंखडा | कागेश्वरी मनहरा न.पा-५ काठमाण्डौ | ४७७१/४०९ | काठमाडौ/२०५३/०७/२५/ जिल्ला प्रशासन कार्यालय काठमाण्डौं | केदार प्रसाद सिंखडा | साधुराम सिंखडा |
| श्री दिनेश पौडेल | कागेश्वरी मनोहरा न.पा.१३ काठमाण्डौ | ३२ | काठमाडौ/२०५४/०४/०९/ जिल्ला प्रशासन कार्यालय काठमाण्डौं | त्रैलोक्य चन्द्र पौडेल | सोम प्रसाद पौडेल |

**शर्तहरु :**

१ धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुने छ।

२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्ने छ।

३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी बापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्ने छ।

४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्ने छ। बुझाउनु पर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुने छ।

५) लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दावी गर्न पाइने छैन।

६) डाँक बढाबढको सुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट सुरुवात गरिने छ।

७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।

८) लिलाम सदर भए पश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्ने छ।

९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।

१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**गौशाला, काठमाडौं।**

# बक्यौताको सवा ८ अर्ब मात्र भुक्तान गर्न उद्योगीलाई प्राधिकरणको पत्र

### कुल बक्यौता रकम ६ अर्ब ६० करोड रुपैयाँ छ, त्यसमा २५ प्रतिशत थप दस्तुर जोडेर पत्र पठाउन भनिसकेका छौं : प्राधिकरण

**कान्तिपुर संवाददाता** (काठमाडौं)

लामो समयदेखि विवादित र गिजोलिँदै आएको डेडिकेटेड र ट्रंक लाइनसम्बन्धी बक्यौता उठाउन नेपाल विद्युत् प्राधिकरण फेरि तातेको छ। प्राधिकरणले उद्योगीहरूलाई पत्र पठाएरै १५ दिनभित्र बक्यौता तिरिसक्न भनेको छ। उद्योगीले प्राधिकरणलाई तिर्नुपर्ने कुल बक्यौता रकम ६ अर्ब ६० करोड रुपैयाँ हो। तर विद्युत्को बिल तिर्न ६० दिन कटिसकेकाले त्यसमा २५ प्रतिशत थप दस्तुर जोडेर भुक्तानी गर्न प्राधिकरणले उद्योगीलाई भनेको हो।

६१ उद्योगलाई डेडिकेटेड र ट्रंक लाइनसम्बन्धी बक्यौता रकमको पत्र पठाउन वितरण केन्द्रलाई निर्देशन दिइसकिएको प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले जनाए। '०७२ माघदेखि ०७५ वैशाखसम्म बक्यौता नतिरेका ६१ उद्योगलाई बक्यौता रकममा थप २५ प्रतिशत दस्तुरसहितको पत्र पठाउन आइतबार नै वितरण केन्द्रलाई निर्देशन दिइसक्यौं,' उनले भने, 'कुल बक्यौता रकम ६ अर्ब ६० करोड रुपैयाँ छ, त्यसमा २५ प्रतिशत थप दस्तुर जोडेर पत्र पठाउन भनिसकेका छौं।' सामान्य ग्राहकलाई ६० दिन कटेपछि २५ प्रतिशत थप दस्तुर लाग्ने गरेको उनको भनाइ छ। प्राधिकरण मातहतका वितरण केन्द्रहरूले ०७२ माघदेखि ०७५ वैशाखसम्मको थप दस्तुर जोडेर डेडिकेटेड र ट्रंक लाइनमार्फत विद्युत् प्रयोगबापतको बक्यौता पठाएको छ।

गत पुस २४ मा मन्त्रिपरिषद् बैठकले डेडिकेटेड र ट्रंक लाइन बक्यौता विवाद अध्ययन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा तीन सदस्यीय आयोग गठन गरेको थियो। उक्त विद्युत् महसुल विवाद समाधान जाँचबुझ आयोगले गत वैशाख २३ मा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतलाई प्रतिवेदन बुझाएको थियो। सोही प्रतिवेदन कार्यान्वयन गर्न प्रधानमन्त्री कार्यालयबाट गत वैशाख २७ मा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई पत्र पठाएको थियो। ऊर्जा मन्त्रालयले जेठ २० मा प्रधिकरणलाई मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न पत्र पठायो।

ऊर्जा मन्त्रालयले पत्र पठाएपछि कुन उद्योगको कति बक्यौता रकम भनेर यकिन गर्न प्राधिकरणका निर्देशक गणेश लुइँटेलको संयोजकत्वमा ७ सदस्यीय समिति बनाएको थियो। सोही समितिको प्रतिवेदनमा कुन उद्योगको कति बक्यौता रकम भन्ने यकिन गरिएको छ। प्राधिकरणको सञ्चालक समितिको असार ४ मा बसेको ९७३ औं बैठकले ०७२ माघदेखि ०७५ वैशाखसम्म डेडिकेटेड/ट्रंक लाइनबाट विद्युत् प्रयोग गरेको थप महसुल (२५ प्रतिशत दस्तुरसहित) असुलउपर गर्ने निर्णय गऱ्यो। उल्लिखित उपभोक्ताहरूलाई सम्बन्धित वितरण केन्द्रबाट पत्राचार गर्न प्राधिकरणका कार्यकारी निर्देशकबाट असार ९ मा निर्णय भएको थियो। सोहीअनुसार वितरण केन्द्रले उद्योगहरूलाई पत्र पठाएको हो।

०७२ साउनदेखि पुससम्म तत्कालीन महसुल निर्धारण आयोगबाट महसुल निर्धारण भइनसकेको र यससम्बन्धी मुद्दा अदालतमा विचाराधीन छ। ०७५ जेठदेखि ०७७ असारसम्म प्राधिकरणको सूचनाअनुसार नै लोडसेडिङ अन्त्य भइसकेको घोषणा गरिसकेको उठाउन नमिल्ने आयोगले जनाएको छ। ०७२ माघदेखि ०७५ वैशाखसम्मको हकमा डेडिकेटेड लाइन लिएकाको हकमा '२४ घण्टा विद्युत् आपूर्ति हुनुपर्ने, विद्युत् आपूर्ति भएका दिन तथा अवधि यकिन गरी सो दिनहरूका डेडिकेटेड लाइनका महसुल लिन छुट भएका महसुल लिन पाइने देखिन्छ, यस सम्बन्धमा प्राधिकरण आफैंले जारी गरेका लोडसेडिङसम्बन्धी सूचनासमेत ध्यानमा राखी डेडिकेटेड लाइनमार्फत सम्बन्धित ग्राहकलाई विद्युत् आपूर्ति भएका दिन तथा अवधि यकिन गरी पुनः हिसाब गरी छुट महसुल लिनुपर्नेछ,' गिरीशचन्द्र लाल संयोजकत्वको आयोगको प्रतिवेदनमा उल्लेख छ।

ट्रंक लाइनको हकमा कम्तीमा ६ घण्टा लोडसेडिङ भएको अवस्थामा समेत कम्तीमा निरन्तर २० घण्टा विद्युत् आपूर्ति भएको अवस्थालाई कायम गरेको देखिनाले त्यसरी आपूर्ति भएका दिन तथा अवधिलाई यकिन गरी सो समयावधिमा भएका विद्युत् आपूर्तिलाई ट्रंक लाइनको मापदण्डअनुसार विद्युत् आपूर्ति भएको मानी छुट महसुल लिन पाइने देखिन्छ। प्राधिकरणले जारी गरेको लोडसेडिङसम्बन्धी सूचना ध्यानमा राखी सम्बन्धित ग्राहकलाई ट्रंक लाइनको मापदण्डअनुसार विद्युत् आपूर्ति भएका दिन तथा अवधि यकिन गरी पुनः हिसाब गरी छुट महसुल लिनुपर्ने आयोगको प्रतिवेदनमा छ।

तर आयोगको प्रतिवेदन पालना नगरी प्राधिकरणले हचुवाको भरमा पत्र पठाएको नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारकाले बताए। 'कुन महिनाको कति पैसा ? कति प्रिमियम दर ? केही खुलाएको छैन। यो समयदेखि यो समयसम्मको यति पैसा भनेर मात्र पठाएको छ,' उनले भने, 'प्राधिकरणले पठाएको पत्रअनुसार पैसा तिर्न सक्दैनौं।' डेडिकेटेड र ट्रंक लाइनमा तोकिएको मापदण्डअनुसार पनि प्राधिकरणले बक्यौता यकिन नगरेको उनको आरोप छ। कुन महिना, कति र केका आधारमा गणना गरिएको भन्ने स्पष्ट पार्नसमेत प्राधिकरणलाई पत्र पठाइसकेको उनको भनाइ छ।

०७२ माघदेखि ०७५ वैशाखसम्म तत्कालीन आयोगबाट महसुल निर्धारित भइसकेको र अवधिलाई केन्द्रित गरी आयोगले प्रतिवेदनमार्फत राय बुझाएको थियो। बक्यौता उठाउन प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशन भन्दै गत पुस ६ बाट प्राधिकरणले बिजुली काट्न सुरु गरेका उद्योगको संख्या पुस २३ मा २४ पुगेको थियो। त्यसमध्ये हिमाल आइरनले बक्यौता रकम तिरेर बिजुली जोडेको थियो। बाँकी उद्योगका सञ्चालक भने प्राधिकरणले टीओडी मिटरको तथ्यांक नदेखाएसम्म बक्यौता नतिर्ने अडानमा थिए। प्राधिकरण भने बक्यौता उठाइछाड्ने अडानमा थियो। प्राधिकरणले बिजुली काट्न सुरु गरेदेखि नै उद्योगीले उच्चस्तरीय आयोग गठन गरी समस्या समाधान गर्नुपर्ने माग राख्दै आएका थिए।

बिजुली काटिएको १९औं दिनमा निजी क्षेत्रको मागअनुरूप सरकारले आयोग गठन गरेको थियो। नेपाल उद्योग वाणिज्य महासंघले पुस ९ मा विज्ञप्ति जारी गर्दै डेडिकेटेड र ट्रंक लाइन विवाद समाधान गर्न उच्चस्तरीय अधिकार सम्पन्न आयोग गठन गर्न माग गरेको थियो। लगत्तै पुस १३ मा नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालको नेतृत्वमा प्रभावित उद्योगीको टोलीले प्रधानमन्त्री दाहालसँगको भेटमा जाँचबुझ ऐन, ०२६ का आधारमा सर्वोच्च अदालतका पूर्वन्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय आयोग गठन गर्न माग गरेको थियो।

गत पुस २४ मा मन्त्रिपरिषद् बैठकले डेडिकेटेड र ट्रंक लाइन बक्यौता विवाद अध्ययन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा तीन सदस्यीय आयोग गठन गरेको थियो। ऊर्जा मन्त्रालयका जलस्रोत तथा सिँचाइ सचिव सरिता दुवाडी, उद्योग मन्त्रालयका वाणिज्य तथा आपूर्ति सचिव दिनेश घिमिरे आयोगका सदस्य थिए। आयोग गठनसँगै लाइन काटिएका २३ वटा उद्योगको विद्युत् सञ्चालन गर्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको थियो। पुस २७ मा प्राधिकरणको सञ्चालक समितिको निर्णयपछि बल्ल उद्योगमा बिजुली जडान गरिएको थियो।

### कुन उद्योगको बक्यौता कति ?

(थप २५ प्रतिशत दस्तुरसहित)

- जगदम्बा स्टिल : १ अर्ब ६० करोड
- मारुती सिमेन्ट : ५७ करोड
- अर्घाखाँची सिमेन्ट : ४४ करोड ८६ लाख
- त्रिवेणी स्पिनिङ मिल्स : ३२ करोड
- लक्ष्मी स्टिल : २३ करोड ७९ लाख
- जगदम्बा सेन्थेटिक : २० करोड ५० लाख
- बुटवल सिमेन्ट : १८ करोड ४५ लाख
- अशोक स्टिल : १७ करोड ५८ लाख
- डाबर नेपाल : १४ करोड ५१ लाख
- हुलास स्टिल : १४ करोड
- हिमाल आइरन एन्ड स्टिल : १३ करोड ६५ लाख
- सर्वोत्तम सिमेन्ट : ११ करोड ९६ लाख
- कसमस सिमेन्ट : ९ करोड
- एभरेस्ट पेपर मिल : ९ करोड
- हामा आइरन : ५ करोड
- त्रिवेणी सेन्थेटिक यार्न : ४ करोड
- विशाल सिमेन्ट : ३ करोड ३५ लाख
- सूर्य नेपाल : ३ करोड
- घराना फुड्स : १ करोड ८७ लाख
- सिद्धार्थ पेट प्लास्ट : १ करोड ८२ लाख
- एसआर फुड्स : १ करोड ४८ लाख
- गोयन्का फुड्स : १ करोड ४७ लाख
- पञ्चकन्या स्टिल : ५२ लाख १९ हजार
- श्याम प्लास्टिक : ४९ लाख
- जीबी टेक्सटाइल : ३५ लाख ८२ हजार
- भलबारी चामल कारखाना : २९ लाख ९३ हजार
- पञ्चकन्या प्लास्टिक : २४ लाख ६३ हजार
- एभरेस्ट रोलिङ मिल : १७ लाख ५७ हजार
- एसआर स्टिल इन्डस्ट्री : १६ लाख २४ हजार
- जीबी टेक्सटाइल (५८२) : १४ लाख ११ हजार
- न्यू नारायण रबर इन्डस्ट्री : १० लाख २५ हजार
- नेपाल टेलिकम : १० लाख २४ हजार
- यशोदा फुड्स : ४ लाख २५ हजार
- सोना प्याकेजिङ : ३ लाख ५५ हजार
- सोना पोलिमर : ३ लाख ४६ हजार
- शुभलक्ष्मी पोलिमर्स : ३ लाख
- नव नेपाल प्लास्टिक : २ लाख
- एजी हेल्थ इन्डस्ट्री : ७६ हजार
- जय दुर्गा प्लास्टिक : ७० हजार
- नेसनल रबर इन्डस्ट्री : ५९ हजार

## बोर्ड अध्यक्षमा...

अध्यक्ष छनोटका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा अर्थ सचिव र एक जना स्वतन्त्र विज्ञसहितको तीन सदस्यीय सिफारिस समिति गठन गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार सरकारले गत माघमै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष श्रेष्ठको संयोजकत्वमा अध्यक्ष सिफारिस समिति गठन गरेको थियो। समितिले गत फागुनमै आवेदन आह्वान पनि गरेको थियो, जसमा १९ जनाले आवेदन दिएका थिए। आवेदन प्राप्त भएको एक महिनापछि गत चैतमा सिफारिस समितिले ५ जनालाई सर्टलिस्ट गरेको थियो। त्यति बेलै उनीहरूलाई पनि कार्यपत्र प्रस्तुतिका लागि पनि बोलाइएको थियो। तर कार्यपत्र प्रस्तुतिकै दिन बिहान टेलिफोनमार्फत छनोट प्रक्रिया स्थगन भएको जानकारी दिइएको थियो। त्यसपछि करिब साढे दुई महिना अध्यक्ष छनोटको प्रक्रियाबारे कुरै चलेन। यसैबीच संसद्ले धितोपत्रसम्बन्धी ऐन संशोधन गऱ्यो। संशोधित ऐनमा बोर्डमा अध्यक्ष नभएको समयमा अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सहसचिवले अध्यक्षको भूमिका निर्वाह गर्ने उल्लेख छ। यही व्यवस्थाअनुसार हाल अर्थ मन्त्रालयका सहसचिव नरेन्द्र रानाले बोर्डमा अध्यक्षको भूमिका निर्वाह गरेका छन्।

सूचनाका आधारमा चल्ने भएकाले पनि संवेदनशील र अर्थतन्त्रको अवस्था देखाउने पुँजी बजारको नियामक निकाय ६ महिनासम्म नेतृत्वविहीन हुँदा करिब ६० लाखभन्दा बढी लगानीकर्ता आबद्ध सेयर बजारबारे कसैलाई चिन्ता छैन।

नेता, व्यापारी सबैमा आफ्नो मान्छे अध्यक्ष बनाउन पाए, विभिन्न थरीका लाइसेन्स हात पार्न सकिन्थ्यो, आफूअनुकूल नीति बनाउन सकिन्थ्यो भन्ने उद्देश्य रहेकाले बोर्डले अध्यक्ष पाउन नसकेको सर्ट लिस्टमा आवेदकहरूमध्येकै एक उम्मेदवारले बताए। यसैगरी लामो समयदेखि धितोपत्र निष्कासन अनुमति रोकिँदा कम्पनीहरूको पुँजी व्यवस्थापनमा असर परेको भन्दै बोर्डको आलोचना हुन थालेको छ।

## इजरायलमा...

इजरायलको आक्रमणमा गाजा क्षेत्रमा कम्तीमा ३४ हजार जनाको मृत्यु भइसकेको छ। इजरायल र प्यालेस्टिनी लडाकुबीच जारी युद्धबाट केयर गिभर प्रभावित नरहेको इजरायलको जेरुसेलममा कार्यरत प्रभा घिमिरेले जनाइन्। आफूहरूले निर्धक्क काम गरिरहेको इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा कार्यरत भक्तपुरकी मञ्जु थपलियाले भइरहेको जनाइन्। उनी सरकारी संयन्त्रमार्फत पहिलो लटमा सहायक कामदारका रूपमा इजरायल गएकी थिइन्। 'हामी जुन सर्त र अवस्थामा आएका थियौं, त्यो परिपालन भइरहेको छ,' उनले भनिन्।

दुई महिनाभित्र सहायक कामदार पठाउने गरी प्रक्रिया अगाडि बढाइएको विभागका महानिर्देशक घिमिरेले बताए। 'इजरायलमा सहायक कामदारको ठूलो अभाव छ। हामीलाई दुई महिनाभित्र छनोट प्रक्रिया सक्नुपर्ने अवस्था छ,' उनले भने, 'त्यसका लागि हामीले प्रक्रिया अगाडि बढाएका हौं।' आठ सय जना कामदारका लागि मेरिटका आधारमा १५ सय जनाको सूची बनाइने घिमिरेले जनाए। ८ सय जनामा मुख्य उम्मेदवार ५ सय जना हुन्। थप ३ सय जना वैकल्पिक उम्मेदवारका रूपमा रहनेछन्।

इजरायल र नेपालको सम्झौताअनुसार सहायक कामदारका लागि सर्त तोकिएका छन्। जसमा सबैले आवेदन दिन भने पाउँदैनन्। २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको, कम्तीमा ४५ किलोग्राम तौल हुनुपर्ने, कम्तीमा १० कक्षा उत्तीर्ण गरी अनमी (एएनएम) वा सीएमएसम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा १०+२ वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङसम्बन्धी तीन महिनाको तालिम लिएको हुनुपर्नेलगायत प्रावधान छन्। छनोट भएकाहरूको मासिक तलब ५८ सय ८४ इजरायली मुद्रा (करिब दुई लाख रुपैयाँ) छ। यसमा खाना र आवासको खर्च भने आफैंले बेहोर्नुपर्ने हुन्छ।

### एकीकृत समाजवादी महाधिवेशन

# सर्वसम्मत अध्यक्ष बन्ने कसरतमा नेपाल

## विद्रोह गरी पार्टी बनाएकाले एक कार्यकाल दिन आग्रह, दाबेदारी नछोड्ने खनाल र भुसालको अडान

**गंगा बीसी** (काठमाडौं)

एकीकृत समाजवादीको महाधिवेशन नजिकिँदै गर्दा अध्यक्ष माधवकुमार नेपाल पुनः नेतृत्वमा सर्वसम्मत चयन हुने कसरतमा लागेका छन् । अध्यक्षको प्रतिस्पर्धामा नेपाललाई नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालले चुनौती दिने भएका छन् ।

एमालेबाट 'विद्रोह' गरी पार्टी बनाएकाले एक कार्यकाल आफूलाई अध्यक्षका लागि सर्वसम्मत चयन गर्न नेपालले खनाललाई आग्रह गरेका छन् । आइतबारको संवादमा उनले खनाललाई सम्मानित स्थानमा राख्ने प्रतिबद्धता जनाएका थिए । तर, खनालले प्रस्ताव अस्वीकार गर्दै आफूलाई समर्थन गर्न आग्रह गरे । दुवैले अध्यक्षको अडान नछाडेपछि सहमति हुन नसकेको खनालले जानकारी दिए ।

दुवै नेता पञ्चायतकाल र जनआन्दोलन ०४६ पछि पार्टी र सरकारका नेतृत्व तहमा पटकपटक रहँदै आएका छन् । नेपाल एक पटक पार्टी अध्यक्ष, तीन पटक पार्टी महासचिव, एक पटक वरिष्ठ नेता, एक पटक प्रधानमन्त्री भइसकेका छन् । खनाल २०३९ सालमा नेकपा मालेको महासचिव र एक पटक प्रधानमन्त्री भइसकेका छन् । उनीहरूबीच फेरि नेतृत्वका लागि प्रतिस्पर्धा हुने देखिएको हो ।

आफूले नयाँ पार्टी बनाउन सफल भएको र देशव्यापी संगठन बनाउन नेतृत्व गरेको भन्दै नेपालले आगामी दिनमा बलियो पार्टी बनाउने प्रतिबद्धता गरेका छन् । खनालले भने नेपालको नीति दक्षिणपन्थीतिर उन्मुख भएको, नयाँ पार्टी बनाएपछि सशक्त नेतृत्व गर्न नसकेको, निर्वाचनमा अपेक्षित परिणाम ल्याउन असफल भएको भन्दै विकल्पस्वरूप अध्यक्षमा उम्मेदवारी दिने बताएका छन् ।

'सर्वसम्मत नेतृत्व चयन गर्ने कि प्रतिस्पर्धा गर्ने माधवजीको हातमा निर्णय छ,' उनले भने । खनालले महाधिवेशनबाट समाजवादको नीति पारित हुने उल्लेख गर्दै



अध्यक्ष नेपालको जनताको बहुदलीय जनवादको नीति असफल हुने दाबी गरे । 'समाजवादको नीति पारित हुने भइसकेपछि मेरो नेतृत्व स्वतः हुने नै भयो,' उनले भने ।

नेपाल निकट नेता एवं उपाध्यक्ष बेदुराम भुसालले पार्टी निर्माणमा नेतृत्वदायी भूमिका खेलेको, एमालेभित्रको थिचोमिचोविरुद्ध विद्रोह गरेको, आगामी कार्यदिशा पनि उनैको भएकाले पुरानै नेतृत्व सर्वसम्मत गर्न संवाद सुरु भएको बताए । 'अत्यधिक प्रतिनिधि साथीहरूको पुरानै नेतृत्व कायम हुनुपर्छ भन्ने मत आएको छ,' उनले भने, 'झलनाथजीसँग सर्वसम्मतका लागि छलफल सुरु भएको छ । माधवजीकै नेतृत्वमा सहमति हुन्छ होला ।'

चार दशकदेखि नेपाल र खनाल आलोपालो सत्ता र पार्टी शक्तिमा भएको भन्दै महासचिव भुसालले नेतृत्वमा पुस्तान्तरण हुनुपर्ने भन्दै अध्यक्षमा प्रतिस्पर्धाको तयारी गरेका छन् । एमाले विभाजनको औचित्य सावित गरी पार्टीलाई नयाँ गति दिन वर्तमान नेतृत्व असफल भएको, समाजवादको आधार तयार गर्न पुरानो नेतृत्वमा क्षमताको कमी भएको उनले बताएका छन् ।

'यही अवस्था हुने हो भने एकीकृत समाजवादी गोलचक्करमा फसिरहन्छ,' भुसाल निकट एक नेताले भने, 'त्यसकारण नेतृत्व हस्तान्तरण हुन जरुरी छ । त्यसका लागि भुसाल अध्यक्षमा प्रतिस्पर्धा गर्ने तयारीमा हुनुहुन्छ ।' समाजवादीका युवा नेताले पनि कम्युनिस्ट आन्दोलन अघि बढाउन भुसालको भूमिका महत्त्वपूर्ण हुने भन्दै उनलाई अध्यक्षमा समर्थन गरेका छन् ।

अध्यक्ष नेपाल भने भुसाललाई महासचिवमै दोहोऱ्याएर सर्वसम्मत नेतृत्व लिने पक्षमा छन् । २०७९ मंसिरको निर्वाचनमा रूपन्देही-१ बाट स्वतन्त्र उम्मेदवारी दिएका भुसाल २०७९ चैतमा समाजवादीको महासचिव मनोनीत भएका थिए । २०७८ मंसिरमा सौराहमा भएको एमालेको दसौं महाधिवेशनमा उनी एमालेको उपाध्यक्ष पदमा प्रतिस्पर्धा गरी पराजित भएका थिए । त्यसपछि उनले एमाले त्याग गरेका थिए ।

नेपाल निकट उपमहासचिव गंगालाल तुलाधरले पार्टीमा भुसालकै कारण अध्यक्षमा प्रतिस्पर्धा हुने सम्भावना भएको बताए । उनले कम्युनिस्ट पार्टीमा पुस्तान्तरणको विषयभन्दा विचार महत्त्वपूर्ण हुने भन्दै नेपालकै नेतृत्व उचित हुने दाबी गरे । 'अध्यक्षका लागि चुनाव भयो भने घनश्यामजीकै कारणले हुन्छ । उहाँलाई कसैले उचालेको छ,' तुलाधरको आरोप छ, 'महासचिव भइसकेपछि उहाँले पार्टीलाई गतिदिन खेलेको भूमिकाको मूल्यांकन गरी अघि बढ्नु उचित हुन्छ ।' अध्यक्षको दाबी गरिरहेका खनाललाई सम्मानित स्थानमा राख्ने वैधानिक आधार खोज्न सकिने तुलाधरले बताए । 'पार्टी र क्रान्तिका लागि योगदान गरेका सम्मानित नेता खनाललाई गरिमामय स्थानमा राख्ने वैधानिक प्रावधान गर्न सकिन्छ,' उनले भने ।

नेपाल निकट नेताहरूले अध्यक्षमा खनालको दाबेदारीप्रति आशंका गरेका छन् । 'कार्यकारी भूमिकामा नबस्ने घोषणा गरेका खनाल अहिले अध्यक्ष हुन मरिहत्ते गर्नुभएको छ । उहाँ अध्यक्ष भए एमालेबाट विद्रोह गर्नु गलत थियो भन्दै विलय गराउनुहुन्छ,' एक नेताको आरोप छ । महासचिवका लागि उपमहासचिवहरू तुलाधर, प्रकाश ज्वाला, जगन्नाथ खतिवडा, विजय पौडेलले चाहना राखेका छन् ।

एकीकृत समाजवादी एमालेबाट २०७८ भदौमा विभाजित भएको थियो । पार्टीको महाधिवेशन यही असार १६ देखि २० सम्म काठमाडौंमा हुँदै छ । दसौं महाधिवशेनमा एक हजार ८ सय ७८ प्रतिनिधिले नेतृत्व चयन गर्नेछन् । यही साता महाधिवेशन प्रतिनिधि चयन भइसकेका छन् । महाधिवेशनले राजनीतिक र सांगठनिक प्रतिवेदन पारित गर्नेछ । महाधिवेशनमा ४२५ महिला, १५० दलित र खुला १ हजार ३ सय ३ गरी १ हजार ८ सय ७८ प्रतिनिधि रहनेछन् ।

# सर्पदंश उपचार केन्द्रमा भ्रष्टाचार

### मधेशका तत्कालीन मन्त्रीसहित ५ दोषी ठहर

काठमाडौं (कास)- सर्पदंश उपचार केन्द्र स्थापना गर्ने भनी पूर्वप्रधानमन्त्री झलनाथ खनालका नाममा स्थापित प्रतिष्ठानमा भ्रष्टाचार गरेको अभियोगमा मधेस प्रदेशका तत्कालीन मन्त्रीसहित ५ जना दोषी ठहर भएका छन् । सरकारी लगानीमा खोलिएको प्रतिष्ठानमा भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालतले मधेस प्रदेशका तत्कालीन मन्त्री विजय कुमार तथा प्रतिष्ठानका अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष नीरज भण्डारी र सदस्य देवेन्द्र रायलाई दोषी ठहर गरेको हो ।

मंगलबार विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यद्वय तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले उनीहरूलाई दोषी ठहर गरेको हो । अन्य प्रतिवादी लालबन्दी नगरपालिकाका तत्कालीन प्रमुख मानबहादुर खड्का र मधेश सरकारका तत्कालीन सचिव प्रेमकुमार श्रेष्ठलाई भने सफाइ दिइएको छ ।

संघ र प्रदेश सरकारबाट केन्द्र स्थापनार्थ झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान (हाल राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्) का लागि विनियोजित १७ करोड ९८ लाख रकम हिनामिना गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० असोज २१ मा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले अख्तियारको मागदाबीअनुसार बिगो कायम भएको र सजाय निर्धारणका लागि असार २५ मा पेसी तोकिएको बताए । 'प्रतिवादी विजय कुमारले बिगो १७ करोड ९८ लाख ३३ हजार सरकारको रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ र लेखा उत्तरदायी अधिकृत गर्ने भनी लेखिएको कार्यसमेत आफैंले गरी नपाएको अधिकार र हैसियत दुरुपयोग देखिँदा उक्त ऐनको दफा १५ समेतको कसुर गरेको ठहर्छ' फैसलामा भनिएको छ । अन्यलाई मतियारका रूपमा दोषी ठहर गरिएको हो । सर्लाहीको लालबन्दी-१ मा केन्द्र स्थापना गर्न सरकारी रकम खर्चेर प्रतिष्ठानका नाममा जग्गा किनिएको थियो । उक्त संस्थाबाट पहिलो चरणको सबै रकम खर्च भइसक्दासमेत योजनाको उद्देश्य प्राप्तितर्फ शून्य प्रगति भई अन्य स्वीकृत नभएका विषयमा सरकारी रकम खर्च गरी गराई १७ करोड ९८ लाख रुपैयाँ हानिनोक्सानी गरेको अख्तियारको ठहर थियो ।

२०७१ मंसिर १९ मा कम्पनी रजिस्ट्रार कार्यालयमा र माघ २३ मा समाज कल्याण परिषद्मा प्रतिष्ठान दर्ता भएको थियो । २०७० को संविधानसभा निर्वाचनमा सर्लाहीबाट उठेका खनालले त्यसलगत्तै आफ्नै नाममा प्रतिष्ठान खोल्न लगाएका थिए । यही प्रतिष्ठानमार्फत उपचार केन्द्र स्थापना गर्ने भनी सरकारी ढुकुटी दोहनको प्रपञ्च भएको थियो । मधेश सरकार, लालबन्दी नगरपालिका र प्रतिष्ठानबीच ७२ करोड रुपैयाँको आयोजनामा सञ्चालन गर्ने समझदारी भएकामा पहिलो चरणको काममा विनियोजित करिब १८ करोड हिनामिना भएको अनुसन्धानबाट खुलेको थियो ।

# 'न चुकुल लगाएर..

'हाम्रो क्रियाशीलता हाम्रो विचारमा केन्द्रित हुनुपर्छ भन्ने लाग्छ । पदीय जिम्मेवारीमा रहने कुरालाई मैले क्लोज नै पनि गरेको छैन । राष्ट्रको आवश्यकतालाई मैले ओपन नै राखेको छु,' उनले भनिन् ।

पार्टीभित्रको नेतृत्व हस्तान्तरण चरणबद्ध हुने पनि उनको भनाइ छ । 'अब पहिलो चरणमा सकेसम्म नयाँ पुस्तालाई नै नेतृत्वमा ल्याउनुपर्छ भन्ने मेरो दृष्टिकोण हो । नेतृत्व हस्तान्तरण गर्दै जानुपर्छ । अहिले म अर्कै जिम्मेवारीमा रहें, अर्कै नेतृत्व चलिरहेको छ । नेतृत्वले सफलतापूर्वक आफ्नो काम पनि गरिरहेको छ । त्यसो हुँदा अहिले (आफू) जानुपर्छ भन्ने आवश्यकता मैले महसुस गरेको छैन,' उनले भनिन् ।

अन्तर्वार्ताका क्रममा उनले राष्ट्रपति हुँदा गरेको संसद् विघटनको अनुमोदन र तत्कालीन सत्तारूढ दल नेकपा विभाजन रोक्न खेलेको भूमिकाको विषयमा पनि आफ्नो भनाइ राखिन् । मदन भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवादको धारलाई कमजोर पार्ने प्रयासबाट जन्मेका घटनाक्रममा नेकपा विभाजन भएको उनको भनाइ छ । 'एमाले र माओवादीबाट नेकपा बन्यो । नेकपा बनिसकेपछि दुई धार हुनुपर्नेमा एमालेभित्र अर्को दुई धार भयो । माओवादीमा पनि सानो हिस्सा थियो । तर यता (एमाले) को एउटा र उता (माओवादी) मिलेर खासगरी जनताको बहुदलीय जनवादको पक्षधर हिस्सामाथि 'वैचारिक दमनचक्र' चलाउने खालको स्थिति देखापऱ्यो र प्रधानमन्त्रीले मिलाउने कोसिस त गर्नुभयो तर नसकेपछि फ्रेस म्यान्डेटमा जाने कुरा उहाँले गर्नुभएको हो,' उनले भनिन् ।

संसद् विघटनलाई सर्वोच्च अदालतले असंवैधानिक ठहऱ्याए पनि संसदीय प्रणालीमा प्रधानमन्त्रीले ताजा जनादेशमा जाने अभ्यास नाजायज नहुनेमा आफू अहिले पनि स्पष्ट रहेको उनले बताइन् । 'हामी संसदीय राजनीतिमा छौं, यो विश्वभर चलेको प्रणाली हो, प्रधानमन्त्रीले आवश्यक ठानेका बखत ताजा जनादेशमा जान पाउनुपर्छ भन्ने आम मान्यता हो । त्यो भनेको जनतालाई आफ्नो अधिकार प्रयोग गर्न दिने अभ्यास पनि हो । संविधानको व्याख्याताका रूपमा सर्वोच्चले गरेको फैसलालाई कार्यान्वयन गर्नु सबैको जिम्मेवारी हो । तर, आवश्यक के थियो भन्ने आफ्नो मान्यता हो, त्यो भूमिका ठीक थियो भन्नेमा मेरो मान्यता छ,' उनले भनिन् ।

उनले अहिले माओवादीले खेलिरहेको राजनीतिक भूमिकाप्रति आलोचनात्मक टिप्पणी गरेकी छन् । यस्तो खालको राजनीतिक भूमिकाले मुलुकलाई अस्थिरतामा राखिराख्ने उनको धारणा छ । 'माओवादी के गर्छ ? उसको वैचारिक धारा कुन हो त ? कांग्रेसनिकट हो कि एमालेनिकट हो ? यो क्लियर गर्नुपर्ने हुन्छ,' उनले भनिन् ।

उनले कांग्रेस र एमालेका नेताहरूलाई एक्लाएक्लै प्रतिस्पर्धा गर्न र निर्वाचनका परिणामअनुसार भूमिका पूरा गर्न आफूले सुझाव दिने गरेको प्रसंग पनि सुनाइन् । 'कसैले एक्ल्याए भने पनि एमाले आफू लड्नका लागि तयार हुनुपर्छ । कम्युनिस्टहरू सबै मिले भने कांग्रेसले पनि आफ्नो नेतृत्वमा जित्ने गरी तयारी गर्नुपर्छ,' उनले भनिन्, 'तर, माओवादी भने वैचारिक रूपमा स्पष्ट भएको छैन । उहाँहरू कुन बेला कता लाग्नुहुन्छ भन्ने ठेगान छैन । किनभने २०७९ को चुनावमा कांग्रेससँग, चुनावपछि एमालेसँग, फेरि कांग्रेससँग र अहिले फेरि एमालेसँग मिल्नुभयो । यस्तो अवस्थामा कांग्रेस र एमालेले आ-आफ्नो जनमत अनुसार भूमिका पूरा गर्नुपर्छ ।'

# तिलगंगा आँखा अस्पताललाई...

हाल अस्पतालको उत्पादन विभागले उत्पादन गर्दै आएको आँखाको ९ थरी लेन्स ४० भन्दा बढी देशमा निर्यात भइरहेकाले तिलगंगा विश्वमै प्रख्यात छ । अस्पतालको प्रयोगशालाबाट मोतियाबिन्दुको शल्यक्रियामा आवश्यक तीन प्रकारका सामग्री पनि उत्पादन भइरहेको छ । यसरी ख्यातिप्राप्त संस्थालाई विश्वविद्यालयको रूपमा स्थापना गर्नका लागि राष्ट्रिय र प्रतिनिधिसभाले विधेयकलाई पास गर्नुपर्ने हुन्छ । जति छिटो विधेयकको टुंगो लगाउने छ, त्यति नै चाँडो विश्वविद्यालयको स्थापना हुनेछ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले सोमबार राष्ट्रिय सभामा विश्वविद्यालयको विधेयक पेस गरिन् । प्रस्तावित विश्वविद्यालयबाट 'सरकारलाई आर्थिक भार नपर्ने' गरी विधेयकमा व्यवस्था गरिएकाले छोटो समयमै सदनमा पेस गर्न सम्भव भएको उनले बताइन् । 'त्यसकारण संसद्मा प्राथमिकताका साथ विधेयक अगाडि बढ्नेमा विश्वस्त छु । अध्ययनसँगै उत्पादन केन्द्र रहने गरी स्थापना हुन लागेको यो विश्वविद्यालय नौलो प्रयोग हो,' उनले भनिन्, 'हामी सधैं विदेशी विद्यार्थी आकर्षित गर्ने भनेर भन्छौं, साँच्चै विदेशी विद्यार्थीसमेत आकर्षित गर्न सक्ने विश्वविद्यालय यहीं बन्नेछ, मेरो विश्वास छ ।'

नेपालमै पहिलो पटक मानित (डिम्ड) विश्वविद्यालयका रूपमा तिलगंगा नेत्र विश्वविद्यालय स्थापनाको प्रस्ताव गरिएको हो । तिलगंगा आँखा अस्पताललाई मानित (डिम्ड) विश्वविद्यालयका रूपमा स्थापना र सञ्चालन गर्न नेपाल आँखा कार्यक्रम तथा तिलगंगा अस्पतालका संस्थापक डा. रुइतले नै सरकारलाई आग्रह गर्दै आएका थिए । विधेयक पास भए, सरकारले कल्पना गरेको र सबै नेपालीले देख्न चाहेको विश्वविद्यालयका रूपमा तिलगंगा नेत्र विश्वविद्यालय अगाडि बढ्ने डा. रुइतले बताए । 'हामीले ३० वर्षमा आर्जन गरेको सबै ज्ञान, सीप, प्रविधि र जम्मा गरेको स्रोत सरकारलाई सुम्पिन लागेका छौं । हामीले जुन मिहिनेत गरेर विश्वको विश्वास कमाएका छौं, त्यो पनि सरकारलाई सुम्पिन लागेका हौं,' उनले भने, 'यो विश्वविद्यालय सरकारका लागि नमुना विश्वविद्यालय बन्ने निश्चित छ । संसद्मा यो विधेयक आएसँगै यसका लागि समर्पित भएर लागेका हामी सबै खुसी छौं ।' विश्वविद्यालय स्थापना भएपछि विश्वमा नेत्र रोग उपचारका लागि नेपालको नयाँ आयाम थपिने उनले विश्वास व्यक्त गरे । 'नेपालमा नेत्ररोगका लागि छुट्टै विश्वविद्यालय खडा भएपछि यहाँ विश्वभरबाट विद्यार्थीहरू अध्ययन गर्न आउने छन् । त्यसमा कुनै दुईमत नै छैन । किनभने अहिले पनि तिलगंगामा विश्वका विभिन्न देशबाट विद्यार्थीहरू फेलोसिप अध्ययनका लागि आइरहेकै छन्,' उनले भने ।

विधेयकको व्यवस्थाअनुसार विश्वविद्यालय अन्तर्गत आँखा स्वास्थ्य विज्ञान स्कुल (स्कुल अफ अप्थामिल्क साइन्स), अनुसन्धान तथा नवप्रवर्तन केन्द्र, शिक्षण अस्पताल र उत्पादन केन्द्र स्थापना र सञ्चालन गरिनेछ । विश्वविद्यालयको अध्ययन-अध्यापन र स्वास्थ्य सेवा प्रदान गर्न शिक्षण अस्पताल तथा आँखा उपचारसम्बन्धी वस्तु उत्पदान र बिक्रीवितरणका लागि उत्पादन केन्द्र सञ्चालनको प्रस्ताव विधेयकमा गरिएको छ । विश्वविद्यालय सञ्चालन गर्दा सरकारलाई कुनै पनि नियमित आर्थिक दायित्व नपर्ने विधेयकमा उल्लेख छ । कुनै पनि कलेज तथा शिक्षण संस्थालाई तिलगंगा विश्वविद्यालय सम्बन्धन भने दिने छैन । विश्वविद्यालय बन्द भएको बखत सम्पत्ति भने सरकारको हुने प्रस्ताव विधेयकले गरेको छ । विश्वविद्यालयको कार्यालयले संरक्षक परिषद्ले तोकेको स्थानमा रहने प्रस्ताव गरिएको छ ।

हाल सञ्चालनमा रहेका विश्वविद्यालयभन्दा तिलगंगा विश्वविद्यालयको संरचना, पदाधिकारी र सञ्चालनको मोडल भिन्न प्रकृतिको हुने प्रस्ताव छ । विश्वविद्यालयको रेखदेख, व्यवस्थापन, सञ्चालन संरक्षक परिषद्बाटै हुनेछ । परिषद्को नेतृत्व अध्यक्षले गर्नेछन् । हाल अधिकांश विश्वविद्यालय, प्रतिष्ठानमा प्रधानमन्त्री कुलपति, शिक्षामन्त्री/स्वास्थ्यमन्त्री सहकुलपति र सरकारले नियुक्त गरेको व्यक्ति उपकुलपति, रजिस्ट्रारलगायत पदाधिकारी रहने व्यवस्था छ । प्रस्तावित विधेयकमा भने कुलपति, सहकुलपति, उपकुलपति, रजिस्ट्रारलगायत पद रहने व्यवस्था गरिएको छैन भने उक्त विश्वविद्यालयको कार्यकारी नेतृत्व उपाध्यक्षले गर्नेछन् । प्राज्ञिक र व्यवस्थापन हेर्न दुई उपाध्यक्ष रहने व्यवस्था गरिएको छ । नेत्र चिकित्सा विधामा स्नातकोत्तर प्राज्ञिक र स्नातकोत्तर व्यक्ति व्यवस्थापन उपाध्यक्ष चयन हुने प्रबन्ध गरिएको छ । उपाध्यक्षहरू अध्यक्षको सिफारिसमा संरक्षक परिषद्ले नियुक्त गर्नेछ ।

संरक्षक परिषद्को नेतृत्व अध्यक्ष तथा कार्यकारी र प्राज्ञिक परिषद्को नेतृत्व क्रमशः व्यवस्थापन र प्राज्ञिक मामिलाको उपाध्यक्षले गर्ने प्रस्ताव गरिएको छ । विश्वविद्यालयको सामान्य प्रशासन तथा मानव स्रोतसम्बन्धी कार्य गर्न कार्यकारी परिषद्ले प्रमुख सञ्चालन अधिकृत नियुक्त गर्नेछन् । हाल सञ्चालित विश्वविद्यालयहरूमा यस्तो काम रजिस्ट्रारले गर्दै आएका छन् । संरक्षक परिषद्मा भने सरकारका प्रतिनिधि (शिक्षा र स्वास्थ्य मन्त्रालया कर्मचारी) सहित आँखा स्वास्थ्य शिक्षा क्षेत्रका विज्ञहरू सदस्य रहने व्यवस्था गरिएको छ । यिनै विज्ञहरूमध्येबाट संरक्षक परिषद्को अध्यक्ष चयन गरिनेछ । सदस्यहरूको मनोनयन नेपाल आँखा कार्यक्रमको सञ्चालक समितिको सिफारिसमा शिक्षा मन्त्रालयले गर्नेछ ।

नेपाल आँखा कार्यक्रम नेपालमा अन्धोपन नियन्त्रणका लागि २०४९ देखि मुनाफारहित तथा समुदायमा आधारित गैरसरकारी संस्था हो । संस्थाले काठमाडौंको तिलगंगासहित नेपालका २० जिल्लामा आँखा उपचारको कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । उक्त संस्थाले राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान (न्याम्स) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) को सम्बन्धनमा आँखा स्वास्थ्य शिक्षातर्फ शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । 'विश्वविद्यालय स्थापना हुनुअघि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता रहेको नेपाल आँखा कार्यक्रम र जिल्ला प्रशासन कार्यालय मकवानपुरमा दर्ता रहेको अन्धोपन निवारण समाज नामक संस्थाको सम्पत्ति, दायित्व तथा संस्थाद्वारा सञ्चालित आँखा स्वास्थ्य शिक्षातर्फका शैक्षिक कार्यक्रम, अस्पताल, उत्पादन केन्द्र यो ऐन प्रारम्भ भएपछि विश्वविद्यालयमा सर्नेछन्,' विधेयकमा भनिएको छ । यस क्षेत्रमा उच्च शिक्षाको समेत स्वदेशमै अध्ययन, अध्यापन गराउन विश्वविद्यालयको प्रस्ताव गरिएको शिक्षा मन्त्रालयले जनाएको छ । विश्वविद्यालयले सर्वसाधारणलाई सहज रूपमा आँखासम्बन्धी रोगका सम्बन्धमा सेवा उपलब्ध गराउनसमेत सहयोग पुग्ने विश्वास लिइएको छ ।

व्यवस्थापन हेर्ने उपाध्यक्ष नेतृत्वको कार्यकारी परिषद्ले संरक्षक परिषद्को रेखदेखमा विश्वविद्यालय सञ्चालन गर्नेछन् । विश्वविद्यालयले स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा शिक्षण संस्था, केन्द्र, प्रदेश, स्थानीय सरकार र निजी क्षेत्रसँग समन्वय गरी आफ्ना गतिविधि अघि बढाउन सक्नेछ । अर्को उपाध्यक्ष नेतृत्वकै प्राज्ञिक परिषद्ले शैक्षिक, प्राज्ञिक र अनुसन्धानात्मक कार्य नियमित गर्ने विधेयकमा उल्लेख छ । स्कुलको प्राज्ञिक निकायका रूपमा काम गर्न प्राज्ञिक निर्देशकको संयोजकत्वमा विद्या परिषद् रहने व्यवस्था गरिएको छ । स्कुल, अनुसन्धान केन्द्र, अस्पताल, उत्पादन केन्द्रको निर्देशक कार्यकारी परिषद्ले नियुक्ति गर्नेछ । शिक्षक, कर्मचारी नियुक्तिका लागि पदपूर्ति समिति रहने व्यवस्था गरिएको छ ।

# एक गाग्री पानीका...

भने, 'पालो पाइन्न भनेर हामी त कहिले बिहान ३ बजे त कहिले राति ८-९ बजे पनि खोलासम्म झर्छौं ।' पानी बोकेर घर फर्किंदै गर्दा भेटिएका उनले सुनाए, 'पानी-पानी भनेरै हाम्रो जुनी जानी भो । अरू दुःख-अभाव त बरु केही लाग्दैन, तर पानीको सास्तीले हाम्रो आधा परान खायो ।' खानेपानीको दुःखले स्थानियलाई सताउनुको अर्को कारण छ, गाउँमा तन्नेरी छैनन् । वैदेशिक रोजगारी र अवसरको खोजीमा गाउँका अधिकांश युवा बाहिरिएका कारण पानी बोक्ने बाध्यतामा महिला, बालबालिका र ज्येष्ठ नागरिक छन् । खत्रीले सुनाए, 'पानी नभई चुल्हो बल्दैन । कुनै कामको मेसो आउँदैन । यसकारण सकी-नसकी पानीकै पछि दौडिनुपरिरहेको छ ।' गाउँका स्कुले बालबालिकालाई पनि मुहानबाट पानी ओसार्नुपर्ने बाध्यता छ । बिहानभर पानी ओसार्नुपर्ने भएपछि स्कुले विद्यार्थी पनि समयमै विद्यालय जान पाइरहेका छैनन् । कक्षा ६ की धनसरा ओलीले गुनासो गरिन्, 'घरमा आमा-बा नहुँदा हामी नै पानी लिन मुहानसम्म जान्छौं । पुग्नेबित्तिकै पालो पाइन्न । यसकारण धेरैपल्ट स्कुल जान पाएका छैनौं ।'

जोगिनेटाकै जनकल्याण माविका प्रधानाध्यापक बलजित ओलीले पानीको चरम अभावका कारण स्थानीय विद्यार्थीमा पढाइतिरभन्दा खानेपानीमै बढी ध्यान गइरहेकाले उनीहरूको सिकाइमा प्रत्यक्ष असर परिरहेको बताए । 'विद्यार्थीलाई ढिला किन आएको भनेर सोध्यो भने पानी भर्न गएका थियौं भन्छन् । अनि कहिलेकाहीं कोही बीचैमा कक्षा छोडेर पनि पानी भर्न दगुर्छन् ।' प्रधानाध्यापक ओलीले पानीको अभाव विद्यालयको शौचालयसम्मै परेको बताउँदै भन्छन्, 'खानेपानी पुऱ्याउन नसकेपछि विद्यार्थी आफैंले बोतलमा बोकेर ल्याउने गरेका छन् ।' वडा अध्यक्ष तुल्से ओलीले खानेपानीको चरम अभाव समाधानका लागि अब लिफ्ट आयोजनालाई अहिलेको मुहानभन्दा थप ५ सय मिटर तल बढाएर डलसिंगे खोलाबाट पानी ल्याउन पहल थालिएको बताए । भने, 'यो समस्याका विषयमा हामी गम्भीर छौं । समाधानका लागि विकल्पको खोजी भइरहेको छ । सहयोग गर्ने निकायलाई पनि हामीले यस विषयमा अवगत गराएका छौं ।'


**SEE परीक्षाको परीक्षाफल प्राप्त गर्ने सम्बन्धी नेपाल टेलिकमको सूचना**

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी, भक्तपुरबाट प्रकाशित हुने २०८० सालको SEE परीक्षाको परीक्षाफल IVR, SMS तथा Website मार्फत प्राप्त गर्न नेपाल टेलिकमले निम्न बमोजिम व्यवस्था गरेको व्यहोरा सम्पूर्ण परीक्षार्थीहरु तथा अभिभावकबर्गमा जानकारीको लागि अनुरोध छ ।

**SEE परीक्षाको नतिजा प्राप्त गर्नको लागि**

१) IVR को लागि :
नेपाल टेलिकमको Land line phone, Mobile बाट १६०० डायल गरी प्राप्त निर्देशानुसार गर्ने ।

२) SMS को लागि :
Mobile को message box मा SEE <Space> <Symbol number> टाईप गरी 1600 मा पठाउने ।
उदाहरण : SEE 12345678A Type गरी 1600 मा पठाउने ।

३) Web को लागि :
नेपाल टेलिकमको Website https://see.ntc.net.np मार्फत मार्कसिट सहितको नतिजा प्राप्त गर्न सकिने छ ।
नेपाल टेलिकम बिधार्थी बर्गको उत्तरोत्तर प्रगतीको कामना गर्दछ ।

नेपाल टेलिकम
प्रादेशीक निर्देशनालय, काठमाडौं, बागमति प्रदेश



**DAI** **USAID Biodiversity (Jal Jangal) Request For Proposals**

**DAI for USAID Biodiversity (Jal Jangal) requests proposals from interested potential vendors to provide services as mentioned below:**

| S.N. | RFP Ref # | Description of the Services | Jobs Nepal Link |
|---|---|---|---|
| 1 | RFP-KTM-24-0171 | **Climate Change Adaptation Training to Nepalese Businesses** | https://www.jobsnepal.com/request-for-proposal-on-climate-change-adaptation-training-to-nepalese-business-133834 |
| 1 | RFP-KTM-24-0177 | **Training on Environmental and Social Safeguards** | https://www.jobsnepal.com/request-for-proposal-on-training-on-environmental-and-social-safeguards-133830 |
| 1 | RFP-KTM-24-0178 | **GESI and Leadership Training in Biodiversity** | https://www.jobsnepal.com/request-for-proposal-on-gesi-and-leadership-training-in-biodiversity-133833 |
| **Submission Deadline: 9th July 2024** | | | |

**Project Background:**
USAID Biodiversity (Jal Jangal) will conserve nature, enhance human well-being, and safeguard Nepal's biodiversity to improve the health of ecosystems, fight environmental crime, and improve the ability of communities to prepare for and adapt to impacts caused by climate change and natural disasters. The activity will achieve measurable conservation targets within the biodiversity-rich, terrestrial, and freshwater ecosystems of the Chitwan-Annapurna Landscape, Kailash Sacred Landscape, Terai Arc Landscape, and the proposed Karnali Conservation Landscape while increasing resilience to climate change and contributing to the inclusive and sustainable development of the Nepali people.

**Application Instructions:** Interested bidders may obtain the complete Solicitation (RFP) documents via the links given above. Please refer to Jobs Nepal for the detailed advertisement.



fhi360

**FHI 360 Nepal Office**

**Request for Quotation (RFQ) for Freezers and Air Conditioners**

**(Date of Publication: June 26, 2024)**

FHI 360 is a global organization that mobilizes research, resources, and relationships so people everywhere have access to the opportunities they need to lead full, healthy lives. FHI 360 has been working in Nepal since the last three decades. FHI 360 Nepal Office is requesting quotations from qualified locally registered agencies for the supply and delivery of the following:

| S. No. | Item Description | Required Quantity |
|---|---|---|
| 1. | Freezer | 27 units |
| 2. | Air Conditioner | 36 units |

Detailed specifications of the above-mentioned items and requirements for quotation submission can be obtained via email request to **ProcurementNP@fhi360.org**.

The agency has an option to submit either a **hard copy** or an **electronic copy** of the quotation. **Electronic copy** of the quotation and all requested supporting documents should be submitted through email to **ProcurementNP@fhi360.org** following FHI 360 Nepal's instructions for electronic quotation submission. Similarly, the **hard copy** of the quotation and all requested supporting documents should be submitted in a **sealed envelope** at the below-mentioned address following FHI 360 Nepal's instructions for hard copy submission:

**FHI 360 Nepal Office**
**Gopal Bhawan, Anamika Galli**
**Baluwatar, Kathmandu**
**Contact No.: 4537173**

**The deadline for submission of the quotation is July 8, 2024, before 17:00 hours, Nepal time.** Quotations received after the deadline will not be accepted and will be considered non-responsive.

***FHI 360 reserves the right to accept or reject any or all the proposals without assigning any reason whatsoever.***




# चारै टिममा ३ अंकको संयोग

## युरोको इतिहासमा लिग चरणको खेलअघि सबै टिम समान अंक रहेको यो पहिलो पटक

स्टुटगार्ट (एएफपी)- बेल्जियमले युरोको समूह 'ई' को आफ्नो अन्तिम खेलमा बुधबार युक्रेनको सामना गर्दै छ । टोलीको उद्देश्य हुनेछ समूहको शीर्ष स्थानमा रहने । यही समूहमा दुर्लभ स्थिति पनि छ, चारै टिम समान ३ अंकमा छ । बेल्जियम र युक्रेनमात्र होइन, रोमानिया र स्लोभाकिया पनि ३ अंकमै छ । युरोको इतिहासमा लिग चरणको खेलअघि सबै टिम समान अंकमा रहेको यो नै पहिलो पटक हो ।

बेल्जियम आफ्नो पहिलो खेलमा स्लोभाकियासँग अविश्वसनीय रूपमा १-० ले पराजित रह्यो । पछि सम्हालिँदै बेल्जियमले रोमानियालाई २-० ले हरायो । त्यस खेलमा केभिन डी ब्रुयना ठीक समयमा लयमा देखिए । नत्र फेरि एकपल्ट बेल्जियम खराब प्रदर्शन गर्दै ठूला प्रतियोगिताको लिग चरणमै रोकिने डरबाट गुज्रिइसकेको थियो । सन् २०२२ को विश्वकपमा यस्तै भएको थियो । अहिले पनि बेल्जियमको स्वर्णिम पुस्ताका खेलाडीले अन्तिम खेलमा धेरै गर्नु पर्नेछ ।

टिममा ब्रुयनासँगै रोमेलु लुकाकु जस्ता खेलाडी हुनुले निश्चितता दिने नै छ । त्यसैले टिमका प्रशिक्षक डोमेनिको टेडेस्को भन्छन्, 'हाम्रो टिममा प्रतिभाको कुनै कमी छैन ।' युक्रेनसामु फुटबल मैदानमा आफ्नो उपयोगिता प्रमाणित गर्ने अझ ठूलो कारण छ । युक्रेन सन् २०२२ को रुसी आक्रमणपछि पहिलो पटक ठूलो प्रतियोगिता खेलिरहेको छ । आफ्नो पहिलो खेलमा रोमानियासँग ३-० ले स्तब्ध युक्रेनले त्यसपछि भने स्लोभाकियालाई २-१ ले हराएको थियो ।

युक्रेन युरो २०२० को क्वाटरफाइनलसम्म त पुगेको थियो, त्यसयता धेरै परिर्वन भइसकेको छ । युक्रेन अहिले युद्धबाट गुज्रिइरहेको छ । यो देशसँग जोडिएको द्वन्द्वलाई दोस्रो विश्वयुद्धपछिको सबैभन्दा ठूलो मानिएको छ । स्लोभाकियालाई हराएपछि प्रशिक्षक सर्हेयी रब्रोभले भनेका थिए, 'युक्रेनी खेलाडीले मैदानमा देशकै भावनाको प्रतिनिधित्व गरेर खेलेका छन् । फुटबलको मैदानमा प्राप्त नतिजा हाम्रो पूरा देशकै लागि निकै महत्त्वपूर्ण छ ।'



तस्बिर : एएफपी

**युक्रेनविरुद्ध हुने समूह चरणको अन्तिम खेलका लागि अभ्यासरत बेल्जियम फुटबल टिम ।**

**रोमानिया-स्लोभाकिया**

फ्रयांकफर्ट- जतिबेला समूह 'ई' मा रोमानिया र स्लोभाकिया बुधबार भेट्ने छन् । जसले जित हात पार्नेछ, त्यो अन्तिम १६ पुग्नेछ । बराबरीले दुवै टिमलाई अझैं अर्को चरण पुर्याउन सक्छ । यो समूह वास्तवमै तरबारको धारमा परेको छ, समान ३ अंकका बावजुत गोल अन्तरले मात्र तलमाथि छ । रोमानियाले हारमात्र टार्ने हो भने यो टिम शीर्ष दुईमा रहनेछ । बेल्जियमले युक्रेनलाई हराउने हो भने रोमानियाको भाग्य खुल्न सक्नेछ ।

तर, बराबरी नै त्यस्तो नतिजा हो, जसले रोमानिया र स्लोभाकिया दुवैलाई फाइदा दिन सक्छ । रोमानियाली फरवार्ड भ्लालेन्टिन माहियला भन्छन्, 'कुनै पनि टिम फुटबलमा बराबरीको मानसिकताले खेल्ने गर्दैन । बराबरीले रोमानिया र स्लोभाकिया दुवै अगाडि बढ्ने छ । त्यो हिसाब पनि मलाई थाहा छ, तर यस्तो हिसाब मिलाउन म चाहन्न ।' स्लोभाकियाले बेल्जिमयविरुद्धको खेलमा आश्चर्यजनक जित निकाले पनि युक्रेनविरुद्धको खेल गुमाएको थियो ।

# रोनाल्डोलाई जोगाउन थप सुरक्षा



ग्लेसेनक्रिस्टेन (एएफपी)- पोर्चुगल यसअघि नै युरो २०२४ को नकआउट चरण पुगिसकेको छ । तर समूह 'एफ' मा पोर्चुगलको उद्देश्य रहनेछ लगातार तेस्रो जित । बुधबारको खेलमा यही पोर्चुगलले सामना गर्नेछ नवआगन्तुक जर्जियाको । सम्भवत: बराबरीले जर्जियालाई छनोटको आस देखाउन सक्छ र यसका लागि समूहकै अर्को खेलको नतिजामा पनि निर्भर हुनुपर्नेछ ।

तर, जर्जियालाई चाहिने भनेकै स्तब्धपूर्ण जित हो । पोर्चुगल मैदानमा उत्रँदा सबैको ध्यान एउटै तथ्यमा हुनेछ, स्टार खेलाडी क्रिस्टियानो रोनाल्डोको सुरक्षा । पोर्चुगल र टर्की भिड्दा मात्रै चारभन्दा बढी व्यक्ति मैदानमा छिरेका थिए । तिनको उद्देश्य थियो, रोनाल्डोसँग सेल्फी खिच्ने, नजिकबाट हेर्ने वा छुने ।

युरोपेली फुटबल महासंघ (यूईएफए) ले प्रतियोगिताका लागि थप सुरक्षा व्यवस्थापन गर्ने भनिसकेको छ । रोनाल्डो आफैंले भने अहिलेसम्म गोल गर्न सकेका छैनन् । ३९ वर्षीय खेलाडीसामु एक अर्को मौका रहनेछ । यता जर्जिया भने कुनै ठूलो प्रतियोगितमाा पहिलो पटक डेब्यु गरिरहेको छ । अहिलेसम्म टोलीको प्रदर्शनलाई सबैले प्रशंसा नै गरेका छन् ।

**चेक गणतन्त्र-टर्की**

ह्याम्बर्ग- लिग चरणको अन्तिम खेलमा टर्कीलाई १ अंक चाहिएको छ । टोलीलाई यसमा अवरोध पुर्याउने काम गर्नेछ चेक गणतन्त्रले । बुधबार हुने यी दुई टिमबीचको खेलमा चेक टिमलाई जित नै आवश्यक पर्नेछ । त्यतिले मात्र पुग्ने छैन, चेकलाई समूहको अर्को खेलको नतिजा आफूअनुकूल पनि हुनुपर्नेछ । टर्कीको ३ अंक छ । हारको अर्थ हुनेछ प्रतियोगिताबाट बिदा । यो समीकरणका लागि जर्जियाले पोर्चुगललाई पनि हराउनुपर्नेछ । अंक तालिकामा पोर्चुगलको २ खेलबाट अधिकतम ६ अंक छ । त्यसपछि टर्की छ ३ अंकमा । अझ त्यसपछाडि चेक गणतन्त्र र जर्जिया १-१ अंकमा छन् ।

edf | Jamboree — Test Prep, Study Abroad & Visa

## आजको खेल

### समूह 'इ' अन्तिम चरण

**स्लोभाकियाविरुद्ध रोमानिया**
२१:४५ बजे

**युक्रेनविरुद्ध बेल्जियम**
२१:४५ बजे

### समूह 'एफ' अन्तिम चरण

**जर्जियाविरुद्ध पोर्चुगल**
००:४५ बजे

**चेक गणतन्त्रविरुद्ध टर्की**
००:४५ बजे






तस्बिर : एएफपी

**डर्टमन्डमा फ्रान्सविरुद्धको खेलमा देशको झन्डासहित पोल्यान्डका समर्थक ।**




# 'खेलाडीको खुट्टा भुइँमै रहोस्'

डुसेलडोर्फ (एएफपी)- स्पेनी प्रशिक्षक लुइस डे ला फोन्टेले सोमबार आफ्ना खेलाडीलाई भावनामा नबग्न सल्लाह दिएका छन् । स्पेनले युरोको समूह 'ए' मा सबै तीनै खेलमात्र जितेको छैन, यी खेलमा कुनै गोल पनि खाएको छैन । यो रह्यो, प्रदर्शनको पूर्णता । लिग चरणको अन्तिम खेलमा स्पेनले अल्बानियालाई १-० ले हराएको हो । स्पेनले सुरुमा क्रोएसियालाई ३-० ले हराएको थियो । त्यसपछि इटालीमाथि १-० को जित निस्कालेको थियो ।

त्यसको अर्थ तीनपल्टको युरोपेली च्याम्पियन फेरि एकपल्ट उपाधिका लागि सबैभन्दा बलियो प्रत्याशी साबित भएको छ । स्पेनतिरै पनि फुटबलप्रेमीमाझ यो टिमले केही गर्ने विश्वास बढ्न थालेको छ । 'सपना देख्नुमा कुनै शुल्क लाग्दैन । तर म चाहन्छु, हाम्रा खेलाडीको खुट्टा भुइँमै रहोस्,' प्रशिक्षक डे ला फोन्टेले भने । यसपल्टको स्पेनी जितमा बार्सिलोनाका फेरान टोरेसले १३ औं मिनेटमा गोल गरेका थिए । यो नै निर्णायक रह्यो ।

'सबै खेल गाह्रो थिए । तर हामीले ९ अंक जित्यौं अनि कुनै गोल पनि खाएनौं,' फोन्टेले थपे, 'हामीले आफ्नो संयमितता गुमाउनु हुन्न । साँचो के हो भने हामीले सुरुमै यस्तै प्रदर्शनको सपना देखेका थियौं ।'



**स्पेनी प्रशिक्षक लुइस डे ला फोन्टे**

तीन वर्षअगाडि लिग चरणमा च्याम्पियन भएको इटालीको जस्तो प्रदर्शन थियो, त्यस्तै प्रदर्शन यसपल्ट स्पेनको रह्यो । अधिकतम ९ अंक र 'क्लिनसिट' । प्रशिक्षक भन्छन्, 'हाम्रो टिममा अझै सुधार गर्नुपर्ने ठाउँ छ । यो किन भने हाम्रा खेलाडी अझ धेरै राम्रो खेल्न सक्षम छन् ।'

स्पेनले अब अन्तिम १६ को खेल आइतबार खेल्नेछ कोलोनमा । स्पेनको प्रतिद्वन्द्वी को हुने हो, त्यसका लागि भने प्रतीक्षा गर्नुपर्नेछ । समूहको तेस्रो स्थानमा रहने टिमबारे अझै टुंगो लाग्न बाँकी छ । यसैमध्ये एक टिम स्पेनको विपक्षमा खेल्नेछ । त्यो टिम जोसुकै होस्, एउटा तथ्य भने निश्चित छ, त्यो खेलमा स्पेनका प्रमुख खेलाडी फेरि मैदानमा देखिने छन् । त्यसमध्ये अधिकांश खेलाडीलाई भने अल्बानियाविरुद्ध आराम दिइएको थियो । प्रशिक्षक डे ला फोन्टेले १० खेलाडी परिवर्तन गर्दै अल्बानियाविरुद्ध टोली उतारेका थिए ।

'हाम्रो लक्ष्य त जित नै हो । हामी चाहन्थ्यौं, सबैले खेल्न पनि पाओस्, सबैको सहभागिता होस्,' फोन्टेले भने ।

अर्कोतर्फ अल्बानियाले जति धेरै मिहिनेत गरे पनि टिम अब घर फर्कनेछ । अल्बानियाले एकै अंकमात्र जित्न सकेको छ । त्यसैले यो टिम समूहको लिग तालिकामा पुछारमै रह्यो । सन् २०१६ मा युरोमा डेब्यु गर्दा अल्बानियाले एउटा जित भने निकालेको थियो । यसपल्टको कथा त्यस्तो रहेन ।

टिमका ब्राजिली प्रशिक्षक स्लेभिन्हो भन्छन्, 'मलाई आफ्ना खेलाडीको प्रदर्शनप्रति गर्व छ । हामीले त्यस्तो तीन टिमविरुद्ध खेल्यौं, जसलाई महान् भन्न मिल्छ । यो युरोले अल्बानियाको फुटबल र पूरा देशलाई दिन अनुभव बहुमूल्य छ । हाम्रा खेलाडीले आफूले सक्दो खेले र तिनले आफ्नो पूरा जीवन यसलाई बिर्सन सक्ने छैनन् ।'

अल्बानिया फिफा वरीयता ६६ औं स्थानमा रहेको छ । टोलीलाई पनि थाहा थियो, स्पेनलाई हराउन सकिन्न । टोलीले स्पेनविरुद्ध यसअघि खेलेका आठै खेलमा हार बेहोर्नुपरेको छ ।

# सबथोक ठीक छैन इटाली टिममा

लाइप्जिग (एएफपी)- इटाली युरोको नकआउट चरणमा त पुगिसकेको छ तर डिफेन्डिङ च्याम्पियनको टिमभित्र सबथोक भने ठिकठाक छैन । टिमलाई खुसी हुने बहाना मिलिरहेको छैन । माटिया जाकाग्नीले क्रोएसियाविरुद्ध खेलको अन्त्यतिर गरेको गोलमा इटाली अन्तिम १६ मा पुगेको हो । लुसियानो स्पालेटीको टिमले शनिबार बर्लिनमा हुने खेलमा स्विट्रल्यान्डको सामना गर्नेछ । त्यसअघि इटालीले चार दिनको आराम पाउनेछ ।

यसबीच इटालीसामु अवसर हुनेछ, स्पेनको पछाडि किन रह्यो र यो दूरी किन ५ अंकको रह्यो ? स्पालेटीको विशेषता भन्नु नै आक्रामक फुटबल रहेको छ, तर इटालीको अहिलेको टिमले त्यसको छेउछाउ पनि खेलिरहेका छैन । क्रोएसियाविरुद्धको खेल पनि त्यस अर्थमा निराशाजनक नै रह्यो । माटियाको गोलमा इटाली क्रोएसियालाई १-१ को बराबरीमा रोक्न सफल रह्यो । सम्भवत: स्पेनको प्रदर्शनमा इटालीलाई सिक्ने अवसर पनि मिल्नेछ ।


'जतिबेलासम्म फुटबलमा मौका सिर्जना गरिन्न, गोल हुने सम्भावना नै हुन्न । हामीले जित्नेबारे त सोचिरहयौं, तर साँच्चै जित आउने छ भनेर विश्वास गर्न सकेनौं । मलाई हाम्रा खेलाडीबाट अझ धेरै अपेक्षा छ, किनभने उनीहरू यसका लागि सक्षम छन् ।' माटियाको गोल लगभग खेलको अन्तिम प्रहारजस्तै थियो । यसले टिममा ठीक त्यही बेला अपार खुसी भने फर्काएको थियो । नत्र डर उत्पन्न भइसकेको थियो, कतै टिम प्रतियोगिताबाट बाहिरिने त होइन ?



**क्रोएसियाविरुद्ध अन्तिम समयमा बराबरी गोल गरेका इटालीका माटिया जाकाग्नी ।** तस्बिर : एपी

अर्कोतर्फ क्रोएसिया लगभग बाहिरिएको स्थितिमा छ । नत्र लुका मोड्रिचको गोलमा अग्रता लिएको क्रोएसियाले एक अर्को अविश्वसनीय प्रदर्शन गर्ने स्थिति तयार थियो । मोड्रिचले नवौं मिनेटमा गोल गरेका थिए । यसक्रममा उनी युरोमा गोल गर्ने सबैभन्दा पाका खेलाडी पनि बने । खेलका बेला उनी ३८ वर्ष २ सय ८९ दिनका थिए । उनले युरोमा अस्ट्रियाका इभान भास्टिकको नाममा रहेको पाका गोलकर्ताको कीर्तिमान उछिनेका हुन् ।

मोड्रिचले खेलपछि भने, 'यस्तो स्थितिमा जितबाट वञ्चित हुनुको दु:ख शब्दमा बयान गर्न सकिन्न ।' क्रोएसियाली प्रशिक्षक ज्लाट्को डालिचले भने जसरी खेलको अन्त्यमा अतिरिक्त समय थपियो, त्यसलाई स्वीकार गर्न सकिन्न । उनको भनाइ थियो, यो वाहियात नै हो । उनले दोस्रो हाफमा ८ मिनेट थप्नु वास्तवमै गलत रहेको दाबी गरे । यस्तो धेरै मिनेट प्राय: फुटबलका साना टिमविरुद्ध नै थप्ने गरेको आरोप पनि लगाए ।




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान